# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ७, अङ्क २, पूर्णाङ्क २७२ | २०७८ असार ३० गते बुधबार | Wednesday, 14 Jul 2021 | www.eratokhabar.com | मूल्य रु. १०


## स्वास्थ्यमा गम्भीर समस्या आएपछि नेकपाका नेता सुदर्शन अस्पताल भर्ना



**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय समितिका सचिवालय सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' लाई मुटुमा गम्भीर समस्या देखिएपछि शुक्रबार अपराह्न काठमाडौँको बाँसबारीस्थित गङ्गालाल हृदयकेन्द्रमा भर्ना गरिएको छ। अहिले उनको सीसीयूमा उपचार भइरहेको छ।

... बाँकी पृष्ठ ७ मा

# सहमति कार्यान्वयन नभएमा फेरि जनतामा जान्छौँ : महासचिव विप्लव

## 'यो सरकारको सट्टामा प्रगतिशील संयुक्त सरकार, संसदीय चुनावको सट्टामा जनमतसङ्ग्रह र संसदीय व्यवस्थाको सट्टामा वैज्ञानिक समाजवाद : हाम्रो विकल्प यही हो।'

**अशोक सुवेदी / काठमाडौँ**

नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले सर्वोच्च अदालतले केपी ओली सरकारको पतन र शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठन गर्न आदेश दिएपछि अदालतले संसद्वादी राजनीतिक पार्टीहरूको औचित्य समाप्त गरिदिएको संश्लेषण गरेका छन् । रातो खबरसँग विशेष कुरा गर्दै उनले भने, 'यसको राजनीतिक सार भनेको संसदीय व्यवस्थाको सङ्कट, दलाल पुँजीवादी सत्ताको सङ्कट नै हो भन्ने कुरा बुझाउँछ किनकि सैद्धान्तिक दृष्टिले पनि र सामाजिक, व्यावहारिक अवस्थामा पनि देशको राजनीतिक मामिलाहरूको फैसला गर्ने, निष्कर्ष निकाल्ने निकाय वा संस्था भनेका राजनीतिक पार्टीहरू र तिनले खडा गर्ने राजनीतिक संस्थाहरू नै हुन्। प्रतिनिधिसभा अथवा क्रान्तिकारी निकायहरूले नै फैसला गर्नुपर्छ। त्यसपछि कुनै कानुनी अल्झन उत्पन्न भएको अवस्थामा न्यायालयले त्यसमा सुझाव, सल्लाह दिनु स्वाभाविक कुरा हो। तर ठीक उल्टो के भइरहेको छ भने संसद्वादी राजनीतिक पार्टीहरू सङ्कटमा गइरहेका छन् । उनीहरूका संस्थाहरू निकम्मा साबित भइरहेका छन्।'



**अन्तरवार्ताको पूर्ण अंश पृष्ठ ३ मा**

महासचिव विप्लवले कुनै पनि संसद्वादी दलहरू राजनीतिक निर्णय लिने राजनीतिक हैसियतमा नरहेको र उनीहरूले सम्पूर्ण रूपले अदालतको सहारा लिनुपरेको पनि प्रस्ट पारे। उनले भने, 'यो भनेको राजनीतिक संस्था, पार्टी, नेतृत्व र संस्थाहरूको असफलता हो।'

अदालतले केपी ओली सरकार हटाएर शेरबहादुर देउवाको नेतृत्वमा गठबन्धन सरकार निर्माण गर्दैमा नेपालको संसदीय व्यवस्थामा मडारिएको सङ्कट समाधान नहुने पनि उनले प्रस्ट पारे। उनले भने, 'यो निकासले नेपालमा शान्ति, स्थिरता, सुव्यवस्था कायम हुन्छ त ? त्यो सम्भव छैन। झन् उल्टोतिर फर्काइदिएको छ । अदालतद्वारा, कतिसम्म भने राजनीतिक पार्टीहरूको हैसियत र अधिकार पनि खोसिदिनेसम्मको परिस्थिति बन्यो । त्यस्तै राजनीतिक

... बाँकी पृष्ठ ७ मा

## सरकारले सहमति कार्यान्वयन नगरे सङ्घर्ष : नेकपा



**हेटौँडा** । नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा मकवानपुर जिल्लाका इन्चार्ज नयनले नेपाल कम्युनिस्ट पार्टी र नेपाल सरकारबीच भएको तीनबुँदे सहमति कार्यान्वयनमा सरकारले ढिलासुस्ती गरिरहेको प्रस्ट पार्दै सहमतिप्रति

... बाँकी पृष्ठ ७ मा

## सरकारी भ्रष्टाचारका विरुद्ध लाग्न नेकपाको निर्देशन

**काठमाडौँ** ।नेकपा केन्द्रीय सदस्य तथा काठमाडौं इन्चार्ज प्रज्वल र केन्द्रीय सदस्य भृकुटीको विशेष उपस्थितिमा शत्रु रापुरमा राजनीतिक-वैचारिक प्रशिक्षण सम्पन्न भएको छ।

प्रशिक्षण कार्यक्रमका प्रमुख अतिथि प्रज्वलले पार्टी केन्द्रीय समितिका कार्यक्रमहरू कार्यान्वयन गर्न प्रशिक्षणमा सहभागी सम्पूर्णलाई निर्देशन दिए। स्थानीय सत्ता भ्रष्टाचारमा लिप्त भएको अवस्थामा पार्टीका कार्यकर्तालाई जनतामाझ प्रत्यक्ष जोडिन पनि उनले निर्देशन दिए।

... बाँकी पृष्ठ ७ मा

## महासचिव विप्लवले सुदर्शनलाई अस्पतालमा भेटे

**काठमाडौँ** । नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले पार्टी केन्द्रीय समिति सचिवालय सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' को स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिएका छन्। मङ्गलबार काठमाडौँस्थित सहिद गङ्गालाल हृदयकेन्द्र बाँसबारी पुगेर महासचिव विप्लवले नेता सुदर्शनको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिएका हुन् । भेटमा महासचिव विप्लवले सुदर्शनसँग वर्तमान राजनीतिक अवस्थाका बारेमा छोटो कुराकानी पनि गरेका थिए।

तत्कालीन नेकपाको मध्यकेन्द्रीय कमान्डको जिम्मेवारीमा रहेको बेला २०७५ साल चैत ९ गते काभ्रेको खानीखोलाबाट गिरफ्तार भएका सुदर्शन बिरामी परी गङ्गालाल

... बाँकी पृष्ठ ७ मा

## प्रवक्ता प्रकाण्डद्वारा नेता सुदर्शनसँग भेट





**रातोखबर संवाददाता / काठमाडौँ**

नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डले उपचाररत नेता हेमन्तप्रकाश ओली 'सुदर्शन' को स्वास्थ्यस्थितिको जानकारी लिँदै स्वास्थ्यलाभको कामना गरेका छन्।

काठमाडौँस्थित सहिद गङ्गालाल हृदयकेन्द्रमा शुक्रबारदेखि भर्ना गरिएका नेता सुदर्शनलाई विगत २८ महिनादेखि राज्यले विभिन्न मुद्दा लगाउँदै नख्खु जेलमा राखेको छ।

वार्ता टोली संयोजकसमेत रहेका प्रकाण्ड र नेकपा सचिवालय सदस्य कञ्चनले प्रधानमन्त्री केपी ओलीसँग असार २० गते भेटघाट तथा छलफल गरी सरकार र नेकपाबीच भएको तीनबुँदे सहमति कार्यान्वयन नभएकाले यथाशीघ्र सहमति कार्यान्वयनतर्फ अगाडि बढ्न ध्यानाकर्षण गराएका छन्।

शनिबार भएको भेटघाटमा बन्दी रिहाइसम्बन्धी भएको प्रयत्न र प्रगतिबारे

... बाँकी पृष्ठ ७ मा

## नेता आदर्शसहित १२ जनालाई नेकपा बाजुराद्वारा भव्य स्वागत

**मार्तडी, बाजुरा।**

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य चूडामणि ओली 'आदर्श' सहित १२ जना नेता तथा कार्यकर्तालाई नेकपा बाजुराले भव्य स्वागत गरेको छ । सर्वोच्च अदालतको आदेशपछि झन्डै २० महिनापछि बाजुरा कारागारबाट रिहा भएका उनीहरूलाई बिहीबार बाजुराको सदरमुकाम मार्तडीमा भव्य स्वागत गरिएको हो।

राजबन्दीलाई स्वागत गर्न आएका जनताले बाजुरा जिल्ला अदालतको गेटबाट सांस्कृतिक झाँकीसहित र्‍याली निकालेका थिए। र्‍याली बजारका विभिन्न ठाउँमा परिक्रमा गरी कार्यक्रममा परिणत भएको थियो।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा बाजुरा जिल्ला इन्चार्ज डबलबहादुर शाहले जेलको मोर्चा जितेर आएका राजबन्दीहरूलाई स्वागत गरेका थिए । उनले जेल पनि एउटा क्रान्तिको पाटो भएको बताउँदै दलाल सत्ताले लगाएको झूट्टा मुद्दाले क्रान्तिकारीहरूलाई झनै स्पातिलो बनाउने बताए। शाहले भने, 'जेलको मोर्चा पनि क्रान्तिको

... बाँकी पृष्ठ ७ मा

## जनगणतान्त्रिक सम्पर्क मञ्चको संयुक्त बैठक सम्पन्न

**रातोखबर संवाददाता / काठमाडौँ**

नेपाल कम्युनिस्ट पार्टी निकट जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समितिअन्तर्गत तीनवटा सम्पर्क मञ्चको बैठक संयुक्त रूपमा सम्पन्न भएको छ।

प्रतिबन्धपछि सिन्धुली-काठमाडौँ, खोटाङ-काठमाडौँ र सुनसरी-काठमाडौँ सम्पर्क मञ्चको पहिलो बैठक मञ्चको केन्द्रीय कार्यालय अनामनगरस्थित देवीनगरमा सम्पन्न भएको हो।

सिन्धुली-काठमाडौँ सम्पर्क मञ्चको १५ सदस्यीय समितिको बैठक सुनिल लामाको अध्यक्षतामा, खोटाङ-काठमाडौँ सम्पर्क मञ्चको ११ सदस्यीय समितिको बैठक अनिल राईको अध्यक्षतामा र सुनसरी-काठमाडौँ सम्पर्क मञ्चको ७ सदस्यीय समितिको बैठक लालबहादुर थापामगरको अध्यक्षतामा सम्पन्न भएको छ।

तीनवटै कार्यक्रमका प्रमुख अतिथि जनगणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय अध्यक्ष कमानसिंह रहेका थिए भने अतिथिहरू जनगणतान्त्रिक सम्पर्क मञ्चका महासचिव पूर्ण श्रेष्ठ, सचिवहरू सुशील बलम्पाकी, खेम प्रधान र कोषाध्यक्ष निश्चल थापा रहेका थिए।

उक्त कार्यक्रममा केन्द्रीय अध्यक्ष कमानसिंहले जतिसुकै अप्ठ्यारो परिस्थिति आए पनि सङ्गठनलाई इमानदारी र निष्ठासाथ अगाडि बढाउने बताए । सम्पर्क मञ्चसँग जोडिन पुगेका ७४ जिल्लासँग जोडी सङ्गठन विस्तार गर्ने उनले बताए । त्यसैगरी तीनवटै जिल्ला अध्यक्षले

... बाँकी पृष्ठ ७ मा

## संसदीय चुनाव बहिष्कार गर्छौं, जनमत सङ्ग्रहमा भाग लिन्छौँ : सन्तोष बुढामगर




**रातोखबर संवाददाता**

**सिर्जनानगर, रामेछाप** : नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय समितिका सचिवालय सदस्य एवम् केन्द्रीय जनपरिषद्का प्रमुख सन्तोष बुढामगर ' विषम' ले आफ्नो पार्टी कथित संसदीय मूलधारमा आएको नभई क्रान्तिकारी मूल धारको नेतृत्व गरिरहेको बताएका छन्।

नेकपा रामेछापले बिहीबार जिल्ला सदरमुकाम मन्थलीमा समसामयिक राजनीतिक विषयमा आयोजना गरेको पत्रकार भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा

... बाँकी पृष्ठ ७ मा

## जनमतसङ्ग्रह नै किन ?

**देश/परिवेश**

**गुणराज लोहनी**



कमरेड विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीले वर्तमान राजनीतिक समस्या समाधान गर्दै देश र जनतालाई समानता, समृद्धि र दिगो शान्ति कायम गर्नका लागि जनमतसङ्ग्रह गरी व्यवस्था चुन्ने अधिकार प्राप्त गरेर मात्र सम्भव भएको भन्दै आएको छ । जनताले पार्टी वा व्यक्तिलाई नभएर व्यवस्था चुन्न पाउनुपर्छ । त्यसैले अहिले दलाल संसदीय व्यवस्था ठीक कि वैज्ञानिक समाजवाद भनेर जनताले आफ्नो मतद्वारा छान्न पाउनुपर्दछ भन्दै नेकपाले जनमतसङ्ग्रहको माग गरेको छ। २०७७ साल फागुन २१ गते सरकार र तत्कालीन प्रतिबन्धित नेकपाका बीचमा भएको ३ बुँदे सहमतिको पहिलो बुँदाले यसैलाई इङ्गित गरेको छ। सहमतिको १ नम्बर बुँदामा 'दुवै पक्ष नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी देशका राजनीतिक समस्याहरू वार्ता र संवादबाट समाधान गर्न सहमत भएका छौँ' भनिनुले देशमा राजनीतिक समस्या रहेको छ, वर्तमान संरचना र सरकारले ती समस्याहरूलाई समाधान गर्न सकेका छैनन् भन्ने यथार्थलाई स्वीकार गरिएको छ। देशको यो यथार्थ अवस्थालाई स्वीकार गरिसकेपछि राज्य पक्ष इमानदार रहने हो भने सहमति लागू गर्न शान्तिपूर्ण विधिद्वारा समाधान गर्ने एक सही उपाय भनेको जनमतसङ्ग्रह हो।

नेकपाले दिएको जनमतसङ्ग्रहको नारालाई लिएर ३ खालका टिप्पणी हुने गरेका छन् :

एकथरी जो आफूलाई खाँटी क्रान्तिकारी ठान्छन् उनीहरूले बल प्रयोगबिना समाजवाद आउँदैन, त्यसैले नेकपाको यो नारा एकदमै सुधारात्मक र दक्षिणपन्थी भन्ने गरेका छन्। अर्काथरी छन्, उनीहरू कम्युनिस्ट आन्दोलन र विचारबाट पूर्ण रूपले विचलित भैसकेका छन्। उनीहरूको भनाइमा जनमतसङ्ग्रह भयो भने राजतन्त्र र हिन्दु राष्ट्र पुनः कायम हुन्छ। त्यसैले यो नाराले प्रतिगमन निम्त्याउँछ । तेस्रोथरी छन् जसले खासै प्रतिक्रिया नदिएको भए पनि पर्ख र हेरको नीति लिएका छन्। त्यसैले अहिलेको अवस्थामा जनमतसङ्ग्रहको नारा किन ठीक छ र यसले वैज्ञानिक समाजवादमा जानका लागि कसरी साधनको भूमिका निर्वाह गर्छ, यसबारेमा सङ्क्षिप्तमा विमर्श गर्दा उपयुक्त होला।

कुनै पनि नामको कम्युनिस्ट विचार, राजनीति र व्यवहारमा सही छ कि गल्ती छ भन्ने कुराको निर्धारण उसले लिएको रणनीति र कार्यनीतिलाई कसरी कार्यान्वयन गरेको छ भन्नेबाट स्पष्ट हुन्छ । उसले

... बाँकी पृष्ठ ५ मा

## सम्पादकीय

# केपी ओलीको पतन र देउवाको आगमन

## बन्दैछ वैज्ञानिक समाजवादको वातावरण

दलाल संसदीय व्यवस्थाभित्रको बैरागलाग्दो, पट्ट्यारलाग्दो र कहिल्यै नटुङ्गिने भेली खेलको अर्को निकृष्ट उदाहरण प्रस्तुत गर्दै सर्वोच्च अदालतले केपी ओलीको सरकार ढालिदिएको छ र ओलीलाई अन्तरघात गर्दै नेपाली काङ्ग्रेसको शरणमा पुगेका पुष्पकमल दाहाल, माधव नेपालहरूको सहारामा शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाइदिएको छ। यो अवस्थाको सटिक मूल्याङ्कन गर्दै नेकपाका महासचिव विप्लवले भनेका छन्, 'सर्वोच्च अदालतले संसद्वादी राजनीतिक दलहरूको औचित्य समाप्त पारिदिएको छ ।' महासचिव विप्लवले नेपालमा दलाल पुँजीवाद धराशयी भएकाले अब वैज्ञानिक समाजवाद स्थापनाको वातावरण पनि बन्दै गएको प्रस्ट पारेका छन् । ओली सरकारको पतन र शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएपछि विकसित नयाँ परिस्थितिका बारेमा रातो खबरलाई विशेष अन्तरवार्ता दिँदै महासचिव विप्लवले संसारभरकै संसद्वादीहरू अर्थात् प्रतिक्रियावादीहरूको साझा चरित्रअनुसार नै केपी ओली सरकार नेकपासँग गरेको वार्ता र सहमति कार्यान्वयन गराउन इमानदार नबनेको र अदालतले बनाइदिएको शेरबहादुर देउवा सरकारले पनि सहमति कार्यान्वयन नगरेमा जनतामा जाने प्रस्ट पारेका छन् । महासचिव विप्लवले अब नेपालमा संसदीय व्यवस्था पूर्णतः असफल भइसकेकाले प्रगतिशील संयुक्त सरकार गठन गरी जनमतसङ्ग्रहको माध्यमबाट दलाल पुँजीवादी व्यवस्था फालेर वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्ने धारणा व्यक्त गरेका छन् । दलाल पुँजीवादको विकल्प दलाल पुँजीवादकै अर्को पात्र नभएर वैज्ञानिक समाजवाद हो भन्ने विषय नेपाली जनताको घरघर र मनमनसम्म पुगिरहेको भन्दै महासचिव विप्लवले जनतालाई दुईटा खराब पात्रमध्ये एउटा वा दुईटा खराब पार्टी/सरकारमध्ये एउटा रोज्न बाध्य पार्नु नहुने र खराब संसदीय व्यवस्था र जनपक्षीय वैज्ञानिक समाजवादमध्ये एउटा रोज्ने वातावरण बनाउनका लागि समाजका सबै बौद्धिक वर्गहरूसँग छलफल र बहस भइरहेको पनि बताएका छन् । यस हिसाबले ओलीको पतनसँगै देउवाहरूको पनि पतन हुने र उनीहरूसँगै ढिलोचाँडो संसदीय व्यवस्थाको पतन भएर वैज्ञानिक समाजवाद स्थापना हुनेमा जनता आशावादी बनेको देखिन्छ ।

संसदीय व्यवस्था देश र जनताको रक्षा, विकास, समृद्धि गर्ने व्यवस्था होइन, यो बुर्जुवाहरूको गफ गर्ने अखडा हो भनेर महान् दार्शनिक कार्ल मार्क्सले उसै भन्नुभएको होइन । उहाँले भन्नुभएको थियो, 'अमेरिकादेखि स्विट्जरल्यान्डसम्म, फ्रान्सदेखि बेलायत, नर्वे र अन्य देशहरूसम्म संसदीय व्यवस्था भएका जुनसुकै मुलुकमा पनि नजर लगाउनोस्- वास्तविक 'राजकीय' कार्य त पर्दापछाडि हुन्छ र विभिन्न विभागहरू, कार्यालयहरू र अड्डाहरूले त्यो कार्य पूरा गर्दछन् । संसद्हरूमा चाहिँ 'सर्वसाधारण जनताको' आँखामा छारो हाल्ने विशेष उद्देश्य राखेर खालि गफ मात्रै हाँकिन्छ ।' आजसम्म नेपालका संसद्वादीहरूले फलाक्ने गरेको लोकतन्त्रमा लोकतान्त्रिक दल, तिनका नारा र चुनावी घोषणापत्रको हविगत के रहेछ, सर्वोच्चको एकै फैसलाले प्रस्ट पारिदिएको छ। विश्व सर्वहारा क्रान्तिका एक नायक लेनिनले 'राज्य र क्रान्ति' नामक आफ्नो प्रसिद्ध कृतिमा भन्नुभएको छ, 'संसदीय संवैधानिक राजतन्त्रहरूमा मात्र होइन, अपितु सबभन्दा लोकतान्त्रिक गणतन्त्रहरूमा समेत सत्तारूढ वर्गको कुनचाहिँ सदस्यले संसद्मा गएर जनताको दमन र उत्पीडन गर्ने हो भन्ने प्रश्नमा केही वर्षमा एकपल्ट (निर्वाचनको माध्यमबाट) निर्णय लिनु नै पुँजीवादी संसदीय व्यवस्थाको वास्तविक सार हो ।' आफ्नो बदनाम अनुहार जनतामा देखाउनसम्म लायक नभएका संसद्वादी पात्रहरूले यसबीचमा देखाएका हर्कतहरूका कारण जनता यो व्यवस्थाबाटै आजित भइसकेको बुझ्न सकिन्छ ।

जनताको आँखामा छारो हाल्ने भूमिका निर्वाह गर्न नेपालमा कहिले ओलीहरू त कहिले देउवा, नेपाल वा दाहाल नाउँ र थरका बुख्याँचाहरूलाई अघि सारिन्छ । देउवा नेपालको राष्ट्रियता, जनतन्त्र, जनजीविका तीनै विषयमा अत्यन्त घातक र बदनाम पात्र हुन् । दरबारसँग मिलेर सामान्य संसदीय व्यवस्थासमेत ध्वस्त बनाउने, पजेरो संस्कृति, पुरुषलाई सुत्केरी भत्ता संस्कृति सुरु गर्दै दरबारिया स्वार्थका लागि पार्टी फुटाउने र ज्ञानेन्द्र शाहलाई साथ दिने पात्र हुन् देउवा । त्यसैले उनको लोकतन्त्र नेपाली जनताले पचासको दशकमै देखिसकेका छन् । उनलाई साथ दिने माधव नेपाल दसकौँसम्म सहकार्य गरेका ओलीलाई धोका दिने पात्र हुन् भने पुष्पकमल दाहाल त झन् दसौँ हजार योद्धाको रगत, बलिदान र शौर्यमाथि गद्दारी गर्दै वर्गघात गरेर दलाल पुँजीवादमा लम्पसार परेका पात्र हुन् । बाबुराम भट्टराई, उपेन्द्र यादव वा दुर्गा पौडेलहरू अब नेपालको रूपान्तरणकारी राजनीतिमा लिइरहनुपर्ने नाउँ होइनन् । यी सबै पात्रका अनुहार र तिनका दलका घोषणापत्रहरू बिर्सिन चाहन्छन् जनता ।

यसरी घटनाक्रमहरूले देखाएका छन्- नेपालमा दलाल पुँजीवादी संसदीय व्यवस्था पूर्णतः असफल भएर वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाको वातावरण परिपक्व बन्दै गएको छ । यद्यपि २००६ सालमा कमरेड पुष्पलालको पहल र नेतृत्वमा स्थापित कम्युनिस्ट पार्टीले नै नेपालमा सामन्ती व्यवस्थाको अन्त्य गरी नयाँ जनवादी हुँदै समाजवादी व्यवस्था स्थापना हुने परिकल्पनाका साथ कम्युनिस्ट घोषणापत्र जारी गरेको थियो । सामन्ती, अर्धसामन्ती, औपनिवेशिक, अर्धऔपनिवेशिक, नवऔपनिवेशिक अवस्थाका विरुद्ध नेपाली जनताले कम्युनिस्ट पार्टीमा गोलबन्द भएर लामो सङ्घर्ष गरे । जहानियाँ निरङ्कुश राणाशासन, सामन्ती राजतन्त्र, राजतन्त्रात्मक संसदीय व्यवस्था, शाही फासिवाद, सङ्घीय लोकतन्त्रात्मक गणतन्त्र नाउँको संसदीय फासिवादका विरुद्ध निरन्तर किसान सङ्घर्षहरू, जनवर्गीय सङ्घर्षहरू, जातीय, क्षेत्रीय, लैङ्गिक सङ्घर्षहरू, झापा विद्रोह, बमकाण्ड, जनआन्दोलन, जनयुद्ध हुँदै नेपाली जनता एकीकृत जनक्रान्ति लडिरहेका छन् । निरङ्कुश जहानियाँ राणा शासनविरुद्ध लड्दालड्दै स्थापित कम्युनिस्ट आन्दोलनले दलाल पुँजीवादी फासिवादविरुद्धको क्रान्ति पूरा गरेर नेपाली क्रान्तिकारी आन्दोलनको एउटा महत्वपूर्ण चरण पार गर्ने देखिएको छ ।

उसै त पुँजीवाद, साम्राज्यवाद अर्थात् संसद्वाद जनविरोधी, राष्ट्रविरोधी शोषणप्रधान व्यवस्था हो । जनतालाई भेडाबाख्रा बनाएर विभिन्न गुलिया आश्वासनहरू बाँड्दै निरन्तर लुटिरहनु दलाल संसदीय व्यवस्था अर्थात् दलाल पुँजीवादको विशेषता हो । कम्युनिस्ट आन्दोलनभित्र उब्जिएको सुधारवाद, संशोधनवाद र आत्मसमर्पणवादका कारण समाजवादी सत्ता र त्यसका भ्रूणहरूमाथि तातो खरानी छर्ने र प्रतिक्रान्ति लाद्ने दुष्कर्महरू भए । संसारैभरि बनमाराझैँ झाँगिएको साम्राज्यवाद, विभिन्नखाले मुखुन्डो लगाएका संशोधनवाद, प्रतिक्रियावादी, संसद्वादी दलहरूबीचको किचलो र संसदीय व्यवस्थाभित्र देखिएका घिनलाग्दा, फोहोरी खेल र दृश्यहरूका कारण नेपाली जनता आजित भइसकेका छन् । यसर्थ अबको निकास भनेकै वैज्ञानिक समाजवाद हो ।

# संसदीय व्यवस्थाको उत्थान र पतन



रामलाल विश्वकर्मा

नेपालमा दलाल पुँजीवादी संसदीय व्यवस्था पूरै असफल भएको सन्दर्भमा यस विषयमा व्यापक बहस प्रारम्भ भएको छ । पुँजीवादीहरूले यो बहसलाई व्यवस्था कि व्यक्ति भन्नेमा केन्द्रित गरेर विषयान्तर गर्न खोजेका छन् । व्यक्तिको दोष देखाएर व्यवस्थाको दोषलाई ढाकछोप गर्न खोजिरहेका छन् । व्यक्तिमा पनि बूढा र युवाको तुलना गरेर विचार र दृष्टिकोणको विषयलाई उमेर तथा भौतिक शरीरमा सीमित गर्ने धृष्टता गरिएको छ । कतिपयले व्यवस्थाभित्र पनि शासकीय स्वरूपलाई मात्र फेरबदल गरेर पुँजीवादी संसदीय व्यवस्थाको मूल चरित्रलाई बचाई यसको आयु लम्ब्याउने कोसिस गरिरहेका छन् । पर्दा पछाडिबाट प्रतिगमनकारी षड्यन्त्रको गन्ध पनि आइरहेको महसुस गर्न सकिन्छ । यही सेरोफेरोमा पुँजीवादी संसदीय व्यवस्था के हो, यसको उत्पत्ति र विकास कसरी भयो, यसका कमजोरी के छन् र पछिल्लो अवस्थामा यसको चरित्र र रूप कस्तो रहेको छ अथवा यसको उत्थान र पतन कसरी भयो भन्ने विषयमा यहाँ सामान्य चर्चा गर्ने जमर्को गरिएको छ ।

बेलायतमा आजभन्दा करिब एक हजार वर्ष पहिलेको इतिहासलाई संसदीय शासन प्रणालीको विकासक्रमसँग जोड्न सकिन्छ । त्योभन्दा केही शताब्दी पहिलेबाट विकास भएको वेस्टमिन्स्टरल संसदीय प्रणाली संसारभरि फैलियो । नेपालको संसद् भवन काठमाडौँको 'सिंहदरबार' भन्ने स्थानमा अवस्थित भएजस्तै बेलायतको राजधानी लन्डनको पश्चिमी भागमा अवस्थित स्थानको नाम 'वेस्टमिन्स्टर' हो । वेस्टमिन्स्टर भन्ने ठाउँमा त्यहाँको संसद् बस्ने भएकाले यसको नाम वेस्टमिन्स्टर प्रणाली रहन गयो । संसद्बाट शासन सत्ता सञ्चालन हुने भएकाले पछि आएर यसको नाम संसदीय व्यवस्था हुन पुग्यो । संसदीय शासन प्रणालीको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा यसको सुरुआत ११ औँ शताब्दीतिर 'संसद्' को अङ्ग्रेजी शब्द 'एबचषिबलत' को प्रयोग सर्वप्रथम 'चान्सन डी रोल्यान्ड' (Chanson De Roland) भन्ने लेखमा गरिएको थियो । फ्रेन्च भाषाको ' पाली' भन्ने शब्दबाट आएको अङ्ग्रेजी शब्द 'Parliament` को शाब्दिक अर्थ 'कुरा गर्ने पसल' (Talking Shop) हुन्छ । वास्तवमा बुर्जुवा प्रजातन्त्रको थालनी प्राचीन ग्रिस नगर राज्यहरूबाट भएको पुस्ट्याइँ विभिन्न राजनीतिक ग्रन्थहरूमा पाइए पनि वास्तविक संसदीय प्रणालीको उत्पत्ति र ऐतिहासिक पृष्ठभूमि खोज्नुपर्‍यो भने संयुक्त अधिराज्य (बेलायत) कै ऐतिहासिक अवस्थाको उल्लेख गर्नुपर्ने हुन्छ । आधुनिक प्रजातान्त्रिक प्रणालीको विकास मध्ययुगको अन्त्यदेखि पश्चिमी युरोपबाटै भएको ठानिन्छ । पूर्वीय सभ्यतामा पनि राजनीतिक प्रणालीको विकासको प्राचीन इतिहास छ तर यस आलेखमा हामीले संसदीय प्रणालीका बारेमा चर्चा गरिरहेकाले पश्चिमी राजनीतिक इतिहास र त्यसमा पनि बेलायतका बारेमा विषयवस्तु केन्द्रित गरिएको छ ।

संसदीय शासन प्रणालीमा साधारणतया सरकार प्रमुख र राष्ट्र प्रमुख फरकफरक व्यक्ति हुन्छन् । सरकार प्रमुख र राष्ट्र प्रमुख एउटै व्यक्ति हुने शासन प्रणाली अथवा राष्ट्रपतीय शासन प्रणालीलाई पनि एक किसिमको संसदीय शासन प्रणाली भन्न सकिन्छ । संसदीय शासन प्रणालीमा साधारणतया सरकार प्रमुख र राष्ट्र प्रमुख फरकफरक व्यक्ति हुन्छन् । यसरी संसदीय शासन प्रणालीका खासगरी दुईवटा प्रकार देखा परे : पहिलो वेस्टमिन्स्टरल संसदीय शासन प्रणाली र अर्को राष्ट्रपतीय संसदीय प्रणाली । यसका साथै मिश्रित एवम् सहमतीय स्वरूप भएका शासन प्रणाली पनि संसदीय व्यवस्थाभित्र पर्दछन् ।

राजाले आफ्नो राजकाजलाई सजिलो बनाउन सुरुमा पादरीहरू (पुरोहित) को छुट्टै बैठक 'कन्भोकेसन' (Convocation), सामन्तको बैठकलाई 'हाउस अफ लर्ड्स' (ज्यगकभ या ियचमक) र नागरिक प्रतिनिधिहरूका बैठकलाई 'हाउस अफ कमन्स' (Hose of Commons) (यद्यपि नागरिक प्रतिनिधि भनिए पनि ती धनी व्यापारी र नामुद व्यक्ति नै हुन्थे) भन्न थालियो । यसलाई एकमुष्ट रूपमा सदन (House) भन्न थालियो । पछि सामन्त र पादरीहरू एकै ठाउँमा केन्द्रित हुन पुगे जसलाई माथिल्लो सदन भनियो र अर्को तल्लो सदन हुन गयो र संसदीय व्यवस्था द्वि-सदनात्मक बन्न पुग्यो । संसद् द्वि-सदनात्मक भए पनि प्रारम्भमा राज्य सञ्चालनसम्बन्धी अधिकार तल्लो सदनलाई थिएन र १६ औँ शताब्दीको सुरुआतसम्म आइपुग्दा तल्लो सदनले राजा, सामन्त र पादरीका तर्फबाट पेस भएका प्रस्तावहरू 'हुन्छ' भन्नेबाहेक केही गर्न सक्दैनथ्यो । राजा, सामन्त, पादरी, धनी व्यापारी र समाजका शक्तिशाली व्यक्तिहरूको शक्ति सङ्घर्ष र शक्ति बाँडफाँटको परिणामस्वरूप संसदीय व्यवस्थाको विकास भएको हो । कालान्तरमा आएर राजामाथि सामन्त, पादरी र धनी व्यापारी हाबी हुन पुगे जसको परिणामस्वरूप राजालाई संवैधानिक अर्थात् सेरेमोनियल अधिकारमा सीमित गरियो । राज्य सञ्चालनमा राजालाई पनि स्थान (space) दिनुपर्ने भएकाले संवैधानिक राष्ट्रप्रमुखको अवधारणा विकास भयो । अन्यथा गणतान्त्रिक देशमा सेरेमोनियल राष्ट्रप्रमुख राख्नु आवश्यक नै थिएन र छैन ।

संसदीय व्यवस्थामा सांसदको काम पहिला सरकारको नीति तथा कार्यक्रम पास गर्नु, बजेट पास गर्नु र राज्यका विभिन्न कानुन बनाउनु वा परिमार्जन गर्नु मात्रै थियो । प्रधानमन्त्री नियुक्त गर्ने काम पछि मात्र थपिएको हो । संसद्सँग कार्यकारी अधिकार नभएकाले यसलाई गफ गर्ने थलो भनिएको हो । यसरी विकसित भएको संसदीय व्यवस्थालाई विश्वका विभिन्न राष्ट्रले आफ्नो अनुकूल एक वा दुई सदनात्मक शैलीमा अपनाएको पाइन्छ । व्यवस्थापिकाको गठन विधिका आधारमा विश्वमा मुख्य रूपले दुई प्रकारका व्यवस्थापिकाहरू पाइन्छन्- वेस्टमिन्स्टर मोडेल (Westminster Model) र अमेरिकन मोडेल (American Model) । वेस्टमिन्स्टर मोडेलमा राजा वा राष्ट्राध्यक्षलाई संसद्को अभिन्न अङ्ग मानिन्छ । राष्ट्राध्यक्षले प्रयोग गर्ने व्यवस्थापिकीय अधिकारहरू राष्ट्राध्यक्षले प्रयोग गर्दछन् । यस्ता संसद्मा मन्टेस्क्युको शक्ति पृथकीकरण (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबीच नियन्त्रण र सन्तुलन) को सिद्धान्तलाई अपेक्षाकृत लागू गर्ने प्रयास गरिएको मानिन्छ । यो प्रणालीलाई राष्ट्रपतीय, मिश्रित वा सहमतीय भनिए पनि यी प्रणाली पनि संसदीय व्यवस्थाअन्तर्गत पर्दछन् । फ्रान्स, इटाली, पाकिस्तान, जापान, नर्वे, नेदरल्यान्ड, पोर्चुगल, अमेरिका आदि यसका उदाहरण हुन् ।

सामान्यतया संसदीय व्यवस्था र लोकतन्त्रलाई पर्यायवाचीका रूपमा लिने गरिन्छ । बहुलवाद, व्यक्तिगत स्वतन्त्रता, मानवअधिकार, विधिको शासन, वाक्स्वतन्त्रता, आवधिक निर्वाचन र शक्ति पृथकीकरण संसदीय लोकतन्त्रका आधारभूत सिद्धान्तका कडी मानिन्छन् तर आवधिक निर्वाचनबाहेक यसका अन्य पक्ष आज हात्तीको देखाउने दाँतमा परिणत भएका छन् । त्यसैले त लेनिनले 'राज्य र क्रान्ति' नामक आफ्नो प्रसिद्ध कृतिमा भन्नुभएको छ, 'संसदीय संवैधानिक राजतन्त्रहरूमा मात्र होइन, अपितु सबभन्दा लोकतान्त्रिक गणतन्त्रहरूमा समेत सत्तारूढ वर्गको कुनचाहिँ सदस्यले संसद्मा गएर जनताको दमन र उत्पीडन गर्ने हो भन्ने प्रश्नमा केही वर्षमा एकपल्ट (निर्वाचनको माध्यमबाट) निर्णय लिनु नै पुँजीवादी संसदीय व्यवस्थाको वास्तविक सार हो ।' फेरि पुँजीवादीहरूले निर्वाचन प्रणाली पनि केही निश्चित अभिजात एवम् कुलीन वर्ग पैसा र राज्यशक्तिको बलमा जित्ने बनाउँछन् । धेरैजसो पुँजीवादी संसदीय व्यवस्थामा प्रयोगमा ल्याइने निर्वाचन प्रणाली अर्थात् 'पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली' (first past the post election system) सिद्धान्त र प्रक्रियाका हिसाबले पनि अल्पमतमा आधारित छ । सय प्रतिशत मतभारमा धेरै उम्मेदवार उठेका हुन्छन् जसमध्ये सबैको तुलनामा बढी मत प्राप्त गर्ने व्यक्तिलाई विजयी घोषित गरिन्छ जब कि कहिलेकहीँ हार्नेहरूको मतसङ्ख्या जोड्दा बढी हुन आउँछ । जनताबाट निर्वाचित हुने जनप्रतिनिधिहरू प्रत्यक्ष शासन सञ्चालनमा सहभागी हुँदैनन् । उनीहरूको काम प्रधानमन्त्री नियुक्त गर्ने, सरकारको नीति तथा कार्यक्रम स्वीकृत गर्ने, बजेट पास गर्ने तथा मुख्यतः ऐन-कानुन निर्माण गर्ने भनिए पनि तिनलाई लागू गर्ने सवालमा यिनीहरूको कुनै भूमिका हुँदैन । ती विषयहरू पनि सरकारले निर्माण गरेर औपचारिकताका लागि मात्र वर्षमा एकदुईपटक संसद्को अनुमति लिनका लागि पेस गरिन्छ । कार्यान्वयनको सवालमा आफूखुसी काँटछाँट गरेर लागू गर्ने वा कतिपय लागू नगरे पनि हुने सरकारलाई पूरै स्वतन्त्रता हुन्छ । अझ अवरोध आएमा थुप्रै कानुनी र नीतिगत कुरा अध्यादेशमार्फत निकास निकाल्ने संवैधानिक व्यवस्था गरिएको हुन्छ यद्यपि सदन नचलेको बेलामा छ महिनापछि संसद्बाट अनुमोदन गर्ने गरी भनिएको हुन्छ तर यसको भित्री उद्देश्य संसद् छल्नकै लागि हो भन्ने कुरा अहिलेसम्मका संसदीय अभ्यासले पुष्टि गर्दछन् । अमेरिकादेखि स्विट्जरल्यान्डसम्म, फ्रान्सदेखि बेलायत, नर्वे र अन्य देशहरूसम्म संसदीय व्यवस्था भएका जुनसुकै मुलुकमा पनि नजर लगाउनोस्- वास्तविक 'राजकीय' कार्य त पर्दापछाडि हुन्छ र विभिन्न विभागहरू, कार्यालयहरू र अड्डाहरूले त्यो कार्य पूरा गर्दछन् । संसद्हरूमा चाहिँ 'सर्वसाधारण जनताको' आँखामा छारो हाल्ने विशेष उद्देश्य राखेर खालि गफ मात्रै हाँकिन्छ । संसदीय व्यवस्थाको ठीक यही चरित्रलाई इङ्गित गर्दै मार्क्सले संसद् भनेको बुर्जुवाहरूको गफ गर्ने थलो हो भन्नु भएको हो । बेलायतको राजतन्त्रकालमा राजाले सामन्त, पादरी, धनी व्यापारी र समाजका नामुद व्यक्तिहरूलाई उनको माग राख्ने थलोका रूपमा यस सभालाई प्रयोग गरेका थिए र राज्य सञ्चालन आफ्नो राज्यका छुट्टै निकायहरूमार्फत गर्थे । प्रारम्भमा राजालाई आफ्नो शासन व्यवस्था टिकाउन बनाइएको प्रणाली पछि आएर राजतन्त्र फालिएका गणतान्त्रिक मुलुकहरूमा पनि विरासतकै रूपमा लागू गरियो । संसदीय व्यवस्थामा पहिला संसद् जनताको आँखामा छारो हाल्न गफ गर्न प्रयोग गरिन्थो जब कि राज्य र सरकारले आफ्नो काम अन्य निकायबाटै सम्पन्न गर्थ्यो तर आज संसद् मात्रै होइन, संविधान, ऐन-कानुन र नीति-कार्यक्रम पनि देखाउनकै लागि मात्रै निर्माण गरिन्छन् जब कि व्यवहार अर्कै गरिन्छ ।

संसदीय व्यवस्थामा प्रधानमन्त्री संसद्ले नियुक्त गर्ने भएकाले ऊ जनताप्रति होइन, संसद्प्रति उत्तरदायी हुन्छ । अझ हाम्रोजस्तो नवऔपनिवेशिक देशमा त झन् साम्राज्यवादीहरूको सजिलै गोटी बन्ने खतरा रहिरहन्छ । पुँजीवादी संसदीय व्यवस्थामा एउटै व्यक्ति सरकार प्रमुख र सांसद पनि हुने भएकाले त्यहाँ कतिपय दोहोरोपना (overlapping) समेत हुने गरेको देखिन्छ । त्यस्तै, संसद्मा बहुमतमा भएको दलको सरकार र सत्ता हुने भएकाले अन्य राजनीतिक शक्ति र पार्टीको खासै अर्थ र भूमिका हुन्न भन्ने मानिन्छ । तर फेरि कहिलेकहीँ संसद्मा सङ्ख्यात्मक बहुमतको अर्थपूर्ण महत्व र भूमिका हुने भएकाले एउटै दल र शक्तिको स्पष्ट बहुमत नभएको अवस्थामा सांसदको खरिदबिक्री खसी-बोका किनेजस्तो गरी हुने गरेका नकारात्मक दृष्टान्त पनि छन् । संसदीय व्यवस्थामा प्रधानमन्त्री एउटा मनोनीत पद हो जो ऊजस्तै निर्वाचित भएका अन्य सांसदहरूबाट मनोनीत भएको हुन्छ तर आफूजस्तै एउटा निर्वाचनबाट निर्वाचित भएर तिनै सदस्यहरूबाट मनोनीत भएको प्रधानमन्त्रीले आवश्यक पर्दा संसद् विघटन गर्छ । वास्तवमा बेलायतको राजतन्त्रकालमा पहिला सदन र सरकारको नेतृत्व राजा आफैँले गर्ने बेलामा संसद् भङ्ग गर्ने विशेषाधिकारसहितको व्यवस्था कालान्तरमा राजतन्त्रको अन्त्यपछि गणतान्त्रिक व्यवस्था भएका देशमा समेत अपनाइयो । संसदीय व्यवस्था भएका अधिकांश मुलुकहरूमा व्यवस्थापिका (संसद्) को भूमिका कार्यकारी अथवा कानुन र नीति कार्यान्वयन गर्ने नहुँदा व्यवस्थापिका र कार्यपालिकाको भूमिका एउटैजस्तो वा संसद् अर्थहीनजस्तो हुने गरेको छ । नेपालजस्तो नवऔपनिवेशिक देशमा जहाँ राजनीतिक र प्रशासनिक प्रतिनिधिहरू दलाल हुने भएकाले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकासमेत एउटै हुने गरेको पाइन्छ । अहिले नेपालमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच देखिएको अन्तरविरोध र टक्कर संसदीय व्यवस्थाको यही दोषको परिणाम हो ।

१८ औँ शताब्दीमा सामन्तवादविरुद्धको सङ्घर्षका क्रममा पुँजीवादी संसदीय राज्य व्यवस्थाको निर्माण भएको हो । फ्रान्स, बेलायतलगायत नवजात पुँजीपतिहरूले स्वतन्त्रता, समानता र भातृत्वको नारा लगाउँदै पश्चिम युरोपका थुप्रै देशमा पुँजीवादी क्रान्ति सम्पन्न गरे । त्यतिखेर पुँजीपति वर्ग सामन्तवादभन्दा प्रगतिशील थियो र त्यसले अगाडि सारेको राजनीतिक प्रणाली अर्थात् संसदीय व्यवस्था पनि एक हदसम्म प्रगतिशील थियो । नवउदीयमान पुँजीवाद मध्ययुगीन सामन्तवादको तुलनामा प्रगतिशील भए पनि जब पुँजीवादको विकासका साथसाथै मजदुर वर्गको पनि जन्म भयो, जब पुँजीपति वर्ग मजदुर वर्गको श्रमशक्तिको शोषण गरी बाँच्ने परजीवी वर्गका रूपमा देखापर्‍यो जब पुँजीवाद साम्राज्यवादमा विकसित भयो वा भनौँ पतन भयो र त्यसले आफ्नो देशका मजदुर तथा श्रमजीवी वर्ग मात्र होइन अविकसित देशहरू विशेषगरी तेस्रो विश्वका देशका जनताको शोषणका लागि पुँजी निर्यात एवम् खुला सैनिक आक्रमण, हस्तक्षेप र कब्जा गरी उपनिवेशसमेत बनाउन पुग्यो, त्यसबेलादेखि पुँजीवादको अर्थ युद्धपिपासु र लुटेरा साम्राज्यवाद बन्न पुग्यो । आज पुँजीपति वर्गको संसदीय लोकतन्त्रको प्रगतिशीलता समाप्त भएको छ । फलस्वरूप स्वतन्त्रता, समानता र भातृत्वको नारा दिने पुँजीपति वर्ग व्यावहारिक रूपमा श्रमजीवी जनताको स्वतन्त्रता, समानता र भातृत्वका विरुद्ध खडा भयो र त्यसले मुखमा लोकतन्त्र र हातमा बन्दुकको सहारा लिएर जनतामाथि तानाशाही र फासिवाद लाद्न पुग्यो । यही प्रसङ्गमा माओले राज्यसत्ता बन्दुकको नालमा टिकेको हुन्छ भन्नुभएको हो ।

वेस्टमिन्स्टरल मोडेलको पुँजीवादी संसदीय व्यवस्था विश्वका अधिकांश मुलुकहरू विशेषगरी बेलायती पूर्वउपनिवेश देशहरू जसलाई राष्ट्रमण्डल (commonwealth of nations) भनिन्छ मा अभ्यास गरिएका छन् । नेपालको वर्तमान शासन प्रणाली पनि बेलायत विशेषगरी भारतबाट बढी प्रभावित छ । बाहिरबाट आयातित भए पनि बेलायतमा जस्तै नेपालमा पनि संसदीय व्यवस्था राजतन्त्र (सामन्तवाद) र पुँजीवाद (नोकरशाहसहित) बीचको सङ्घर्षबाट गुज्रिँदै आएको छ । २००७ सालको परिवर्तनपछि राणा, राजा र नेपाली काङ्ग्रेसको बीचमा त्रिपक्षीय सत्ता साझेदारी भयो तर राजा र राणाको बनिबनाउ राज्यप्रणालीमा आधार भूत फेरबदल नगरीकन संसदीय चुनावमा गएकाले २०१५ सालमा चुनावबाट स्थापित संसद् र सरकार भङ्ग गरी २०१७ साल पुस

... बाँकी पृष्ठ ८ मा



### केपी ओलीको पतनपछि महासचिव विप्लवको ताजा अन्तरवार्ता

# ओली सरकार सहमतिप्रति इमानदार बनेन, जनतामा जान्छौँ

**विप्लव**
महासचिव
नेपाल कम्युनिस्ट पार्टी

*नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले केपी ओली सरकारको पतन भएर शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएपछि विकसित नयाँ परिस्थितिका बारेमा रातो खबरलाई विशेष अन्तरवार्ता दिएका छन् । रातो खबर प्रकाशन गृहका सम्पादक अशोक सुवेदीलाई दिएको अन्तरवार्तामा महासचिव विप्लवले केपी ओली सरकार नेकपासँग गरेको वार्ता कार्यान्वयन गराउन इमानदार नबनेको र अदालतले बनाइदिएको शेरबहादुर देउवा सरकारले पनि सहमति कार्यान्वयन नगरेमा जनतामा जाने प्रस्ट पारेका छन् । महासचिव विप्लवले अब नेपालमा संसदीय व्यवस्था पूर्णतः असफल भइसकेकाले प्रगतिशील संयुक्त सरकार गठन गरी जनमतसङ्ग्रहको माध्यमबाट दलाल पुँजीवादी व्यवस्था फालेर वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्ने धारणा व्यक्त गरेका छन् । प्रस्तुत छ उक्त अन्तरवार्ताको पूर्ण अंश ।*

» ***संसदीय व्यवस्थाभित्र विकसित घटनाक्रमहरूलाई कसरी लिनुभएको छ ?***

पहिलो कुरा त हिजो अदालतको फैसला आयो र शक्तिमा रहेको केपी ओली सरकार ध्वस्त भएर शेरबहादुर देउवाको नेतृत्वमा नयाँ सरकार बन्ने फैसलासँगै नयाँ सरकार बनेको छ । यसको राजनीतिक सार भनेको संसदीय व्यवस्थाको सङ्कट, दलाल पुँजीवादी सत्ताको सङ्कट नै हो भन्ने कुरा बुझाउँछ किनकि सैद्धान्तिक दृष्टिले पनि र सामाजिक, व्यावहारिक अवस्थामा पनि देशको राजनीतिक मामिलाहरूको फैसला गर्ने, निष्कर्ष निकाल्ने निकाय वा संस्था भनेका राजनीतिक पार्टीहरू र तिनले खडा गर्ने राजनीतिक संस्थाहरू नै हुन् । प्रतिनिधिसभा अथवा क्रान्तिकारी निकायहरूले नै फैसला गर्नुपर्छ । त्यसपछि कुनै कानुनी अल्झन उत्पन्न भएको अवस्थामा न्यायालयले त्यसमा सुझाव, सल्लाह दिनु स्वाभाविक कुरा हो । तर ठीक उल्टो के भइरहेको छ भने संसद्वादी राजनीतिक पार्टीहरू सङ्कटमा गइरहेका छन् । उनीहरूका संस्थाहरू निकम्मा साबित भइरहेका छन् । कुनै पनि राजनीतिक निर्णय लिने राजनीतिक हैसियतमा छैनन् । त्यसो भएकाले उनीहरूले सम्पूर्ण रूपले सहाराचाहिँ न्यायपालिका भनौँ वा अदालतसँग लिनुपरेको छ । त्यो भनेको राजनीतिक संस्था, पार्टी, नेतृत्व र संस्थाहरूको असफलता हो ।

दोस्रो कुरा, यो निकासले नेपालमा शान्ति, स्थिरता, सुव्यवस्था कायम हुन्छ त ? त्यो सम्भव छैन । झन् उल्टोतिर फर्काइदिएको छ । अदालतद्वारा, कतिसम्म भने राजनीतिक पार्टीहरूको हैसियत र अधिकार पनि खोसिदिनेसम्मको परिस्थिति बन्यो । त्यस्तै राजनीतिक दलहरूमा ह्विप नै लागू गर्न नपाइनेजस्ता जुन प्रकारका निर्णयहरू भएका छन्, यो त के हो भने लगभग राजनीतिक पार्टीहरूको औचित्य समाप्त गरिदिएको कुरा हो । कोही मान्छे रमाए पनि, कोही दुःखी भए पनि त्यसको कुनै अर्थ छैन । रमाउनेहरूका लागि पनि त्यो एक छिनको आत्मरति मात्रै हो । यसको परिणाम भनेको फेरि पनि अस्थिरता, अनिश्चयता र अराजकता नै हुन्छ । जनतालाई पनि यो कुरा स्वीकार्य छैन । संसदीय पार्टीहरूको सङ्कट, असफलता, संसद्वादी पार्टीहरूमा विकृतिहरू मच्चिएको छ, यसमा जनता सहमत छैनन् । उनीहरूको असफलताले जनताले क्षति उठाउनुपर्ने, भोग्नुपर्ने, देशले क्षति भोग्नुपर्ने अवस्था उत्पन्न गरिएको छ, यसमा जनता सहमत छैनन् । जनताले शान्ति, स्थिरता, स्वाधीनता चाहेका छन् । त्योचाहिँ यो राज्यप्रणाली र यो व्यवस्थाबाट हुँदैन र आमूल परिवर्तनद्वारा होओस् भन्ने जनताको चाहना छ । त्यसकारण यो निर्णयले कुनै त्यस्तो नयाँ विश्वासको वातावरण वा स्थिरता, स्वाधीनता दिन सक्तैन ।

अर्को कुरा, हाम्रो पार्टीको धारणा छ, देशमा जुन खालको सङ्कट, अस्थिरता, अराजकता उत्पन्न भएको छ, विदेशीहरूको हस्तक्षेप बढेको छ, निर्लज्ज प्रकारको चलखेल बढेको छ । विभिन्न गैरसरकारी संस्थादेखि लिएर कूटनीतिक नियोगदेखि जासुसी संस्थासम्म सबैको चलखेल बढेको छ । यी सबै कुरालाई एकै ठाउँमा ल्याएर हेर्दा देशमा एउटा आमूल परिवर्तन चाहिएको छ । जनताले त्यसको निर्णय लिन पाउनुपर्छ । हामीले भनेका छौँ- जनताकै मतद्वारा एकचोटि नेपालमा संसदीय व्यवस्था कि वैज्ञानिक समाजवाद ? दलाल पुँजीवादी सत्ता कि वैज्ञानिक समाजवाद भन्ने विषयमा जनमत जाहेर गर्नु आवश्यक छ । त्यो अधिकार जनतालाई प्रदान गर्नुपर्छ र जनमतसङ्ग्रह आयोजना गर्नुपर्छ । त्यो अधिकार जनताले पाए भने त्यसको फैसलाबाट मात्र देशमा निकासको दीर्घ समाधान आउँछ भन्ने प्रस्ताव हाम्रो छ । यो कुरा अहिले पनि हामीले राखिराखेका छौँ । विभिन्न पार्टीसँग हाम्रो छलफल पनि चलिराखेको छ । हामी छलफल गर्छौं पनि, जस्तै नेपाली काङ्ग्रेस, माओवादी केन्द्र, एमाले, जनता समाजवादी पार्टीहरूले कसरी सोचेका छन्, त्यसबारेमा उनीहरूसँग छलफल गर्ने हामीले सोचेकै छौँ । एमाले पार्टी र उसको सरकारसँग त हाम्रो तीनबुँदे सहमति भएकै थियो । तर त्यसलाई लागू गर्ने कुरामा सरकार इमानदार हुन सकेन । संसद्वादीहरूको अन्तर र्राष्ट्रिय प्रवृत्ति, खालि आशङ्का, दबाब, मोलतोलमा चल्ने खालको प्रवृत्तिले काम गऱ्यो । त्यसैले उसले सहमति लागू गरेको छैन । यी सबै विषयमा हामी छलफल गर्छौं र संयमपूर्वक देशलाई अग्रगमन, रूपान्तरण र परिवर्तन दिनुपर्छ भन्ने हाम्रो स्पष्ट खाका छ र यो विषय र एजेन्डामा हामी छलफल गर्छौं । त्यसैले हिजोको परिघटनाबाट देश र जनताले खासै केही पनि नयाँ कुरा पाउँदैनन् । कोही आशावादी भएको पनि देखिँदैन । नितान्त पार्टीहरूबीचको आपसी सौदाबाजी, मोलतोल, लडाइँभिडन्त मात्र हो भनेर जनताले बुझिराखेका छन् । जनताले चाहेको दीर्घकालीन समाधान हो । त्योचाहिँ जनताको मतद्वारा नै दिनुपर्छ भन्ने सबैको छ । हामी यस विषयमा फेरि नयाँ पहल र छलफल गर्छौं ।

» ***अदालतद्वारा केपी ओली सरकारको पतन र देउवा गठबन्धनको उदय भएको छ । यसले नेकपा र सरकारबीच भएको तीनबुँदे सहमतिमा केकस्ता प्रभाव पार्ने अनुमान गर्नुभएको छ ?***

सामान्यतः राज्यहरूसँग भएका सहमति सरकारको परिवर्तनद्वारा धेरै प्रभावित हुँदैनन्, हुनु हुँदैन भन्ने मान्यताहरू छन्, हुन्छन् । यस दृष्टिले हिजो राज्यको नेतृत्व गरेको हिसाबले केपी ओलीसँग भए पनि त्यो आखिरमा राज्यको मामिला भएको हुनाले अब बन्ने सरकार कति रहन्छ-रहन्न, त्यो छुट्टै कुरा हो, तर जे होस्, शेरबहादुर देउवाजीको नेतृत्वमा बनेको सरकारले पनि त्यसलाई, त्यसको स्वामित्व र नेतृत्व ग्रहण गर्छ र त्यसलाई लागू गर्नेतर्फ जान्छ भन्ने हाम्रो विश्वास र अनुमान छ । तर यो छलफल हामी गर्छौं । सामान्यतः राज्यसँग सम्बन्धित मामिलाहरू सरकारको फेरबदलद्वारा प्रभावित नहुने मान्यता नै छ । हुनु हुँदैन भन्ने पनि देखिन्छ । तर हामी त्यसमा समेत छलफल गर्छौं ।

» ***नेकपा र सरकारबीच भएको सहमति त कार्यान्वयन भएन नि ! यो कार्यान्वयन नहुनुमा कुन तत्व, पक्ष वा 'फ्याक्टर' ले काम गरेको पाउनुहुन्छ ?***

हो, अवश्य हो । यसबारेमा हामीले केन्द्रीय समितिमा पनि छलफल गऱ्यौँ । अहिले पनि छलफल चलिराखेकै छ । हाम्रा शुभचिन्तक व्यक्तिहरूसँग कुराकानी भइराखेको पनि छ । सुरुकै कुरा के भयो भने सहमति हुँदा जस्तो किसिमको विश्वासको वातावरण थियो र हामी सबैलाई यो सबै लागू हुन्छ, तीनबुँदे लागू हुँदै जाने क्रममा कयौँ राजनीतिक विषयहरूमा पनि छलफल भएर राजनीतिक निष्कर्ष निस्किन्छन् भन्ने आशा थियो तर केपीजीको सरकारले त्यो इमानदारी देखाएन । यो कुरा हामीले भन्नैपर्छ । उहाँहरूले कानुनका कुराहरू, झमेलाका कुराहरू, यताउता, विभिन्न कारणहरू देखाउनुभयो । हामीले प्रस्ट भनेका छौँ- पहिले तीनबुँदे लागू गरौँ, त्यसपछि अरू छलफल हुन्छ । यो कुरामा जुन व्यग्रता र तीव्रतामा, जुन विश्वासका साथ, हाम्रो सहमतिको भाव र भावनाअनुसार जानुपर्ने थियो, उहाँहरू त्यसमा गएको देखिएन । म के देख्छु भने संसदीय राजनीति गर्ने पार्टी र नेताहरूको विश्वभरि नै कस्तो प्रवृत्ति र चरित्र देखिन्छ भने कुनै पनि सहमतिहरूप्रति इमानदार बन्न नसक्ने, खालि विभिन्न आशङ्कामा पर्ने तर त्यसलाई आफ्नो अवसर र सुविधाका निम्ति मात्रै प्रयोग गर्ने खालको देखिन्छ । यहाँ पनि त्यो देखापऱ्यो । केपीजीहरूमा पनि त्यो देखियो । त्यसले हामीलाई त्यति राम्रो लागिराखेको छैन । एउटा राम्रो वातावरण बनोस् । एउटा सहकार्य र छलफल होओस्, राज्यमा एउटा नयाँ किसिमको बहस गरौँ भन्ने हामीलाई थियो । हाम्रो आशा र अपेक्षाअनुसार भएन । यो विषय त जनताले पनि उठाइरहेका छन् नि-सहमति गर्ने अनि लागू नगर्ने भनेर । कुरा गर्ने, काम नगर्ने । नीतिगत तहमा स्वीकार गर्ने तर व्यावहारिक तहमा त्यसलाई लागू नगर्ने, योचाहिँ धेरैतिर देखिन्छ । उहाँहरूमा पनि यो देखापऱ्यो । यो सुखद बाटो होइन । हामीले यही देखिरहेका छौँ ।

» ***सरकार इमानदार नबन्ने, विद्रोही पार्टीचाहिँ इमानदार बन्ने यस्तो अवस्था देखिएको छ । यस्तो अवस्थामा यो सहमति कसरी कार्यान्वयन होला, कति समय अघि जाला ? यसले कुन रूप लेला ? अब बन्ने सरकारलाई कसरी दबाब दिन्छ अब पार्टीले ? देउवा सरकारले सहमति कार्यान्वयन गर्ला त ? तपाईंहरू आशावादी हुनुहुन्छ ?***

मैले यसबारेमा पहिले पनि अलिकति राखेँ । जुन सहमतिहरू भएको छ, त्यसप्रति राज्यका संस्थाहरू र राज्य, राज्यकै तहबाट उत्तरदायी बन्नुपर्छ र त्यसको नेतृत्व लिनुपर्छ भन्ने कुरा हाम्रो हुने नै भइहाल्यो । त्यो लागू हुनुपर्छ भन्ने हाम्रो अपेक्षा छँदैछ । हामी राजनीतिक पार्टीहरूसँग छलफलमै छौँ । नयाँ सरकारसँग पनि हामी छलफल गरौँला । त्यसमा केही कुरा छैन । तर त्यो लागू भएन भनेचाहिँ के गर्नुहुन्छ ? वा के गर्ने भन्ने जुन कुराहरू छ, हाम्रो जोडचाहिँ लागू गराउनेमै रहन्छ । हामी त्यसप्रति इमानदार छौँ । त्यसकारण पहिलो त राजनीतिक सहमतिहरूलाई लागू गराउने जिम्मेवारी राज्यको हो । राजनीतिक रूपमा यसमा गम्भीर छलफल गर्ने नै भइहाल्छ । अर्को, सहमति भइसकेपछि राज्यका विभिन्न अङ्गहरू, खासगरी न्यायालय, प्रशासनहरूले पनि त्यसलाई आफ्नो ठाउँबाट सहयोग गर्नुपर्छ र त्यसलाई कार्यान्वयन गर्नुपर्छ । त्यसका निम्ति पनि हाम्रो छलफल चल्छ, चलिराखेकै छ । ती निकायहरूसँग पनि कुरा गरेर सहमति कार्यान्वयन गर्ने विषयमा, हाम्रा साथीहरूलाई छुटाउने, मुद्दा खारेज गर्ने विषयमा सबै निकायको सहयोग रहोस् भन्ने हाम्रो कुरा हुन्छ । त्यसो गर्दा पनि भएन भनेचाहिँ हामी जनतालाई सूचना दिन्छौँ । कसको कारणले नेपालमा विगतमा समस्याहरू उत्पन्न भए ? किन २००७ सालमा विद्रोह भयो ? किन काङ्ग्रेसले २०१८ सालमा विद्रोह गऱ्यो ? किन २०२८ सालमा विद्रोह भयो ? किन २०३६ साल, २०४२, २०४६ सालमा आन्दोलन, विद्रोहहरू भए ? २०५२ सालमा जनयुद्ध किन सुरु गर्नुपऱ्यो ? एकीकृत जनक्रान्ति के कारणले भयो ? यी विषय हामीले जनतालाई भन्दै आएका छौँ र फेरि पनि हामी जनतालाई भन्छौँ, जनताका बीचमा जान्छौँ । सहमतिहरूलाई लागू नगर्नुको अर्थ हाम्रो कुरा त होइन । कुनै पार्टीविशेषलाई नाफा हुने र घाटा हुने कुरा होइन । हाम्रा विषय त जनताको अधिकारसँग र विजयसँग सम्बन्धित भएकाले त्यसलाई उनीहरूले लागू गरून् भनेर त्यसलाई हामी जनतामा लिएर जान्छौँ । जनतासँग अन्तरक्रिया गर्छौं, बहस गर्छौं । जनताकै सहभागितामा यसलाई लागू गराउने गरी आन्दोलन निर्माण गर्छौं ।

» ***पार्टीले जुन लक्ष्य र उद्देश्य राखेर सरकारसँग ३ बुँदे सहमति गऱ्यो, यसलाई लागू गर्ने क्रममा प्रगतिशील संयुक्त सरकार, जनमतसङ्ग्रह, वैज्ञानिक समाजवादका विषयहरूलाई उठाइरहेको छ । रक्तपातविहीन आन्दोलन/क्रान्तिबाट पनि आमूल परिवर्तन सम्भव हुन्छ भनेर एकीकृत जाक्रान्तिको नयाँ मोडेलका रूपमा दलाल पुँजीवादी शासनको विकल्प वैज्ञानिक समाजवाद स्थापना गर्न जनमतसङ्ग्रहको विषय अघि सारेको छ । यसमा प्रगति के भएको छ ? जनताको प्रतिक्रिया कस्तो छ ?***

सुरुमै हामीले जुन निष्कर्ष निकाल्यौँ र प्रस्ताव गऱ्यौँ, नेपालको राजनीतिक सङ्कटलाई समाधान दिने । आमजनताको परिवर्तनकारी आकाङ्क्षालाई पूरा गर्ने बाटो भनेको दुईवटा बाटो हो : एउटा जनताको सङ्घर्ष, विद्रोह, क्रान्तिद्वारा यसलाई परिवर्तन गर्ने हो । अर्को भनेको जनताको मतद्वारा, शान्तिपूर्ण तरिकाले परिवर्तन गर्ने हो । अहिलेको विशिष्ट स्थितिमा हामीले के भनेका छौँ भने जनता आफ्नो अभिमतद्वारा यो व्यवस्थाको विकल्प दिन चाहन्छन्, अहिले त्यो वातावरण छ । शान्तिपर्ण तरिकाले देशलाई एउटा नयाँ व्यवस्थामा रूपान्तरण गर्न सकिने सम्भावना छ । यो कुरा राज्यले बुझ्नुपर्छ भन्ने हाम्रो कुरा छ । त्यो राज्यले बुझ्नेबित्तिकै यो सरकार, अस्थिर किसिमको, विघटन हुने, गठन हुने, कहिले संसद्बाट, प्रायजसो बाहिरबाट, अदालतबाट बन्ने जनताको मत एकातिर छ, अरू विभिन्न खालका विकृतिहरू लाद्ने जुनखाले स्थिति बनेको छ, यसको सट्टामा, यो सरकारको सट्टामा प्रगतिशील संयुक्त सरकार, संसदीय चुनावको सट्टामा एकचोटि जनमतसङ्ग्रह, अहिलेको संसदीय व्यवस्थाको सट्टामा वैज्ञानिक समाजवाद हाम्रो विकल्प यही हो । यसका लागि जनमत व्यक्त हुन दिनुपर्छ भनेर हामीले प्रस्ताव अघि सारेका छौँ । यो प्रस्ताव आउनेबित्तिकै एउटा ठूलो तरङ्ग उत्पन्न भएको छ । धेरै बुद्धिजीवी साथीहरूले बहसमा भाग पनि लिनुभएको छ । हामीले जनताको तहमा त व्यापक छलफल चलाइरहेकै छौँ । हाम्रो पार्टीपङ्क्ति जनतामा पुगिराखेको छ । यो क्रमशः राज्यको मूल विषय बनेर अगाडि आएको छ । यसलाई जत्तिनै छलछाम गर्न खोजे पनि, बङ्ग्याउन खोजे पनि त्यो सम्भव छैन । किनकि यो प्रस्तावमा नेपाली श्रमिक जनताको, देशभक्तहरूको, परिवर्तनकारीहरूको, लोकतन्त्रका पक्षधरहरूको चाहना छ । भावना छ । त्यसैले यो एउटा मुख्य विषय बनेर अगाडि आउँछ । त्यसलाई हामीले पूरा गर्नुपर्छ । छलफल पनि होला । विभिन्न ढङ्गले सङ्घर्ष पनि होला । तर यसलाई पूरा गरेरै छोड्नुपर्छ भन्ने हाम्रो अठोट छ र देश यही दिशातिर गइराखेको छ । कयौँ बुद्धिजीवी साथीहरूको पनि यो सही हो भन्ने मत छ र राजनीतिक पार्टीहरूमा कसैले पनि यसलाई सोच्नु हुँदैन, छलफल गर्नु हुँदैन, मान्नु हुँदैन भनेका छैन । माओवादीका बुद्धिजीवीभित्र पनि यसमा सकारात्मक रूपमा छलफल भएको हामी पाउँछौँ । यसका बारेमा एमालेभित्र पनि साकारात्मक ढङ्गले छलफल भएको छ । काङ्ग्रेसकै कतिपय बुद्धिजीवी साथीहरूबाट पनि विषयलाई ठीक ढङ्गले अघि बढाउँदा फरक पर्दैन भनेर आइराखेको छ । यसले गर्दा देशचाहिँ एकचोटि यो दिशामा जान्छ भन्नेमा हामी विश्वस्त छौँ ।

» ***महत्वपूर्ण समय र विचारका लागि महासचिव कमरेडलाई धन्यवाद ।***

रातो खबरलाई पनि पार्टीका तर्फबाट विशेष धन्यवाद ।

*सैद्धान्तिक दृष्टिले पनि र सामाजिक, व्यावहारिक अवस्थामा पनि देशको राजनीतिक मामिलाहरूको फैसला गर्ने, निष्कर्ष निकाल्ने निकाय वा संस्था भनेका राजनीतिक पार्टीहरू र तिनले खडा गर्ने राजनीतिक संस्थाहरू नै हुन् । प्रतिनिधिसभा अथवा क्रान्तिकारी निकायहरूले नै फैसला गर्नुपर्छ । त्यसपछि कुनै कानुनी अल्झन उत्पन्न भएको अवस्थामा न्यायालयले त्यसमा सुझाव, सल्लाह दिनु स्वाभाविक कुरा हो । तर ठीक उल्टो के भइरहेको छ भने संसद्वादी राजनीतिक पार्टीहरू सङ्कटमा गइरहेका छन् । उनीहरूका संस्थाहरू निकम्मा साबित भइरहेका छन् । कुनै पनि राजनीतिक निर्णय लिने राजनीतिक हैसियतमा छैनन् । त्यसो भएकाले उनीहरूले सम्पूर्ण रूपले सहाराचाहिँ न्यायपालिका भनौँ वा अदालतसँग लिनुपरेको छ । त्यो भनेको राजनीतिक संस्था, पार्टी, नेतृत्व र संस्थाहरूको असफलता हो ।*

# सोमबहादुर विक 'ज्योति' को १९ औँ खोजसभा

कास्की ।

राज्यको सशस्त्र फोर्सले बिरामी अवस्थामा रहेका आफन्तको उपचारमा जाँदा राज्यद्वारा गिरफ्तार गरी बेपत्ता बनाइएका सोमबार विक ' ज्योति' को १९ औँ खोजसभा सम्पन्न भएको छ । पोखरा महानगरपालिका ३२ खुदीखोलास्थित उनकै निवासनजिक नेपाल कम्युनिस्ट पार्टी कास्कीद्वारा कार्यक्रम आयोजना गरी बेपत्ता योद्धा परिवारजनसहित खोजसभा सम्पन्न गरिएको हो ।

कार्यक्रममा बेपत्ता योद्धा सोमबहादुरकी बहिनी सोममाया विकले ज्योतिको जीवनी प्रस्तुत गरेकी थिइन् भने उपस्थित प्रमुख अतिथि, अतिथिलगायत वक्ताले महान् जनयुद्धका सहिद तथा बेपत्ता योद्धाहरूले देखेको सपना पूरा नभएको, नेपालको राजनीतिक परिस्थिति झनै जटिल बन्दै गएको र प्रतिक्रान्तिको चपेटामा फस्ने देखिएको हुँदा सहिद तथा बेपत्ता योद्धाको सपना पूरा गर्न सम्पूर्ण जनसमुदाय र कम्युनिस्टहरू जनयुद्धको मूल्य-मान्यतालाई आत्मसात गर्दै ध्रुवीकृत हुनुपर्नेमा जोड दिएका थिए ।

तत्कालीन शाहीसत्ताले सोमबहादुर विकलाई २०५९ असार २३ गते बेपत्ता बनाएको थियो । उहाँ राजनीतिक रूपमा २०५६ देखि नेकपा (माओवादी) मा सङ्गठित भएर सक्रियताका साथ सुकुमबासीलगायत जनवर्गको सङ्गठनात्मक तथा सङ्घर्षका काममा सहभागी हुँदै आउनुभएको थियो । पार्टीको इलाका स्तरको जिम्मेवारीमा रहेर काम गर्दैगर्दा पोखराको गण्डकी अस्पतालबाट राज्यले गिरफ्तार गरी उहाँलाई बेपत्ता बनाएको थियो ।

सोमबहादुर विश्वकर्मा 'ज्योति' बुवा मनबहादुर विश्वकर्मा र आमा ओमकुमारी विश्वकर्माबाट २०३२ साल वैशाख २८ गते साबिक लेखनाथ नपा १३, हाल पोखरा महानगरपालिका ३२ खुदिखोला कास्कीमा जन्मनुभएको थियो ।

उक्त कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य पूर्णजित पुनको प्रमुख आतिथ्य तथा नेकपा कास्की जिल्ला सेक्रेटरी गोकुल पराजुली, सहिद विजयराज बास्तोलाका पुत्र प्रकाश बास्तोला, माओवादी केन्द्रका वडा अध्यक्ष अर्जुन मल्ल एवम् नेकपाका नेता-कार्यकर्ताको उपस्थिति रहेको थियो । नेकपा कास्की जिल्ला सदस्य काजी गुरुङले कार्यक्रम सञ्चालन गरेका थिए ।

# मुख्यमन्त्री कार्यालयअगाडि क्रान्तिकारीको प्रदर्शन

कैलाली ।

अखिल (क्रान्तिकारी) कैलालीले महँगी र कालोबजारीका विरुद्ध कैलालीको धनगढीस्थित मुख्यमन्त्रीको कार्यालयअगाडि प्रदर्शन गरेको छ ।

मुख्यमन्त्रीको कार्यालयअगाडि भएको कार्यक्रमलाई अखिल (क्रान्तिकारी ) का जिल्ला संयोजक सुवासकिरण जोशीले सम्बोधन गरेका थिए । सम्बोधनका क्रममा उनले सरकारकै संरक्षणमा महँगी र कालोबजारी मौलाएको, दिन-प्रतिदिन पेट्रोलियम पदार्थको मूल्यवृद्धिले जनताको दैनिकी निकै दर्दनाक भएकाले दैनिक उपभोग्य वस्तुलगायत सबैमा भएको मूल्यवृद्धि तत्काल फिर्ता लिन माग गरे । मूल्यवृद्धि खारेज नगरिए नालायक, भ्रष्ट, कमिसनखोर सरकारका विरुद्ध कडा सङ्घर्ष गर्न बाध्य हुने चेतावनी उनले दिए ।

यस्तै दैनिक उपभोग्य वस्तुको सहज आपूर्ति गर्नुपर्ने, किसानहरुलाई उचित मूल्य निर्धारण गर्नुपर्ने, निजी शैक्षिक संस्थाले गरेको मनपरी शुल्क वृद्धि तत्काल फिर्ता लिनुपर्ने, शिक्षामाथिको कर हटाउनुपर्ने, शिक्षक र विद्यार्थीलाई कोरोनाको खोप तत्काल व्यवस्था गरी शैक्षिक सत्र सुरु गर्नुपर्ने, पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धि तत्काल फिर्ता लिनुपर्ने र महिला हिंसाको घटनामा संलग्न दोषीलाई कानुनी दायराभित्र ल्याउनुपर्ने विषयमा उनले जोड दिएका थिए ।

# संसदीय व्यवस्थामा कोही प्रधानमन्त्री बन्दैमा दीप बाल्नु पर्दैन : विकास

**दाङ ।** नेपाल कम्युनिस्ट पार्टी दाङ जिल्लाअन्तर्गत तुलसीपुर नगर इन्चार्ज विकासले यही व्यवस्थामा कोही प्रधानमन्त्री बन्दैमा दीप बाल्नु नपर्ने बताएका छन् । पार्टी निकट अखिल (क्रान्तिकारी) दाङले आयोजना गरेको महँगी र कालोबजारीका विरुद्धको विरोध प्रदर्शनलाई सम्बोधन गर्दै उनले उक्त कुरा बताएका हुन् ।

इन्चार्ज विकासले संसदीय व्यवस्था असफल सिद्ध भइसकेको बताउँदै देश र जनताको मुक्तिका लागि वैज्ञानिक समाजवादी राज्यव्यवस्था नै निर्विकल्प भएको धारणा व्यक्त गरे । यो मरिसकेको व्यवस्थामा जोकोही प्रधानमन्त्री बने पनि दीप किन बाल्नुहुन्छ ? उनले प्रश्न गरे । वैज्ञानिक समाजवादका विरुद्ध प्रतिक्रियावादीहरू गम्भीर षड्यन्त्रको तयारीमा रहेका उनको भनाइ थियो ।

विरोध प्रदर्शलाई सम्बोधन गर्दै अखिल (क्रान्तिकारी) राप्ती ब्युरो संयोजक दीपकले भ्रष्टाचार, कमिसन, दलाली, अनियमितता, कृत्रिम अभाव, हत्या, हिंसा, बलात्कार, अपहरण, गुन्डागर्दीबाहेक जनताले अरू केही प्राप्त गर्न नसकेको तीतो यथार्थ सुनाउन बाध्य भएको बताए । उनले सबैखाले मूल्यवृद्धि, कालोबजारीको अन्त्यको माग गरे । एक फरक प्रसङ्गमा संयोजक दीपकले सत्तानिकट सङ्गठनहरू कोही प्रधानमन्त्री बन्दा दीप प्रज्वलन गर्ने, कोही प्रधानमन्त्रीबाट हट्दा टायर बाल्नेहरूबीच तात्विक भिन्नता नभएको प्रस्ट पारे ।

जनताका मुद्दाहरूमा सत्तासीन सङ्गठनहरू किन सडकमा आउँदैनन् ?- उनले प्रश्न गरे । उनले आफूहरू प्रतिबन्ध, जेल, हिरासत सबै पीडा भोगेर आएको र जनताको जीवनमा संसदीय व्यवस्थाले लादेको पीडाको तुलनामा आफ्ना पीडाहरू सामान्य रहेको धारणा राखे । उनले मासु र रक्सीले निर्धारण गर्ने चुनाव खारेज गरी अविलम्ब प्रगतिशील संयुक्त सरकार गठन गरेर जनमतसङ्ग्रहमार्फत व्यवस्था चुन्ने अधिकार जनतालाई दिन जोडदार माग गरे । उनले खाने तेल, पेट्रोलियम पदार्थलगायत अत्यावश्यक वस्तुमा जनताको ढाड सेक्ने गरी गरिएको मूल्यवृद्धि खारेज गर्न र किसानहरूलाई मल र बीउको सहज आपूर्ति नगरे आफूहरू देशव्यापी कडा सङ्घर्ष गर्न बाध्य हुने बताए ।

विरोध प्रदर्शनको सहजीकरण अखिल (क्रान्तिकारी) दाङका अध्यक्ष अमर खड्काले गरेका थिए । विरोध प्रदर्शनमा खाद्य सम्प्रभुताको ग्यारेन्टी गर, वैज्ञानिक मूल्य निर्धारण गर, बजारमा कृत्रिम अभाव उत्पन्न गर्नेलाई कारबाही गर, शैक्षिक माफियाहरू मुर्दावादलगायत प्लेकार्डहरू प्रदर्शन गरिएको थियो ।

# महँगी र कालोबजारीविरुद्ध सल्यानमा प्रदर्शन

**सल्यान ।** नेपाल कम्युनिस्ट पार्टी समर्थित विभिन्न जनवर्गीय सङ्गठनहरूको महँगीविरुद्ध सङ्घर्षको केन्द्रीय कार्यक्रमअन्तर्गत अखिल क्रान्तिकारी सल्यानको आयोजना र युवा सङ्ठनको सहभागितामा विभिन्न नारासहित प्लेकार्ड प्रदर्शन गरिएको छ ।

विरोध कार्यक्रममा कालाबजारियालाई कारबाही गर्न, दैनिक उपभोग्य वस्तुको सहज आपूर्ति गर्न, किसानले उत्पादन गरेका वस्तुको उचित मूल्य निर्धारण गर्न, कोरोनाविरुद्धको खोप निःशुल्क सम्पूर्ण नागरिकलाई उपलब्ध गराउन, जातीय विभेद अन्त्य गर्न, बलात्कारीलाई कडा कारबाही गर्न, वैकल्पिक शिक्षण विधिको व्यवस्था गरी पठनपाठन सञ्चालन गर्न, विभिन्न बहानामा लिइने चर्को शुल्क खारेज गर्न माग गरिएको छ ।

त्यसैगरी विद्यार्थीलाई ४५% गाडीभाडा अनिवार्य छुट गर्न, विद्यार्थीको बन्दाबन्दी अवधिको कोठाभाडा छुट गर्न, नेपाल कम्युनिस्ट पार्टी र सरकारबीच भएको ३ बुँदे सहमति कार्यान्वयन गर्न, जनतालाई शासन व्यवस्था चुन्ने अधिकार प्रदान गर्नलगायत विभिन्न नारा लेखिएका प्लेकार्डसहित विरोध कार्यक्रम गरिएको प्राप्त समाचारमा उल्लेख छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै युवा सङ्गठन नेपाल सल्यानका अध्यक्ष प्रकाश गिरीले महँगी, कालोबजारी नियन्त्रणको माग गर्दै गरिखाने वर्गलाई कोरोनाले पारेको असर कम गर्न राज्यले तुरुन्त सम्बोधन गर्नुपर्ने बताए ।

विरोध कार्यक्रमको सञ्चालन अखिल क्रान्तिकारी सल्यानका उपाध्यक्ष राजेन्द्र खड्काले गरेका थिए ।

# अखिल (क्रान्तिकारी) अछामद्वारा महँगीविरुद्ध प्रदर्शन

**मङ्गलसेन ।** नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) अछामले महँगी, कालोबजारी, जातीय विभेद र महिला हिंसाका विरुद्ध मङ्गलसेन बजारमा विरोध प्रदर्शन गरेको छ ।

कालोबजारी, महँगी नियन्त्रण गर, जनतालाई खाद्यान्न सहुलियत दरमा उपलब्ध गराऊ, जातीय विभेद अन्त्य गर, महिला हिंसा अन्त्य गर, पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि नियन्त्रण गरलगायत नाराहरू लेखिएका प्लेकार्ड बोकेका अखिल क्रान्तिकारीका विद्यार्थीले विरोध ऱ्याली निकाले काथिए । ऱ्याली बजार परिक्रमापछि कोणसभामा परिणत भएको थियो । अखिल क्रान्तिकारीको केन्द्रीय कार्यक्रमअनुसार अछाममा पनि प्रदर्शन भएको हो ।

कोरोना महामारीका कारण विभिन्न जिल्लामा स्थानीय प्रशासनले लगाएको निषेधाज्ञाका कारण श्रमजीवी जनतालाई दैनिक छाक टार्न निकै गारो भएको अवस्थामा सरकार जनताप्रति उदासीन देखिएको र सरकार आन्तरिक किचलोमा फस्दा जनता कोरोना कहरसँगै कालोबजारी र महँगीका कारण भोकले मर्नुपर्ने अवस्था उत्पन्न भएका कोणसभाका वक्ताहरूले बताएका थिए ।

# नेकपा पाल्पाद्वारा जनअभियान तीव्र

**पाल्पा**

नेपाल कम्युनिस्ट पार्टी पाल्पाले जनअभियानलाई तीव्र बनाएको छ । उक्त जनअभियान सरकारसँग भएको सहमति र पार्टीको आगामी रणनीतिका बारेमा जनभेटघाटमार्फत आमजनसमुदायलाई प्रस्ट पार्दै जिल्लाको पूर्वी पाल्पातिर व्यस्त रहेको बताइएको छ ।

जनभेटघाट कार्यक्रममा प्रत्यक्ष जनताको बीचमा रहेर कोरोना सङ्क्रमित अवस्था, यसले पारेको प्रभाव, समस्या र समाधानका बारेमा वस्तुस्थितिको रिपोर्ट लिइएको जिल्ला सचिव प्रभातले बताए । निकै समस्यामा परेका घरपरिवार, विपन्न परिवार र विरामीहरूलाई पार्टीका तर्फबाट सक्दो सहयोग गरिरहेको पनि उनले बताए ।

पाल्पाको पूर्वी भेग रामपुर नगरपालिका, निस्दी गापा, रम्भा गापालगायत स्थानमा जनभेटघाट गरिएको छ । उक्त जनअभियान तथा जनभेटघाट कार्यक्रममा जिल्ला सचिव प्रभातको नेतृत्वमा जिल्लाका नेता-कार्यकर्ताको उपस्थिति रहेको बताइएको छ ।

# असफल संसदीय व्यवस्थाविरुद्ध झापामा प्रदर्शन

बिर्तामोड ।

नेपाल कम्युनिस्ट पार्टीसम्बद्ध विभिन्न जनवर्गीय सङ्गठनले निकम्मा, ढोंगी र असफल संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवाद अपरिहार्य बनेको ठोकुवा गर्दै झापामा पनि बृहत् प्रदर्शन गरेका छन् ।

संयुक्त जनवर्गीय सङ्गठनका तर्फबाट जागरण मञ्चका केन्द्रीय संयोजक सुरेन्द्र कार्की वक्ता रहेको उक्त विरोध प्रदर्शनीमा नेपाल कम्युनिस्ट पार्टी झापाका जिल्ला कार्यालय सचिव एवम् विद्यार्थी फ्याक्सन इन्चार्ज सञ्जय राईले कार्यक्रम सञ्चालन गरेका थिए ।

कार्यक्रममा सबै जनवर्गीय सङ्गठन, जिल्ला पार्टी र आमझापाली जनताको उपस्थिति रहेको थियो । विरोध प्रदर्शनमा सरकारका गलत कामकारबाहीविरुद्ध नारा लगाइएको थियो । आन्दोलनकारीले पेट्रोलियम पदार्थको मूल्य वृद्धि खारेज गर, दलालहरू होसियार, नारी हिंसा अन्त्य गर, सुजिता भण्डारीलाई न्याय देलगायत नारा लगाएका थिए ।

# नेकपा दैलेखले अभियान सुरु गर्ने

दैलेख ।

नेपाल कम्युनिस्ट पार्टी दैलेखको बैठकले अभियान सुरु गर्ने निर्णय गरेको छ ।

जिल्ला सेक्रेटरी दीपेन्द्रको अध्यक्षता र पार्टी केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज एटम बीसीको प्रमुख आतिथ्यमा बसेको बैठकले जिल्ला सदस्यहरूको कार्यविभाजन गरी पार्टी, जनवर्गीय सङ्गठनका बैठक, प्रशिक्षण सम्पन्न गर्ने, संयुक्त प्रगतिशील सरकार, जनमतसङ्ग्रह र वैज्ञानिक समाजवादको कार्यनीतिबारे छलफल गर्ने र सङ्गठन सुदृढीकरण र विस्तारका लागि अभियान सञ्चालन गर्ने निर्णय गरेको जनाइएको छ ।

बैठकपछि जिल्ला पार्टीले उत्पादन गरेको मकै खेतीमा सामूहिक श्रमकार्य सम्पन्न भएको जानकारी जिल्ला सेक्रेटरी दीपेन्द्रले दिए ।

# मूल्यवृद्धि र सुजाता हत्याकाण्डविरुद्ध विराटनगरमा प्रदर्शन

मोरङ ।

नेपाल कम्युनिस्ट पार्टी निकट १२ जनवर्गीय सङ्गठनले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि फिर्ता लिन र चितवनको रत्ननगर नगरपालिकाकी २३ वर्षीया सुजाता भण्डारीको हत्याको सत्यतथ्य छानबिन गर्न माग गर्दै संयुक्त विरोध प्रदर्शन तथा खबरदारी गरेका छन् । प्रदर्शनकारीले दलाल संसदीय व्यवस्थाको नाटकीय राजनीतिको पनि चर्को विरोध गर्दै मोरङको विराटचोकमा प्रदर्शन गरिएको हो ।

कार्यक्रमका प्रमुख वक्ता युवा सङ्गठन नेपाल मोरङका संयोजक आकाश थिए । कार्यक्रमको सञ्चालन पार्टी निकट मजदुर सङ्गठन मोरङका संयोजक भानु प्रदेशीले गरेका थिए ।

प्रमुख वक्ता आकाशले सम्बोधन गर्दै भने, ' हामीले सरकार र संविधान परिवर्तन गर्नुपर्छ भनेकै होइन । हामीले त सिङ्गै व्यवस्था असफल भएकाले यो व्यवस्था नै बदल्नुपर्छ भनेका हौँ । दिनप्रतिदिन अनैतिक घटनाहरू, नारी हिंसा, जातीय विभेदका विभिन्न अराजक गतिविधि राज्यकै मातहतमा भइरहेका छन् । अनैतिक गतिविधि हुनुको कारण दलाल संसदीय व्यवस्था हो । यसलाई बदलेर वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्छ ।'

# नेकपाका जनवर्गीय सङ्गठनद्वारा मूल्यवृद्धि र हत्याविरुद्ध प्रदर्शन

सुर्खेत ।

नेपाल कम्युनिस्ट पार्टी निकट संयुक्त जनवर्गीय सङ्गठनको आयोजनामा सुर्खेतमा विरोध प्रदर्शन गरिएको छ ।

पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धि, चितवनकी सुजिता भण्डारी र कैलालीका ७ वर्षीय बालक विवेक बिस्टको हत्या प्रकरणलगायत घटनाको विरोध गर्दै प्रदर्शन गरिएको हो ।

यरी चोकबाट नारा-जुलुससहित सुरु भएको र्‍याली मङ्गलगढीचोकमा कोणसभामा परिणत भएको थियो । सभालाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टी सुर्खेतका सेक्रेटरी ध्रुवले देशमा बढेको हत्या, हिंसा, मूल्यवृद्धि, दलाली, कमिसन, घूसखोरी, अन्याय-अत्याचारको जिम्मेवारी संसदीय दलाल पुँजीवादी व्यवस्थाले लिनुपर्ने र यो व्यवस्था रहेसम्म जनतामाथिको चौतर्फी अन्याय-अत्याचार अझै बढ्दै जाने निश्चित भएकाले यो व्यवस्थालाई खारेज गरी वैज्ञानिक समाजवाद स्थापना गर्न सबै नेपाली एक हुनुपर्ने बताए ।

अखिल क्रान्तिकारी सुर्खेतका अध्यक्ष तुलाराज तिरुवाको सञ्चालनमा सम्पन्न कोणसभामा अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य प्रेम शाही, मध्यपश्चिमाञ्चल विश्वविद्यालयका अध्यक्ष खिमलाल बुढाथोकी, अखिल नेपाल जनस्वास्थ्यकर्मी महासङ्घ सुर्खेतका अध्यक्ष भूमिप्रसाद उपाध्याय, स्वतन्त्र दलित विद्यार्थी सङ्गठनका अध्यक्ष धनबहादुर नेपालीलगायतले सम्बोधन गरेका थिए ।

# बाँकेमा शिक्षक महासङ्घको अन्तरक्रिया

नेपालगन्ज ।

नेपाल शिक्षक महासङ्घले बाँकेमा आफ्ना मागबारे छलफल गराउने उद्देश्यले अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । शिक्षामा कुल बजेटको २० प्रतिशत लगानी गर्नुपर्ने, संवैधानिक राष्ट्रिय शिक्षा आयोग गठन गर्नुपर्ने, शिक्षा ऐनमा एकरूपता हुनुपर्नेलगायत माग राखेर आन्दोलन गरिरहेको महासङ्घले आफ्ना माग प्रभावकारी बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरेको हो ।

पवनकुमार यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि नेपाल शिक्षक महासङ्घ राष्ट्रिय समितिका सदस्य दोर्ण वली थिए । कार्यक्रमका विशिष्ट अतिथि नेपाल शिक्षक महासङ्घ राष्ट्रिय समितिकी महिला सदस्य गणेशा कार्की थिइन् ।

कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य तथा बाँके जिल्ला इन्चार्ज दीपक चलाउने, शिक्षक इन्चार्ज अकलबहादुर बमका साथै काङ्ग्रेस र माओवादी केन्द्रका प्रतिनिधिले शिक्षकका मागहरू तत्काल पूरा हुनुपर्ने धारणा राखेका थिए ।

# उत्पादनकार्यमा लाग्यो नेकपा बर्दिया

बर्दिया ।

नेपाल कम्युनिस्ट पार्टी बर्दियाले जिल्लाको बढैयाताल गाउँपालिकामा तीन बिघा बाँझो जमिनमा धान रोपाइँ गर्न लागेको छ ।

नेकपाले पछिल्लो समय उत्पादन कार्यमा देशभर तीव्र बनाइरहेको बेला बर्दिया जिल्लाले पनि उत्पादन कार्यलाई जोड दिएको हो । यसैगरी नेकपा बर्दियाका निवर्तमान इन्चार्ज तथा विशेष समिति सदस्य हिमशिखरको नेतृत्वमा बाँसगढी नगरपालिका इन्चार्ज शक्ति, बढैयाताल गाउँपालिका इन्चार्ज रमेशलगायत रोपाइँ गर्न निरन्तर खेतमा खटिरहेका छन् । उक्त कार्यमा पार्टीका जिल्ला र गाउँ समिति तहका नेता-कार्यकर्ता तथा विभिन्न जवसका सदस्यहरू सहभागी छन् । खेतीका लागि करिब तीन बिघा जग्गामा ट्याक्टरमार्फत खनजोत गरिएको पार्टीले जनाएको छ ।

# नेकपा दार्चुलाद्वारा 'जनतासँग पार्टी' अभियान उद्घाटन

**लेकम ।** नेपाल कम्युनिस्ट पार्टी दार्चुलाले ' जनतासँग पार्टी' अभियानको उद्घाटन गरेको छ । लेकम गाउँपालिकामा सोमबार उक्त अभियान उद्घाटन गरिएको हो ।

जनसम्बन्धलाई सुदृढ र सङ्गठनलाई विस्तार गर्दै क्रान्तिकारी पार्टी निर्माणको उद्देश्यसहित अभियानको नेतृत्व जिल्ला सेक्रेटरी भरत मल्ल 'सुवास' ले गरेका छन् भने अभियानमा जगदीश जोशी, जीवन जोशी, करन सार्की, गौतम जोशी, चन्द्रदेव जोशी, पुष्पराज जोशी, मफानन्द जोशी, करनाकर जोशी, दीपकराज जोशी, रामदत्त जोशी, रमेश भाट, हरिसिद्ध भाट र खोमराज भाट सहभागी भएको जानकारी जिल्ला सेक्रेटरी सुवासले दिए ।

# छुङकिङ सम्झौता–वार्ताबारे

**माओ त्से तुङ**

लौ त, अब हामी वर्तमान परिस्थितिबारे कुरा गरौँ । अहिले हाम्रा कामरेडहरूले चाख राखेको विषय यही हो । यसपाला छुङकिङमा क्वोमिन्ताङ र कम्युनिस्ट पार्टी बीचको सम्झौता-वार्ता चार दिनसम्म चल्यो वार्ताको नतिजा अखबारहरूमा प्रकाशित भैसकेको छ । यी दुई पार्टीका प्रतिनिधिहरूको बीचमा सम्झौत-वार्ता चलिरहेकै छ । सम्झौत-वार्ता फलदायी भएको छ । क्वोमिन्ताङले शान्ति र एकताका सिद्धान्तहरू स्वीकार गरेको छ, जनताका केही जनवादी अधिकारहरूलाई मान्यता दिएको छ र गृह युद्धलाई पन्छाउनु पर्छ र नौलो चीनको निर्माणको लागि दुई पार्टीले शान्तिपूर्वक आपसी सहयोग गर्नुपर्छ भन्ने कुरा स्वीकार गरेको छ । यी बुँदाहरूमा सहमति प्राप्त भैसकेको छ । अरु बुँदाहरू प्नि छन् जसबारे अझैँ सहमति भएको छैन । मुक्त क्षेत्रहरूको समस्या अझैँ सुल्झेको छैन, र सशस्त्र सेनाहरू सम्बन्धी समस्या त झन् साँच्ची नै सुल्झेको छैन भइसकेका सम्झौताहरू पनि अझैँ कागत मै सीमित छन् । कागतमा लेखिएका शब्दहरू वास्तविकता सरह हुँदैनन् । तिनीलाई वास्तविकतामा उतार्नुभन्दा अघि ज्यादै ठुलठुला प्रयासहरू नगरी नहुने कुरा तथ्याङ्कले देखाइसकेका छन् ।

क्वोमिन्ताङ एकातिर हामीसँग सम्झौत-वार्ता चलाउँछ र अर्कातिर मुक्त क्षेत्रहरूमा भयङ्कर आक्रमण गर्दैछ । शेनशी-कानसु-निङ्श्या सीमान्त क्षेत्रलाई घेरिरहेका क्वोमिन्ताङ सेनाहरूलाई छाडेर पनि उसका ८,००,००० जवानहरू यी आक्रमणहरूमा प्रत्यक्षरुपले लागिसकेका छन् । जहाँजहाँ मुक्त क्षेत्रहरू छन् त्यहाँ लडाइँ चलिरहेकै छ वा लडाइँको तयारी गरिँदैछ । ँ१० अक्टोबरको सम्झौता□ को पहिलो धारा नैँ शान्ति र राष्ट्रिय पुनःनिर्माण□ बारेमा छ, त्यस्तै भए । त्यसैले कागतमा लेखिएका कुरालाई व्यवहारमा उतार्न हाम्रो तर्फबाट अझैँ प्रयास गर्नुपरेको छ भनेर हामीले भनेका हौँ । हामीमाथि आक्रमण गर्न क्वोमिन्ताङले यति धेरै फौजहरूलाई परिचालन गर्नको कारण के हो त ? कारण के हो भने उसले निकै अघि नै जनताका शक्तिहरूलाई सखाप पार्ने अठोट गरेको थियो, हामीलाई सखाप पार्ने अठोट गरेको थियो । हामीलाई छिटै नै सखाप पार्नु उसको निम्ति सबभन्दा राम्रो कुरा हो, अथवा यसो गर्न नसकेमा उसले हाम्रो स्थिति बिगार्न र उसको आफ्नो स्थिति सपार्न चाहेको छ । सम्झौतामा शान्तिको



उल्लेख भएता पनि वास्तवमा यसले साकार रुप लिएको छैन । शानशी प्रान्तका शाङ्ताङ क्षेत्र जस्ता ठाउँहरूमा निकै व्यापक स्तरमा लडाइँ चलिरहेको छ । चारैतिरबाट थाएहाङ, थाएथ्वे र चुङथ्याओ पहाडले घेरेको शाङ्ताङ क्षेत्र कराई जस्तो आकारको छ । यस कराईमा माछा र मासु छ र यसलाई कब्जा गर्न येन शी-शानले तेह्र डिभिजन सेना पठाइएको छ । हाम्रो नीति पनि निकै नै अघि निर्धारित भएको हो, र त्यो हो इटाको जवाफ ढुङ्गाले दिनु र एकएक इन्च जमिनको लागि लड्नु । यस पाला हामीले इँटाको जवाफ ढुङ्गाले दियौँ । अर्को शब्दमा भन्ने हो भने हामीले तेह्र डिभिजन सेनालाई सखाप पार्यौं । बैरीको आक्रमणकारी सेनामा ३८,००० जवानहरू थिए र हामीले ३१,००० जवानलाई लडाइँमा सङ्लग्न गरेको थियौँ बैरीका ३८,००० जवानहरूमा ३५,००० जवान ध्वस्त भए, २,००० जवान भागे र १,००० जवान छित्रभित्र भए र । २ यस्तो लडाइँ पछि पनि चलिरहने छ बैरीहरू हाम्रा मुक्त क्षेत्रहरू मुठ्याउन हुरुक्क भएका छन् । यो कुरा बुझ्न अघि गाह्रो भए झैँ लाग्छ । हैन, यी मानिसहरू मुक्त क्षेत्रहरूमा नङ्गा गाड्न किन यति गाह्रो पिरोलिएका होलान् ? मुक्त क्षेत्रहरू हाम्रा हातमा रहनु, जनताका हातमा रहनु जाती कुरा होइन र ? हो, जाति कुरा हो । तर यो त हाम्रो सोचाइँ मात्र हो, जनताको सोचाइँ मात्र हो । उनीहरूले पनि यस ढङ्गले सोंचेका भएत हाम्रो एकता भइहाल्थ्यो र हामी सबै नै 'कामरेड' हुन्थ्यौं । तर उनीहरू यस ढङ्गले सोच्दैनन् बरु तिनले त हठपूर्वक हाम्रो विरोध गर्छन् । तिनले हाम्रो विरोध किन नगर्ने हो त्यो कुरा नै बुझ्न सक्दैनन् । तिनले हामीमाथि आक्रमण गर्नु एकदमै स्वाभाविक कुरा हो । अब हाम्रो कुरा गर्ने हो भने हामीले तिनले हाम्रो मुक्त क्षेत्रहरू कब्जा गर्न किन दिनु नहुने हो भन्ने कुरा हामी पनि बुझ्न सक्दैनौँ । हामीले प्रत्याक्रमण गर्नु पनि एकदमै स्वाभाविक कुरा हो । जब दुइटा "बुझ्न सक्ने" पक्षहरू एक अर्कोको सामुन्ने पर्दछन् तब तिनको भिडन्त परिहाल्छ । हैन, दुईटै बुझ्न नसक्ने पक्षहरू छन् भने तिनले किन सम्झौता-वार्ता गरेका हुन् त ? अनि तिनले "१० अक्टोबरको सम्झौता किन गरेका हुन त ? यस संसारको वस्तुस्थिति ज्यादै जटिल छ र कैयन् तत्वहरूले त्यसको निर्धारण गर्छन् । हामीले समस्याहरूलाई एक पहलुबाट मात्र नहेरेर विभिन्न पहलुहरूबाट हेर्ने गर्नुपर्छ ।

छुङकिङका केहि मानिसको सोंचाइ के छ भने च्याङ काई-शेक भर पर्न नसकिने धोकेबाज भएकोले उसँग सम्झौता वार्ता केहि लछारिँदैन । मैले भेटेका क्वोमिन्ताङका केहि सदस्यहरू लगायत कैयन् मानिसले मलाई यसो भने । मैले उनीहरूलाई तपाईले भन्नु भएको कुरा सहि र पक्का, हो तथा यसको नतिजा तपाईहरूले भन्नु भए जस्तै नै हुनेछ भन्ने कुरामा हामी हाम्रो अठाह्र वर्षको अनुभव हेरेर पक्कापक्की विश्वस्त छौँ भनेर भने । क्योमिन्ताङ र कम्युनिस्ट पार्टी यस सम्झौता-वार्तामा विफल हुने कुरा निश्चित छ, तिनले लडाइँ थाल्ने कुरा निश्चित छ र एक अर्को-सित सम्बन्ध बिच्छेद गर्ने कुरा निश्चित छ, तर यो समस्याको एक पक्ष मात्र हो । समस्याको अर्को पक्ष के हो भने अरु कैयन् तत्वहरूमध्ये च्याङ-काई-शेकको मनमा अनिवार्य रुपले आशङ्काहरू पैदा गर्नेछन् । यी तत्वहरूमध्ये मुक्त क्षेत्रहरूको शक्ति, विशाल पछिल्लो भागका जनताबाट गृह युद्धको विरोध हुनु र अन्तर्राष्ट्रिय परिस्थिति मुख्य तीन तत्वहरू हुन् । हाम्रा मुक्त क्षेत्रहरूमा १० करोड मानिसहरू छन्, १० लाख फौजहरू छन् र २० लाख जन-सेनाका सदस्यहरू छन् । यो एउटा त्यस्तो शक्ति हो जसलाई कसैले पनि लर्तरो ठान्ने आँट गर्न सक्दैन् । राष्ट्रको राजनैतिक जीवनमा हाम्रो पार्टीको स्थान अब न त १९२७ को जस्तो छ, न १९३७ को जस्तो नै छ । कम्युनिस्ट पार्टीलाई समान मर्यादा प्रदान गर्न सधै नामन्जुर गरिआएको क्वोमिन्ताङ पनि अब यसलाई त्यस्तो मर्यादा प्रदान गर्न बाध्य भएको छ । मुक्त क्षेत्रहरूको हाम्रो कामले सिङ्गै चीन र सिङ्गै संसारलाई प्रभावित गरिसकेको छ । विशाल पछिल्लो भागका जनता शान्तिको इच्छा गर्छन् र जनवाद चाहन्छन् र छुङकिङमा छँदा मलाई व्यापक जनताको हार्दिक समर्थनको गहिरो अनुभूति भयो । त्यहाँका जनता क्वोमिन्ताङ सरकारसँग असन्तुष्ट छन् र तिनले हामीमाथि आफ्ना आशा केन्द्रित गरेका छन् । मैले अमेरिकीहरू लगायत थुप्रै विदेशीहरूलाई पनि भेटे । उनीहरू समेत पनि हामीप्रति सहानुभूति राख्दछन् । विदेशी मुलूकहरूका व्यापक जनसमूह चीनका प्रतिक्रियावादी शक्तिहरूसँग असन्तुष्ट छन् र उनीहरू चीनका जनवादी शक्तिहरू प्रति सहानुभूति राख्छन् । उनीहरू च्याङ-काई-शेकका नीतिहरू प्नि अस्वीकार गर्छन् र हाम्रो मुलूक र विश्वका सबै भागमा हाम्रा थुप्रै मित्रहरू छन् हामी एक्लो परेका छैनौँ । चीनको गृह युद्धको विरोध गर्ने र शान्ति तथा जनवादको पक्षमा खडा हुने मानिसहरूमा हाम्रा मुक्त क्षेत्रका मानिसहरू मात्र नपरेर विशाल पछिल्लो भागका र विश्वभरिका व्यापक जन-समूहहरू पर्दछन् । आफ्नो तानाशाही कायम राख्ने र कम्युनिस्ट पार्टीलाई ध्वस्त पार्ने च्याङ-काई-शेकको मनोगत इच्छ छ, तर उसको अघिल्तिरको बाटोमा कैयन् वस्तुगत कठिनाइहरू छन् । त्यसकारण, उसको अलि यथार्थवादी पनि हुनु परेको छ । उ यथार्थवादी हुँदैछ, र हामी पनि यथार्थवादी छौँ । हामीलाई निम्ता गर्नु उसको यथार्थतवादीपन हो र उसँग सम्झौता वार्ता गर्न जानु हाम्रो पनि यथार्थवादीपन हो । हामी २८ अगस्तमा छुङकिङ पुग्यौ ।

२९ अगस्तको बेलुका मैले क्वोमिन्ताङका प्रतिनिधिहरूलाई के भने भने १६३६ को १८ सेप्टेम्बरको घटनादेखि नै मुलुकमा शान्ति र एकताको खाँचो परेको छ । हामीले शान्ति र एकताको माग गरेका थियौ तर तिनले यस मागलाई कार्यान्वयन गरेका थिएनन् । ७ जुलाई १९३७ मा प्रतिरोध युद्ध छेडिनु अघि १६३६ को शिआनको घटनापछि मात्र शान्ति र एकताले साकार रुप लिएको थियो । त्यस युद्धको आठ वर्षको अवधिमा जापान विरुद्ध हामीसँगै मिलेर लड्यौँ । तर गृह युद्ध भने कहिल्यै रोकिएन, साना वा ठूला भिडन्तहरू अटुट रुपमा भइरहे । यस अवधिमा गृह युद्ध हुँदैभएन भन्नु धोका हो र यस भनाइले तथ्यसँग मेल खाँदैन । विगत आठ वर्षमा हामीले सम्झौता वार्ता गर्ने आफ्नो तत्परता बारबार प्रकट गरेका हौँ । हाम्रो पार्टीको सातौँ महाधिवेशनमा हामीले के घोषण गरेका थियौँ भने "क्वोमिन्ताङका अधिकारीहरू तिनका गलत नीतिहरू त्याग्न तयार हुनासाथ र जनवादी सुधारहरू गर्न मन्जुर हुनासाथै उनीहरूसँग सम्झौता-वार्ता शुरु गर्न हामी तयार छौँ ।" ६ सम्झौता-वार्तामा हामीले के घोषणा गर्यौं भने पहिलो करा, चीनलाई शान्ति चाहिएको छ र दोस्रो कुरा, चीनलाई जनवाद चाहिएको छ । यी कुरा नकार्ने कुनै कारण फेला पार्न नसकेर च्याङ काई-शेकले हाम्रो कुरा मान्नैपर्यो । एकतिर "कुराकानीको सारांश" मा प्रकाशित शान्तिको नीति र जनवाद सम्बन्धी सहमति कागतमा भएका शब्दहरू मात्र हुन् र तिनलाई अझैँ व्यवहारमा अत्तारिएको छैन, अर्कोतिर, कैयन् किसिमका शक्तिहरूबाट तिनको निर्धारण भएको छ । मुक्र क्षेत्रहरूका जनशक्तिहरू, विशाल पछिल्लो भागका जन शक्तिहरू, अन्तर्राष्ट्रिय परिस्थिति यी सबै कुराको आम प्रबृत्तिले यो कुराहरू मात्र क्वोमिन्ताङलाई बाध्य गराएको हो ।

"ईटाको जवाफ ढुङ्गाले" कसरी दिने भन्ने कुरा परिस्थितिमा भरपर्छ । कहिले काही सम्झौता-वार्ता गर्न जाँदै नजानु नै ईटाको जवाफ ढुङ्गाले दिनु हुन्छ ।

## जनमत संग्रह नै ....

आकाश छुने रणनीति र धर्ती चुम्ने कार्यनीति बनाएको छ कि धर्तीलाई छाडेको छ र आकाश चुम्ने हवाई कल्पना मात्र गरेको छ भन्नेबाट निर्क्योल गर्न सकिन्छ । अहिले नेकपाले दिएको जनमतसङ्ग्रहको नारामाथि गरिएका विभिन्न टिप्पणीको सही जबाफ यही हो । क्रान्तिकारी पार्टीले देशको राज्यसत्तामा चुलिँदै गएको सङ्कट, जनताको सत्ता र सरकारप्रतिको घृणा, वितृष्णा र आक्रोशलाई सही तरिकाले सम्बोधन गरेर तयार पारिएको कार्यनीति वा कार्ययोजनालाई जति सजिलो र बुझ्ने बनाइयो भने जनताले सत्ता परिवर्तनका लागि विद्रोह गर्दछन् । इतिहासले यी तथ्यहरूलाई पुष्टि गरिराखेका छन् ।

फ्रान्समा २१ जनवरी १७९३ मा त्यहाँका राजा लुई बोनापार्ट सोह्रौँलाई जनताले गिलेटिनले मृत्युदण्ड दिएका थिए । फ्रान्सको उक्त क्रान्ति फ्रेन्च क्रान्तिका नामले अहिले पनि चर्चित छ । फ्रान्समा एकपछि अर्को राजनीतिक सङ्कट परिराखेको थियो । राजामहाराजाहरू मोजमस्तीमा डुबेका थिए । जनताले सामान्य पाउरोटी पनि खान पाएका थिएनन् । त्यसैले जनताले टुइलेरिस दरबारबाहिर जम्मा भएर पाउरोटी खान पाउनुपर्छ भन्दै नारा लगाएका थिए । तिनीहरूले नारा लगाएको आवाज लुईकी महारानी मेरी एन्टोइनेटेले सुनेपछि त्यसो भए 'तिनीहरूलाई ब्रिआचे खान देऊ !' भनेको कुरा २०१८ मा जोन एम कुनिङ्घमले फ्रान्सेली दार्शनिक जिन ज्याक्वेस राउसिउले पहिलोपटक १८४३ मा लेखेको कुरा सार्वजनिक गरेका छन् । ब्रिआचे भनेको विशेष खालको केक हो । महारानीको त्यही ब्रिआचे खान देऊ भन्ने भनाइले जनता आक्रोशित भएर दरबारमा घरेलु हतियार बोकेर आक्रमण गरेका थिए । उक्त विद्रोहले फ्रान्समा गणतन्त्र जन्माएको थियो ।

लुईलाई मृत्युदण्ड दिएपछि पनि फ्रान्समा राजनीतिक स्थिरता थिएन । अर्को चर्चित राजनीतिक परिघटना भनेको ९ नभेम्बर, १७९९ मा जनरल नेपालियन बोनापार्ट फ्रान्सका काउन्सिल पदमा पुगेका थिए । उनले आफूलाई नै राजा घोषणा गरेका थिए । पछि ब्लाङ्कीहरूले १८७१ मा फेरि पेरिसमा विद्रोह बोलेका थिए र त्यहाँ पहिलोपटक कम्युनार्डहरूले समाजवादी सत्ता स्थापना गरेका थिए । त्यस समयमा कम्युनार्डहरूले 'पितृभूमिको रक्षा' को नारा दिएका थिए । त्यत्रो शक्तिशाली सत्ताका विरुद्ध दिइएको यो नारा सामान्य नै थियो जुन नाराले जनतालाई आफ्नो लक्ष्य चुम्ने बाटो देखाइदिएको थियो ।

पहिलो विश्वयुद्धले युरोप लखतरान परेको थियो । लामो समयदेखि सङ्गठन विस्तार र वर्गसङ्घर्ष गर्दै आएको लेनिनले नेतृत्व गरेको रसियन कम्युनिस्ट पार्टी (बोल्सेबिक) ले शान्ति, रोटी र जमिनको नारा दिएर अक्टोबर विद्रोह गरेको थियो । केबल १० दिनको विद्रोहले सोभियत समाजवादको स्थापना भएको थियो । आफूलाई खाँटी क्रान्तिकारी भन्दै आएका कार्ल काउत्स्की, प्लेखानोभहरूले साम्राज्यवादको योजनामा भएको 'षड्यन्त्रमूलक कू' भनेका थिए । वास्तवमा यो नै मार्क्सवादी नीतिमा आधारित पहिलो वैज्ञानिक समाजवाद थियो ।

माथिका उदाहरण दिनुको तात्पर्य के हो भने सच्चा कम्युनिस्ट क्रान्तिकारीले सम्बन्धित देशको जमिनी यथार्थको सही विश्लेषण गरी दिइएको सामान्य नाराले पनि सत्ता परिवर्तनको सङ्घर्षलाई निर्णायक बनाउन सक्दो रहेछ । विश्वमा साम्यवादी मात्र नभएर पुँजीवादी क्रान्ति र आन्दोलनहरू पनि यस्तै नारालाई जनताले अपनत्व दिएपछि सफल भएका छन् । नेपालकै सन्दर्भमा २०३६ सालमा पाकिस्तानमा भएको जुल्फिकर अलि भुट्टोको हत्याका विरुद्ध नेपालका विद्यार्थीले गरेको आन्दोलनले पञ्चायतविरुद्ध धावा बोलेको थियो । त्यही आन्दोलनको फलस्वरूप २०३७ सालमा जनमतसङ्ग्रह भएको थियो ।

अब कुरा आउँछ नेपालको राजनीतिक समस्या समाधान गर्न, दिगो शान्ति र वैज्ञानिक समाजवाद स्थापना गर्न नेकपाले अगाडि सारेको जनमतसङ्ग्रहको नारा सही छ त ? दुईवटा तथ्यहरूले उक्त नारा सही छ भन्ने पुष्टि गर्न सकिन्छ । रणनीतिमा दृढता र कार्यनीतिमा लचकता अपनाएर कार्यनीतिअनुसारको सङ्गठनात्मक संरचना निर्माण गरी नेतृत्वले कुशलता र जोखिमहरूलाई मोल्दै आह्वान गरेमा जनता यस्ता नारालाई आत्मसात गरी आन्दोलनमा उत्रिन्छन् । फ्रेन्च क्रान्ति, पेरिस कम्युन, अक्टोबर क्रान्ति मात्र नभएर बेलायतमा भएको गौरवपूर्ण क्रान्तिहरूले यो पुष्टि गरेका छन् ।

बेलायतलाई संसदीय व्यवस्थाकी आमा भनेर जोन ब्राइटले १८ जनवरी १८६५ मा भनेका थिए । त्यही समयदेखि यसलाई पश्चिमा संसदीय प्रजातन्त्र भन्न थालियो र बेलायतका सबै औपनिवेशिक देशहरूमा यसैलाई नमुना बनाइएको थियो । हाउस अफ लर्ड र हाउस अफ कमन गरी दुईवटा संसद् बनाइएको थियो । हाउस अफ लर्डमा क्रिस्चियन धर्मका वरिष्ठ पदाधिकारी र लर्ड अफ टेम्पोरल (जीवनसाथी र वंशाणुगत साथी) प्रतिनिधित्व गर्दथे । अहिले पनि गरिराखेका छन् । बेलायतमा हाउस अफ लर्डको स्थापना धेरै अगाडि ११ औँ शताब्दीमा भएको मानिन्छ । तर हाउस अफ कमनको स्थापना १३४१ मा भएको थियो । यी दुईवटा हाउस फरकफरक समयमा हुनुको कारणमा स्पष्ट हुनु पर्दछ । मालिक र कामदारहरूको प्रतिनिधित्व गर्ने हो । यसले के कुरा स्पष्ट हुन्छ भने संसदीय व्यवस्थाको स्थापना नै धनी, धर्मभिरुहरूका लागि भएको थियो अनि यो कसरी मेहनतकश जनताका पक्षमा हुन्छ ? यो त धनी-धनी र धर्मभिरुहरूको शक्ति बाँडफाँटलाई सन्तुलनमा ल्याइएको व्यवस्था हो । त्यसैले संसदीय व्यवस्था ठीक कि बेठीक भनेर बहस गर्नुपर्ने नै छैन । यसको स्थापना नै शोषक र शासक जन्माउने हो । उनीहरूको आवधिक निर्वाचन भनेको पुँजीवादीहरूको लुटको स्वर्ग बचाउने, शोषितपीडित र श्रमजीवीलाई कसरी शोषण गरिराख्ने भन्ने प्रस्तावलाई संसद्का माध्यमबाट वैधानिकता दिने 'प्रजातान्त्रिक अधिकार' को नाटक मञ्चन ।

त्यसैले १४ औँ शताब्दीमा सामन्तवादको विकल्पमा पुँजीवादीहरूले लागू गरेको संसदीय व्यवस्थाको त कार्ल मार्क्स र एङ्गेल्सले वैज्ञानिक समाजवादको प्रवर्द्धन गरेसँगै मिति पुगिसकेको थियो । त्यसैले कुनै पनि नाम वा खोलको संसदीय मिति पुगिसकेको पुँजीवादी व्यवस्थाले नेपाली राज्यसत्तामा गहिरिरहेको सङ्कट, जीवनमरणको भुमरीमा लपेटिएका जनतामा पैदा भएको आक्रोशलाई मत्थर पार्न सक्दैन । त्यसैले शान्तिपूर्ण तरिकाले जनतामा शक्ति हस्तान्तरण गर्ने साहस शासकहरूले गर्ने हो भने व्यक्ति र पार्टी नभई व्यवस्था चुन्ने अधिकार दिनु पर्दछ ।

नेपालमा व्यवस्थाका लागि भनेर सन् २ मे १९८० मा जनमतसङ्ग्रह भएको थियो । उक्त जनमतसङ्ग्रहमा जनमतसङ्ग्रहको माग गरेर आन्दोलन गर्ने बहुदल पक्षधरहरूले हारे भने सत्तामा रहेको पञ्चायतले जितेको थियो । यसैलाई आधार मानेर अहिले भनिएको जनमतसङ्ग्रहमा पनि वैज्ञानिक समाजवादीहरू हार्छन् र उस्तै परेमा गणतन्त्र नै गुमेर पुरानै सामन्तवादी राजतन्त्रको पुनर्स्थापना हुन सक्छ भन्ने आशङ्का बढी नै उठेको पाइन्छ । यसका लागि सबैभन्दा पहिला २०३७ सालमा भएको उक्त जनमतसङ्ग्रहको माग गर्दा गरिएका कमजोरीहरू केके थिए भन्ने बुझ्नुपर्छ । कम्युनिस्टहरूको बलियो उपस्थिति हुदाहुँदै पनि नेपाली काङ्ग्रेसका नेता बीपी कोइरालाले नीतिगत कमजोरी गरी जनमतसङ्ग्रहको चुनाव गर्न सहमत भएका थिए । पहिलो कुरा उनी पञ्चायती व्यवस्थाअन्तर्गत नै चुनावमा जान तयार भएका थिए । पुरानै संरचनामा गरिने चुनावमा नयाँ विचार र शक्तिको विजयको आशा गर्नु राजनीतिको सामान्य जानकारी नराख्नु वा आफूले दिएको नाराप्रति थोरै पनि विश्वास र सचेत नहुनु हो जसको परिणाम पञ्चायतले जित्यो र पञ्चायतको आयु १० वर्ष थपियो ।

त्यसो भए के गर्ने त ? अहिले माग गरिएको जनमतसङ्ग्रहको चुनाव हुनुभन्दा पहिला अन्तरिम संविधान निर्माण गरिनु पर्दछ । त्यही संविधानको मातहतमा प्रगतिशील शक्तिहरूको अन्तरिम सरकार निर्माण हुनु पर्दछ जसले एकातिर अन्तरिम सरकार र राज्यको सञ्चालन गर्दछ, अर्कोतिर निश्चित समयमा अहिलेको संसदीय गणतन्त्रात्मक व्यवस्था ठीक कि वैज्ञानिक समाजवाद भन्ने विषयमा जनता व्यवस्था चुन्न पाउने जनमतसङ्ग्रहमा सहभागी हुनेछन् । अहिले संसदीय व्यवस्था र यहाँका संसदीय राजनीतिक पार्टीहरूको रबैया, अझ संविधान घोषणापछि पहिलो चुनावबाट लगभग दुई तिहाइको मत पाएको सरकारले चुनावमा दिएका नारा पूरा गर्नु त कता हो कता यहाँसम्म पुग्दा पार्टी नै घोषित रूपमा ३ टुक्रा भएको छ भने सामान्य संसदीय व्यवस्थाको मूल्य र मान्यताअनुसारको अर्को सरकार पनि बनिराखेको छैन । कोरोनाले जनता आक्रान्त छन् । अहिले सरकारले ल्याएको केवल १ प्रतिशत बजेटले सबै जनतालाई कोरोना भ्याक्सिन दिन सरकारले सकेको छैन । अझ लाजमर्दो कुरा त भारतसँग किनिएको कोभोभ्याक्स आउन सकेको छैन । अरू राष्ट्रियता, जनतन्त्र र जनजीविकाका कुरा छाडिदिऊँ । यति मात्र नभएर प्रतिपक्ष भन्ने पार्टीहरू पनि केवल सरकारमा कसरी जाने, यो सरकारलाई कसरी ढाल्ने र आगामी चुनाव कसले गराउने भन्ने असाध्यै फोहोरी खेलमा लागिरहेका छन् । सरकार भने आफ्नो सरकार कसरी टिकाउने भन्नेतिर तिकडम गरिराखेको छ ।

यी घटनाक्रमहरूबाट जनता आजित भएका छन् र विकल्प खोजिरहेका छन् । यस्तो अवस्थामा हुने जनमतसङ्ग्रहको परिणाम जनताको व्यवस्था परिवर्तनका पक्षमा आउने कुरामा निश्चित भए हुन्छ । अब आयो संसद्वादीहरूले के जनमतसङ्ग्रहलाई स्वीकार गर्लान् त ? सबैले बुझ्न जरुरी छ, उनीहरूले सजिलैसँग उक्त नारालाई स्वीकार गर्दैनन् । त्यसका लागि क्रान्तिकारी शक्तिले आमजनतालाई सचेतता र इमानदारीपूर्वक प्रशिक्षण र अपिल गर्नुपर्दछ । जहाँसम्म बल प्रयोगको कुरा छ, यस तथ्यलाई कम्युनिस्टहरूले मार्क्सवादको प्रादुर्भावसँगै स्वीकार गर्दै आएको हो । यहाँ कुरा आउँछ, बल प्रयोग भनेको के हो ? बल कसरी पैदा हुन्छ ? जनता नै बलका सबैभन्दा ठूला स्रोत हुन् । उनीहरूले नै बल तयार पार्दछन्- जनबल । त्यसैले प्रतिक्रियावादीहरूको जालझेलमा जनता हात बाँधेर बस्दैनन् । ती जनता सचेत, विचारयुक्त गराई सङ्गठित पार्ने काम क्रान्तिकारीहरूको हो । चुनौती र समस्याबाट भाग्ने होइन, सामना गर्ने हो । त्यसैले जनमतसङ्ग्रहका लागि सबै देशभक्त, प्रगतिशील सच्चा वामपन्थीहरू एक हुनु जरुरी छ ।

# जात व्यवस्था: अझै नसुल्झिएको पहेली

''मसँग विहे गरेपछि माइती पक्षले सुशीलासँग सम्बन्ध नै तोड्यो । विहेपछि सुशीला माइती गएकी छैनन् । उनी प्रधान न्यायधीस भएपछि बल्ल उनका भाई भेट्न आए । मेरो दुबै भाईले सुशीलालाई भाउजुका रुपमा स्वीकार गरे तर उनीहरुका क्रुर ब्राहमणी पत्नीहरुले अहिले पनि सुशीलाले पकाएको खाँदैनन् । नेपाली समाज कती पछौटे छ र नारीहरुले कस्तोसम्म सहनुपर्छ भन्ने यो एउटा उदारण हो ।१ यो भनाई कुनै औसत नागरिकको होइन मुलुकको एक शक्तिशाली निकाय सर्वोच्च अदालतकी अवकाश प्राप्त प्रधान न्यायधीस सुशीला कार्कीका श्रीमान, एक समयका काङ्ग्रेसी नेता, मुक्ति सेनाका कमाण्डर दुर्गा सुवेदीको हो । उनी कुनै गैरदलितले दलितलाई छुवाछूत गरे जस्तो उत्पीडनको सिकार भैहाल्नुपर्ने स्तरका मान्छे अवश्य पनि होइनन् । एक समयका विपी, गिरिजा र गणेशमानका समकालीन नै हुन् भन्दा अन्यथा नहोला । नेपाली समाजमा हामीले सोचे जस्तो जातिय भेदभाव र छुवाछुतको अन्तरकथा खाली दलित समुदायमा मात्र होइन समाजका अन्य जाति र समुदायमा पनि त्यत्तिकै जब्बर रुपमा जडा गाडिसकेको कुरा यो एउटा प्रतिनिधिमुलक घटनाले स्वतःउजागर गर्दछ । सुशीला कार्की जसले आफ्नो न्याय सेवाकालिन यात्रामा कैयौ विभेद र उत्पीडनका मुद्धाहरुको छिनोफानो गरिन् होला, कयौँलाई न्यायको अनुभूति पनि गराइन् होला र अन्याय गर्ने उपर कठोर दण्ड सजाय पनि गर्नुपर्यो होला तर आफु, आफ्नो परिवार र समाजको धरातलबाट भने उनी मात्रै कसरी अलग रहन सक्थिन् र ? हुन त यस्ता विभेदका अनगिन्ती घटनाहरु छन् । बाराको गढीमाइ मेलाको उद्धाटनको क्रममा राष्ट्रपती विद्यादेवी भण्डारीलाई समेत विधुवा आइमाईले धार्मिक मेलाको उद्धाटन गर्नु अशुभ भयो भनेर गरिएको प्रदर्शनको घटना पनि सार्वजनिक नभएको होइन । यी उल्लेखित दुई वटा प्रतिनिधिमुलक घटनाहरु मात्रै हेर्नु भयो भने पनि हाम्रो समाजमा भेदभावको स्तर कहाँदेखि कहाँसम्म छ भन्ने कुरा स्वतः प्रष्ट हुन्छ ।

## १) को हुन् दलितहरु

''दलित शब्द 'दल' धातुबाट बनेका हो । दलको अर्थ समुह, जमात, गुट हो । दल शब्दमा इत प्रत्यय (दलंइत) लागेर दलित शब्द बनेको छ । जसको अर्थ हुन्छ - अर्काको थिचोमिचोमा परेको, अरुद्धारा सताईएको, समाजमा इज्जत प्रतिष्ठा नभएको -थिचिएको, किचिएको, मिचिएको ।२ राष्ट्रिय दलित आयोगका अनुसार 'हिन्दु वर्णाश्रम, त्यसको जात व्यवस्था, १९९० सालको मुलुकी ऐनबाट पानी नचल्ने र छोईछिटो हाल्नुपर्ने जातजाति भनि जातिय भेदभाव एंवम समाजमा अछुत मानिएका र सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक तथा धार्मिक रुपमा राज्यको मुल प्रवाहबाट पछाडि पारिएका जातजातिका समुदायलाई दलित भनिएकको छ ।३ त्यस्तै कसलाई दलित भन्नेबारे आहुती यसो भन्छन्ँदलि शब्दले सामान्यतया हेपिएको, दलिएको, पिसिएको अर्थ दिए पनि दलित मुक्ति आन्दोलनको भारतीय र नेपाली सन्दर्भमा हेर्दा यसले हिन्दु समाजमा 'पानी अचल बनाइएका जातहरुको साझा समुदायगत पहिचान तथा अर्थ समेत दिने स्तरमा पुगेको छ ।४ आहुती कै शब्दमा फेरी उहाँ भन्नुहुन्छ ः भारतको महाराष्ट्रमा ज्योतीबा फुले - (ज्योतीराव गोविन्द राव फुले, सन् (१८२(१८९०) नामका महात्मा कहलिएका समाज सुधारकले सर्वप्रथम दलित शब्दको प्रयोग गरेका हुन् भन्ने कुरा विभिन्न विद्वानहरुले मान्दै आएका छन् । नेपालमा २०२४ सालमा गठित नेपाल राष्ट्रिय दलित जनविकास परिषद नामको संगठनले पहिलो पटक आफ्नो संगठनको नाममा र कथित अछुत समुदायकै साझा पहिचानका रुपमा दलित शब्द प्रयोग गर्यो । त्यसअघि आजका दलितहरुलाई अछुत, तल्लो जात, पानी अचल, पौनी आदी अपमानजनक शब्दद्धारा नै सम्बोधन गरिन्थ्यो ।५ यसरी हेर्दा यस सन्दर्भमा वर्गीय उत्पीडनको सारत्वसहित सामाजिक र साँस्कृतिक उत्पीडनको मुख्य समस्या झेलिरहेका विशेषतः नेपाल र भारतमा बसोबास गर्ने अझै १७ करोड जनसर्ृयालाई दलितको रुपमा बुझ्दा नै सहि हुन्छ ।

## २) वर्णाश्रम व्यवस्था

वर्ण व्यवस्था भनेको मानिसलाई वर्ग र जातपातमा विभाजित गर्ने र त्यसको आधारमा श्रम र सामाजिक स्तर निर्धारण हुने परिपाटी हो । समाजलाई ब्राहमण, क्षेत्री, वैश्य र शुद्रको रुपमा विभक्त गरी कुन जातले के गर्न हुन्छ, के गर्न हुँदैन, कुन जात उच्च र कुन जात नीच, एउटै प्रकृतिको अपराधमा पनि कुन जातकालाई कति र कस्तो दण्ड, सजाय गर्ने र कुनलाई नगर्ने जस्ता धार्मीक, साँस्कृतिक र कानुनी प्रावधानको व्यवस्था गरी हिन्दु वर्णाश्राम जातव्यवस्थालाई संस्थागत गरिदै आएको छ । यो व्यवस्थाको उत्पत्ति कसरी भयो भन्ने सन्दर्भमा धार्मिक दृष्टिकोणलाई उद्धृध गर्दै युवल नोहा हरारीले आफ्नो वेस्टसेलर पुस्तक होमो सेपियन्समा यसरी लेखेका छन् "Hindus who adhare to the caste system believe that cosmic forces have made one caste superior to another. According to a famous hindu creation myth, the gods fashioned the world out of the body of a primeval being the purus. The sun was created from the puruaÚs eye, the moon from the purusaÚs brain,the Brahamins 'priests' from its mouth,the kshatriyas 'worriors' from its arms,the vaishyas 'peasants and merchants' from its twighs,and the shudras 'servents' from its legs. Accept this explation and the sociopolitical differences between brahamins and shudras are as natural and external as the differences between the sun and the moon.६ यसरी एकातिर हिन्दु वर्णाश्रम जात व्यवस्थालाई प्राकृतिक नियममा आधारित एवं चन्द्र सुर्य जत्तिकै अन्त्यहिन व्यवस्थाको रुपमा व्याख्या गरिएको पाइन्छ भने अर्कातिर ब्राहमण कसलाई भन्ने वा ब्राहमणको कोखमा जन्मिदैमा कोही ब्राहमण हुन सक्छ की सक्दैनन् भन्ने सन्दर्भमा भनिएको छ ँजन्मनाद जायते शुद्रःसंस्काराद् द्धिज उच्यते । पठनाद जायते विप्रो ब्रह्म जानाति ब्रहमणः।। (मान्छे जन्मँदा सँबै शुद्र मात्र हुन्छन्, सँस्कारले त्यो द्धिज कहलाउँछ, पठन कार्य विद्यालाभ गर्दा त्यो विप्र हुन्छ र ब्रहमज्ञान प्राप्त भएपछी मात्र ब्राहमाणको पदको लागी योग्य हुन्छ ।७ गिताको यो श्लोकलाई आधार मान्दा जन्मजात कोही पनि उपल्लो वा तल्लो जात कहलाउँदैन । उसको कर्म र संस्कारका आधारमा वर्णको श्रेणीमा विभाजन गर्न सकिन्छ । किनकी जन्मिदाँ त सबै अज्ञानी र खाली दिमाग मै जन्मिन्छन् । यो सँगै एउटा प्रश्न के उत्पन्न हुन्छ भने के तल्लो स्तरको कर्म गरेको आधारमा कुनै बाहुन वा क्षेत्रीय शुद्रको श्रेणीमा झरेको र माथिल्लो वा ज्योतिष ज्ञानद्धारा पारंगत भएपछि कुनै दलितको छोराछोरी ब्राहमण वा माथिल्लो जातमा बढुवा भएको इतिहास कही छ र एकथरी विद्धानहरुले छुवाछुत प्रथा वेदको रचनासँगै भएको होइन यो समस्या उत्तर वैदिक कालमा आएर मात्र झाङगिदै गएको हो भनी व्याख्या गरेका छन् । नेपालमा लिच्छबीहरुको आगमनसँगै वर्णाश्रम प्रथाको सुरुवात भएको र पछि जयस्थीति मल्ल हुँदै १९९० को मुलुकी ऐनसम्म आउँदा नै जात व्यवस्थाले कठोर कानुनी मान्यता पाएको हो ।

## ३) जातिय भेदभाव र छुवाछुत एउटै होइनन् ।

हामीले कहिलेकाही जातजातिको आधारमा हुने उचनिचको व्यवहार एवं भेदभाव र छुवाछुत प्रथालाई एउटै अर्थ र स्तरमा लिने गर्छौं तर वास्तविकता त्यस्तो होइन । विभिन्न जातहरुबीच ठूलो र सानो, सभ्य र असभ्य, उच र नीच भनेर हुने भेदभाव र विभेद प्रायः सबै जातिमा छ । गोराहरुले काला जातीलाई विभेद गर्छन् । हिन्दुले मुस्लिमलाई विभेद गर्छन्, बाहुनले क्षेत्रीलाइ विभेद गर्छन् तर उनीहरुबीच छोईछिटो गर्ने छुवाछुत प्रथा भने थिएन् र छैन पनि । छोएको पानी नचल्ने यो परिपाटी दलितहरु माथिको मात्रै समस्या हो ।

## ४) विभेदको पराकाष्ट

पत्रकार रुपा सुनार र घरबेटी सरस्वती प्रधानबीच भएको छुवाछुत तथा विभेदजन्य व्यवहारका सम्बन्धमा पीडित भनिएकी रुपा सुनारले कानुनी न्याय पाउन र पिडकलाई सजाय होस् भनी दिएको निवेदनपछि थुनामा रहेकी प्रधानलाई सरकारका शिक्षामन्त्री कृष्णगोपाल श्रेष्ठले सरकारी गाडीमा झण्डा हल्लाउँदै आफ्नो गाडीमा हालेर लिए । यसरी पीडितलाई न्यायको अनुभूति गराउनुपर्ने दायित्व बोकेको राज्यका मन्त्रीले नै यसरी कानुन र न्यायलाई चुनौति दिन मिल्छ कि मिल्दैन । घटनाबारे वाम विश्लेषक श्याम श्रेष्ठ टिप्पणी गर्छन् ँराज्यको काम यस्ता सामाजिक घटनामा न्याय दिन उभिने हो । मन्त्री ९कृष्णगोपाल श्रेष्ठ० आफै कुनै एक समुदायको पक्षमा लाग्दा अर्को समुदायलाई सहाराविहिन भएको अनुभूति हुन्छ । कसैले अन्याय गर्दा म सँग राज्य छ भनेर पीडित निडर हुनुपर्नेमा,



शेर बहादुर बि.क.

जब राज्य नै एउटाको पक्षमा खडा हुन्छ । त्यसले अर्कोलाई राज्यबाट अलग्याइयको महसुस हुन्छ ।८

एउटा कानुनी राज्यमा यस प्रकारका कुनै पनि घटनाको कानुनी र न्यायिक निरुपण हुनुपर्नेमा, शक्ति र सत्ताको बलमा घटनाको कुनै एक पक्षमा राज्य र यसका प्रतिनिधिहरु खुलेआम उभिने कुरा लोकतन्त्र र मानवअधिकारको ठाडो उल्लङ्घन मात्रै होइन सत्ता आफै विभेदकारी र एउटा कुनै खास वंश, वर्ग र धर्मको पक्षधर छ भन्ने कुरा यो एउटा खुल्ला दृष्टान्त पनि हो ।

## ५) कोठा भाडाको राजनीति

सरस्वती र रुपा सुनारको कोठा बहालमा दिने बारेको समाचार बाहिरीएपछि सामाजिक संजालमा यसको पक्ष वा विपक्षमा विभिन्न प्रतिक्रियाहरु सार्वजनिक भएका छन् । कतिपयले आफ्नो घरको कोठा कसलाई भाडामा दिने र कसलाई नदिने भन्ने कुरा घरबेटीको अधिकार भएको र यस प्रकरणमा छुवाछुत विभेद भन्न नमिल्ने भन्दै घटनाको प्रतिरक्षा गर्नु हुदै प्रयास गरेको देखियो । तर सेतोपाटी डटकमका प्रधान सम्पादक अमित ढकाल भने यसो भन्छन्, घर भाडामा लगाउनु भनेको व्यवसाय गर्नु हो । यसबाट आम्दानी हुन्छ, राज्यले कर लगाउँछ । घर भाडामा लगाउँनका लागी राखी सकेपछि जातका आधारमा कुनै मानिसलाई दिन्न भन्न पाइदैंन । औषधी पसल, रेस्टुरेन्ट, होटेल वा अरु कुनै व्यवसाय संचालन गरेर फलानो जातलाई सेवा दिन्छु, फलानोलाई दिन्न भन्नु छुवाछुत गरेको ठहर्छ ।९ एउटा व्यवसायिक प्रयोजनका लागी शहरमा बनाइएका घरहरुमा यस प्रकारको व्यवहार भएको कुरा कुनै नौँलो घटना होइन । देशको राजधानीमा समेत यस प्रकारका घटनाहरु दोहोरिनु हरेक सभ्य नागरिकका लागि लज्जाको विषय हो, र यो दण्डनीय अपराध समेत हो ।

## ६) कोटाको विवाद

रुपा सरस्वती प्रकरणको वरीपरी निकै चलेको एउटा विवाद के रह्यो भने दलितहरुमाथि छुवाछुत दुर्व्यवहारका घटनाहरु भैरहनुको कारण भनेको दलितका लागि छुट्याइएको आरक्षण हो । यसले नै समस्या बल्झाइरहेको छ । यतिसम्म भनिएको पाइयो कि 'तिमी दलित भएर कोठा पाएनौं, मैले बाहुन भएर कोटा पाइन ।' के आरक्षण र कोटा प्रणाली नै समस्याको जड हो त ? के आरक्षण प्रणाली अघि भेदभावजन्य समस्या थिएन त ? यस विषयमा केही तथ्य, तथ्याङ्क र तर्कको आधारमा विषयलाई प्रष्ट गर्न जरुरी छ ।

नेपालको कुल जनसंख्याको १३.८ प्रतिशत दलितहरुको जनसंख्या छ । तर राज्यका विभिन्न निकायमा दलितहरुको प्रतिनिधित्वको स्थिति के छ भन्नेबारे प्रकाश धौलाकोटी नयाँ पत्रिकामा लेख्छन् ''निजामति कर्मचारी ८८,५०० मध्ये दलित प्रतिनिधित्व १,९००(२.२२५) अदालतमा ४९५ न्यायधिसमध्ये दलित प्रतिनिधित्व ५ जना (१.० ९५), नेपाल प्रहरी तर्फ ६५,५०० मध्ये दलित ६,१९२ (९.४५ ५), नेपाली सेना ८७,९७२ मा ७,१६४ (८.१४५) छ । स्वास्थ्यको स्थिति हेर्दा ५ बर्ष मुनीका ब्राहमण,क्षेत्रीका बच्चाहरुको मुत्युदर प्रतिहजारमा ३१ हुँदा दलित बच्चाको प्रतिहजारमा ५१ छ । देशको निरपेक्ष गरीबीको रेखामुनी रहेका जनसंख्या १८.८५ हुँदा दलितको ४.४५ छ । २०६८ को गणना अनुसार नेपालीहरुको औसत आयु ६८ वर्ष हुँदा दलितहरुको ५८ वर्ष मात्रै छ ।१० त्यस्तै राजनीति क्षेत्रमा अहिले पनि दलित प्रतिनिधित्वको स्थिति हेर्दा यस्तो देखिन्छ -''संघिय सरकारमा दलितको सहभागिता (४५ ) र गैर दलित २१५, प्रदेश सरकारमा खस आर्य ५९.९२५, जनजाती १३.५८ ५, नेवार १.१२५, मधेशी २५.००५, थारु ३.८५५, मुस्लीम १.१२५ र दलित ० प्रतिशत छ । त्यस्तै स्थानीय सरकारको प्रमुख उपप्रमुखमा पहाडी ब्राहमण २०.८७ ५, पहाडी क्षेत्री २१.७४ ५, जनजाति ३२.८३, मधेशी १४.३५, दलित ३.२६, र मुस्लीम १.३० छन् ।११

माथि उल्लेखित राज्यका विभिन्न अंगहरुमा दलितहरुको प्रतिनिधित्व दयनीय नै देखिन्छ । शिक्षा, कृषि भूमि माथिको स्वामित्व, आयआर्जनमा पहुँच, यी सबै क्षेत्रमा दलितको स्तर निकै तल छ तर पनि आरक्षण र कोटाको विषयलाई लिएर एकथरी मानिसहरु किन विरोध गरिरहन्छन त ? प्रध्यापक सुखदेव थोराट भन्छन्, उच्च जातमा उनीहरुको भौतिक सुखसयल र उच्च सामाजिक हैसियत गुम्ने डर व्याप्त हुनु नै आरक्षणको आलोचनाको प्रमुख कारण हो । बहिष्कृत समुदायका लागी ल्याइएका यस्ता खालका नीतिहरुको निरन्तर विरोधको पनि जरो कारण यही हो, किनभने उनीहरु यो नीतिले आफ्नो आरक्षित स्थानको अतिक्रमण गरेको ठान्छन्, जहाँ उनीहरुले लामो समयसम्म हालीमुहाली गर्दै आएका छन् ।

## ७) सभ्यताको विकासमा दलित वर्गको योगदान

आजसम्म मानव सभ्यताको विकासक्रम जसरी हुँदै हामी यहाँ आइपुगेका छौ यसको मुख्य कारण भनेको उत्पादक शक्तिमा भएको निरन्तर विकासप्रक्रिया नै हो । मान्छेले आफ्ना आवश्यकता पुरा गर्नका लागि प्राकृतिक प्रतिकुलताहरुसँग मात्रै संघर्ष गर्नु परेन, उसले त आफ्नो श्रम प्रक्रियाद्धारा उत्पादनका लागि चाहिने औजारको पनि विकास गर्न त्यतिकै प्रयत्न गर्नु पर्यो । यसरी उत्पादनका लागि चाहिने औजार (उत्पादनको साधन) को निरन्तर आविस्कार द्धारा नै एउटा उत्पादन सम्बन्धको ठाउँमा अर्को उत्पादन सम्बन्ध स्थापित हुने गरेको छ । अर्थात उत्पादन शक्तिको विकासद्धारा नै एउटा युगको विस्थापन र अर्को युगको स्थापना हुन्छ, यो नै कार्लमार्क्सद्धारा राजनीतिक अर्थशास्त्रको क्षेत्रमा गएिको मुख्य खोज हो र यसैका आधारमा मार्क्सले ऐतिहासिक भौतिकवादी सिद्धान्तको विकास गरेका हुन् । उत्पादक शक्तिका तीन तत्वहरुः औजार, उत्पादन गरिने ठाउँ वा उत्पादनको वस्तु र मानविय श्रम प्रक्रिया मध्ये श्रम नै मुख्य र गतिशिल तत्व हो ।

जात व्यवस्थामा आधारित हाम्रो समाजको ऐतिहासिक भौतिकवादी सिद्धान्तको आधारमा मूल्याङकन गर्ने हो भने विभिन्न जातका आ आफ्ना योगदानहरु होलान् तर मुख्य श्रमिक वर्गको रुपमा दलित रहेको र उसले नै समाजलाई आवश्यक पर्ने औजारहरुको निर्माण र विकास गर्दै आएको कुरा प्रस्टै छ । यसबारे आहुति भन्छन् ''आरनको आविस्कार हुदैनथ्यो भने सामन्तवादी समाज हुँदैनथ्यो, इन्जिनको आविस्कार हुँदैनथ्यो भने सामन्तवाद ढलेर पूँजीवाद आउदैनथ्यो । आरन, तेल पेल्ने कोल, गोरु गाडा, घोडेरथ, चर्खा र हाते तान, ढुङ्गा, कपडा रंगाउने खाडी, काचो छाला प्रशोधन प्रविधि आदि । यी सबै औजार र प्रविधिको केन्द्र विन्दुमा थियो आरन, जुन विना धेरै जस्तो औजार र हतियारको निर्माण संभव नै थिएन । .. जात व्यवस्थामा कथित उच्च जातमा रहेकाहरुले के गरे ? राजा भए, महाराजा भए, सेनापति भए, सामन्त भए । उनिहरुले मोजमस्ती गरे, दमन गरे, अत्याचार गर्ने उत्पीडनका नयाँ नयाँ नियम बनाए तर उनिहरुले आरन चलाएनन, हलो जोतेनन, बस्त्र सिलाएनन, धागो काटेनन, काँचो छालालाई पाको बनाएनन, वास्तवमा समाजलाई अग्रगामिमा लैजान उनिहरुले श्रम नै गरेनन् । ''१३

## ८) अन्य जाती भित्रको विभेद

हिन्दु वर्णाश्रम जातमा आधारित सामाजिक व्यवस्था अन्तर्गत आजपर्यन्त दलित समुदाय माथि भेदभाव र छुवाछुतका घटनाहरु भैरहेको कुरा सुन्दा यो समस्या दलित बाहेकअरु जात र समुदायमा छैन कि भन्ने लाग्छ तर यो प्रथा अन्तर्गत विभेदको जालोले सबैलाई गाँजेको छ । हरेक थर र जातमा उपजात खडा गरिएको छ । एक भन्दा अर्कोलाई सानो र ठुलोमा विभेद गदै एकता हौइन, विखण्डन र समानता होइन विभेद खडा गरिएको छ । कथित उच्च जात भनिएका जात भित्रै पनि उचनीच र विभेदको सृङखला कस्तो छ भन्नेबारे केहि तथ्यतर्फ फर्कौ ।

''ब्राहमणको जरो पहिलयाउँदा उनीहरु पाँच भागमा विभक्त भएको पाइन्छः सारस्वत, कान्यकुञ्ज, गौड, मैथिल र उत्कल । 'पहाडी बाहुन र तराईका बाहुन वीच ठुलो विभाजनको खाडल नै छ जस्तो कि उनिहरु वीच विवाह चल्दैन ।' पर्वते ब्राहमणहरु पनि उपाध्याय र जैसीमा विभाजित छन् । वैदिक विवाह गरेका दम्पतिबाट जन्मेका सन्तान उपाध्याय हुन्छन् तर विद्यवा ब्राहमणी, 'कर्म नचलेको कन्या तथा पोइल गएकी ब्राहमणीबाट जन्मेका सन्तान जैसी हुन्छन ।'कुनै ब्राहमण स्त्री क्षेत्रियसँग एकपल्ट विग्रेर पुनः ब्राहमणबाट छोरा पाइ भने त्यस्तो सन्तती भाट हुन्छ । 'ठकुरी बाहेक अन्य क्षेत्रिय सित ब्राहमण पुरुषको विवाह भएर जन्मेको सन्तान खत्री कहलाउँछ । कुनै ब्राहमण वा क्षेत्रियले हाडनाताको व्यक्ति वा पशुसित यौन सम्बन्ध राखेर समाजबाट भ्रस्ट वा दामल भयो भने त्यस्तो व्यक्तिलाई दशनामी वा सन्नेसी सरह मानिन्थ्यो । 'कुनै ब्राहमण स्त्रीको सम्बन्ध विधिपूर्वक विवाह नभई गुप्त रुपमा क्षेत्रिसँग भएर जन्मको सन्तान खाती हुन्छ । त्यस्तै शुद्ध क्षेत्रियको गणनामा आउने हमाल, ब्राहमण पुरुष र ठकुरी समाजकी क्षेत्रिय स्त्रीको विवाह भएर जन्मेको सन्तान हो । ''१४

यसरी हेर्दा उल्लेखित भनाई र प्रथाहरुले प्रस्ट गर्दछ कि जातिय विभेदको समस्या दलित समुदायमा मात्रै होइन नेपाली समाजका बाहुन, क्षेत्रि, नेवार, जनजाती देखि मधेशी सम्म झाङ्गीएको छ । एउटा जाति र अर्को जाति मात्रै होइन अनततः यो प्रथाले एउटा मान्छे र अर्को मान्छे वीच समेत अमानवियता प्रकट गरिरहेको छ ।

## ९) वर्णाश्रम व्यवस्थाको दलित प्रतिको क्रुर दृस्टि

विशेषतः भारतिय उपमाहादिपको भारत र नेपालमा रहेको वर्णाश्रम जातव्यवस्था अन्तर्गत सबै जातजातिमा विभेद र विभाजन भएपनि कथित शुद्र जात प्रति भने निकै निकृष्ट र क्रुर दृष्टीकोण देखिन्छ । मनुस्मृतिमा भनिएको छ : ''शुद्रस्तु कारयेद्दास्यं क्रीतमक्रीतमेव वा । दास्यायैव दि सृष्टो ४सो ब्राहाणस्यं स्वयंभुवा ॥ अर्थात स्वयम्भु भगवानले ब्राहमणको सेवाका लागि नै शुद्रहरुको सृस्टि गरेका हुन । शुद्रलाई त केवल दासताको धर्मपालन गर्नका लागि नै बनाइएको हो । त्यस्तै अर्को ठाउँमा भनिएको छ :शतं ब्राहमणमाक्रुश्य क्षत्रियो दण्डमर्हती । बैश्यो ४ प्यार्धशतं द्धे वा शुद्रस्तुवधमर्हीत ॥ अर्थात ब्राहमणलाई कसैले चोर, चाण्डाल आदि भनि अपमान गरेमा क्षेत्रीयलाई एक सय पण र वैश्यलाई १५० वा २०० पण दण्ड गर्नुपर्छ । परन्तु शुद्रले त्यसो भनेमा उसलाई प्राणदण्ड दिनुपर्छ । ''१५ यसै गरि विष्णु पुराणको एउटा श्लोक यस्तो रहेछ : प्राणनर्यास्तथा दरान् ब्राहमणार्येनिवेदयेत् सशुद्र जातिरभोज्यस्यद्भोज्यः शेष उच्यते । (५/११) अर्थात जुन शुद्रले आफ्नो प्राण, धन तथा स्वास्नीलाई ब्राहमणको सेवामा अर्पण गर्छन, त्यस्ता शुद्रको अन्न र तिनिहरुले छोएको कुरा खान हुन्छ, अरु शुद्रको अन्न खान हुँदैन '' (इन्सेक २०५०:३९३)१६ फेरी शुद्रलाई कस्तो व्यवहार गर्नुपर्छ भन्ने बारे मनुस्मृतिमा भनिएको छ : शुद्रलाई ज्ञान सिकाउन, जुठो हव्य र काव्य खान, प्रत्यक्ष रुपमा धर्म र व्रतका कुरा सिकाउन हुँदैन । जुन राजाका राज्यमा शुद्र न्यायको अधिकारी हुन्छ, त्यस राज्यले भासमा गाडिएको गाईझै दुःख पाउँछ । यदि शुद्रले अहङकारवस कुनै ब्राहमणलाई धर्मको उपदेश दिन्छ भने राजाले उसको मुख र कानमा उम्लँदै गरेको तेल हाल्न लगाउँनु पर्छ । ''१७

## १०) अव के गर्ने ?

पाठकवृन्द ! एक छिन सोच्नुहोस त एउटा यस्तो निर्लज्य, कलंक र क्रुर प्रथा झण्डै ३३ सय वर्ष देखि हाम्रो घर आगन, मन मस्तिष्क, वरिपरि घर जमायर, जरा गाडेर बसेको छ । हामीवीचको आपसी प्रेम, सद्भाव र मानवतालाई चुडांलिदिएको छ । समाजको कुनै एउटा व्यक्ति देख्ने विात्तिकै त्यो कुन जातिको हो र त्यसको सामाजिक स्तर कति छ भन्ने कुरा जातप्रथाको आधारमा हामी मनमनै निष्कर्ष निकाल्छौ र उसप्रति कस्तो व्यवहार गर्ने निर्णय लिन्छौं ।

निश्चय नै यो सामाजिक रोगबाट मुक्त हुन र पारस्परिक सद्भाव सहितको समाजको परिकल्पना गर्दै थुपै क्रान्ति, आन्दोलन, त्याग र वलिदानहरु भएका छन् । यो समस्यालाई हल गर्न दलितले मात्रै होइन कैयौं अन्य समुदायका व्यक्तिहरुले इतिहासमा प्रगतिशील कदम पनि उठाएका छन । कैयौ गीत, कविता, साहित्य नाटक, फिलिमहरु रचिएका छन तर अझै पनि नवराज विकहरु जन्मिरहेकै छन् । अझै रुपा सुनाहरु घरबेटी आमासँग कोठा भाडामा वस्नपाउँ भनेर कानुनी र सामाजिक आन्दोलनहरु गरिरहेकै छन नि । यो सब कथाका पछाडि समस्याको मुख्य जरो के हो अर्थात जातमा आधारित वर्णाश्रम व्यवस्थाको विस्थापन र

... बाँकी ७ पेजमा

## जात व्यवस्था ....

उन्नत एवम वैज्ञानिक समाज व्यवस्था कसरी निर्माण गर्ने भन्ने बारेमा ठोष र साभा दृष्टिकोण अर्को नबन्नु पहिलो समस्या हो। नेपालमा निकै लामो समय देखि संसदिय लोकतन्त्रको बारम्बार प्रयोग हुने र बारम्बार असफल पनि हुँदै जाने जुन स्थिति छ यसको मुख्य कारण नै नेपाली समाजका खास विशेषतालाई पर्क्रिन नसक्नु नै हो। यस प्रकारको जो लोकतन्त्र छ यसको जननी वेलायत हो, जहाँ औधोगिक क्रान्ति भएको थियो। जहाँ जातप्रथा थिएन र जहाँ यहाँका दलितहरुले गरिरहेका परम्परागत पेसाहरु जस्तै पेशा गरिरहेका सिल्पकारहरु नै त्यहाँ पछिगएर अैधोगिक पूँजीपति वर्गमा बदलिएका थिए। यसलाई हाम्रो सामाजिक विशेषता नबुभिकनै जसरी संसदिय लोकतन्त्र आयात गरियो यसले त दलालहरु मात्रै पैदा गछर्, राष्ट्रिय पूँजीपति होइन। यो दोस्रो समस्य हो। वैज्ञानिक समाजवाद र सम्यवादको लक्ष्य सहित संघर्ष गरिरहेका यहाँका जो कम्युनिष्ट पार्टी र नेताहरु छन् उनिहरुले समेत हाम्रो समाजको मौलिक विशेषतालाई पक्डदै कम्युनिष्ट आन्दोलनलाई ठिक ढङगले विकास गर्न सकिरहेका छैनन्। यदि ब्रार्णमण व्यवस्थाको अन्त्य कसरी गर्ने भन्ने बारे यहाँको सभ्यताको विकासको इतिहासमा यो वर्गको ऐतिहासिक भौतिकवादी सिद्धान्तको आधारमा मूल्याङकन नगर्ने हो भने समाजवादी राज्यसत्ताको स्थापना पछि पनि यो लडाई फेरी लडनुपर्ने हुनसक्छ, यसबारे सम्यक दृष्टि निर्माण हुन नसक्नु तेस्रो समस्या हो। नेपालमा दलाल पूँजीवादी उत्पादनसम्बन्धका कारण सबैभन्दा बढी कोहि बेदखल भैरहेको छ भने दलितहरु नै छन्। उनिहरुका परम्परागत सिप, कला र ज्ञान तथा अनुभवहरुलाई आयातित वस्तु, प्रविधि र पूँजीले निलिरहेको छ। यो समस्या भनेको दलितहरुलाई दुई चार ओटा कुखुरा, बाख्रापालन गर्न लगाएर हल हुने समस्या होइन, यो अन्ततः र सारतः दलाल पूँजीवादको अन्त्य र राष्ट्रिय पूँजीको निर्माणसँग अभिभाज्य रुपमा जोडिएको समस्या हो। यसको दिगो समाधान समाजवादी क्रान्तिले मात्रै दिन्छ भन्ने कुराको बोध हुन नसक्नु चौथो समस्या हो। जातीय भेदभाव र छुवाछुतको समस्या दलितको मात्रै मुद्धा होइन, यो त हरेक सचेत र प्रगतिशिल नागरिकको मुद्धा हो र अन्ततः राज्यकै मामला हो। अहिले पनि राज्यको नीति निर्माण तहमा वर्णवादी सामाजिक संरचनाकै निरन्तरता देखिन्छ। यसलाई अन्त्य गर्न सबै जातजातिका उत्पीडित र अग्रगामी शक्तिहरुको एकिकृत ताकत निर्माण गर्ने अवधारणा र सोच चहिन्छ। यसलाई त्यहि स्तरमा विकास गर्न नसक्नु पाँचौ समस्या हो। नेपाल अहिले पनि विश्वका विकसित र औधोगिक देशको स्तरमा तीव्रतामा जान सक्ने प्रचुर संभावना हुँदाहुँदै पनि अभै अविकासको सामना गरिरहेको छ। यसका विभिन्न कारणमध्ये जनसङख्यको यति ठुलो हिस्सालाई परम्परा र संस्कारको नाममा अर्थतन्त्रको मुल प्रवाहबाट बन्चित गर्नु पनि एउटा कारण हो। तोकिएका पेशा भन्दा अरु पेशा गर्ने नमिल्ने, गर्न नसकिने जुन सामाजिक संरचना छ यसले पनि आर्थिक विकास र समग्र अर्थ प्रणालीमा नकारात्मक असर पारेको छ। श्रमको सम्मान होइन, श्रम गरि खानेहरु तल्लो स्तरका हुन्छन भन्ने चेतना नै विकासको प्रतिकुल कुरा हो। यो कुरा थुर्पै अमेरिकी युरोपियन विद्धानहरुले पनि उठान गरेका छन। यसलाई ठिक ढङगले बुभन नसक्नु छैटो समस्या हो। वर्णाश्रम जातव्यवस्थाले सबै जातिलाई उत्पीडनमा पारेको भएपनि विशेषतः दलित र महिलाहरु नै मुख्य पीडितहरु हुन। लैंगिक दृष्टिले समेत वेद, पुराण, महाभारत, गिता लगायतका ग्रन्थहरुमा थुर्पै यस्ता भास्यहरु निर्माण गरिएका छन् जसले नेपालमा महिलाहरुको मुक्तिका लागि दलाल पूँजीवाद, सामन्तवाद सँगसँगै वर्णाश्रम व्यवस्था पनि बाधक रहिआएको छ। त्यसैले महिलाहरुको पूर्ण स्वतन्त्राका लागि दलित र महिलाको एकिकृत पहल र प्रयत्न अपरिहार्य छ भन्ने कुरालाई अभै स्थापित गर्न नसक्नु सातौं समस्या हो।

हामीले समस्याको रुपमा माथि जे जसरी चर्चा गर्यौ यीनै प्रश्नहरु दलित आन्दोलनले अब गर्नुपर्ने कार्यभार पनि हुन।

**सन्दर्भ सामाग्रीहरु**

१) सुवेदी २०७५ : पृ २०६३
२) प्रयोगात्मक नेपाली शब्दकोश २०६३
३) मेघराज बराइली- आन्तरिक विभेदको वृतान्त पृ ६२
४) आहुती २०७१
५) आहुती जात वार्ता पृ ३५/३६ मंसिर २०७७
६) थगखर्बा लयजब जबचबचथ : कबउष्भलक(ब् दचष्भा जष्कतयचथ या जगFबल पष्लम उ(ज्ञछद्द
७) प्रा. बालकृष्ण पोखेल-खस जातिको इतिहास पृ ३१४
८) श्याम श्रेष्ठ-सेतोपाटी ११ असार २०७८
९) अमित ढकाल -१५ असार २०७८ सेतोपाटी
१०) प्रकाश धौलाकोटी नयाँ पत्रिका-१५ असार २०६८
११) विश्वास खड्काथोकी -संश्लेषण पृ ३५ अंक १० वर्ष २ पुष २०७७
१२) रमेश सुनार- समावेशिताको वहस पृ १७७ / २०७४
१३) आहुती- समता संक्षित नीति पत्र अकं ६ असार २०७३
१४) मेघराज रसाइली-आन्तरिक विभेदको वृतान्त
१५) मोहन बैंद्य किरण-मार्क्सवाद र संस्कृति पृ १५१/२०६६
१६) मेघराज रसाइली-आन्तरिक विभेदको वृतान्त पृ १२२
१७) उही पृ ५३

## स्वास्थ्यमा गम्भीर ....

लामो समयदेखि मधुमेह, उच्च रक्तचाप, प्रोस्टेट, कोलेस्टेरोल र लिभरको नियमित औषधी सेवन गर्दै आएका नेकपा नेता सुदर्शनको एक साताअगाडि मुटु असहज भएपछि कारागार स्वास्थ्य विभाग नख्खुमै स्वास्थ्य परीक्षण गरिएको जानकारी पारिवारिक स्रोतले दिएको छ। परीक्षणपछि स्वास्थ्यकर्मीले एक साताअगाडि नै गङ्गालाल हृदयकेन्द्र लैजान रिफर गरे पनि कारागार प्रशासनले समयमै अस्पताल नलगेका कारण स्वास्थ्यमा थप समस्या आएको पनि नेता सुदर्शनको परिवारका सदस्यहरूले बताएका छन्।

शुक्रबार मुटुमा थप समस्या आएपछि उनलाई अस्पताल पुर्याइएको थियो। अहिले काठमाडौँको बाँसबारीस्थित गङ्गालाल हृदयकेन्द्रमा उनको उपचार भइरहेको पारिवारिक स्रोतले जनाएको छ।

२०७५ साल चैत ९ गते काभ्रेको खानीखोलाबाट गिरफ्तार गरिएका नेता सुदर्शनलाई १ महिना जाउलाखेल प्रहरी हिरासतमा राखिएको थियो। नेता सुदर्शनलाई सङ्गठित अपराध, बम विस्फोट, हातहतियारलगायत भूट्टा मुद्दा लगाएर जिल्ला अदालत ललितपुरले पुर्पक्षका लागि नख्खु कारागार पठाएको थियो।

२०७६ साल वैशाख १० गतेदेखि नख्खु कारागारमा राखिएका नेता सुदर्शनलाई पुनरावेदन अदालत पाटनले कर्तव्य ज्यान मुद्दामा सफाइ दिएको थियो। हाल हातहतियार तथा खरखजाना मुद्दामा गैरन्यायिक थुनामा राखेर सरकारले नेकपा र सरकारबीच गत फागुन २१ गते भएको सहमतिको धज्जी उडाइरहेको छ। नख्खु कारागारको डीआरसी ब्लकमा राखिएका नेता सुदर्शन नेकपाका नेताका साथै मार्क्सवादी स्रष्टा, कवि, चिन्तक र सहिद पिता हुन्।

## सरकारले सहमति ....

सरकार इमानदार नभएमा पार्टी सङ्घर्षमा उत्रिने बताएका छन्। सङ्घर्षको परिणामको जिम्मेवार पनि सरकार आफैं हुनुपर्ने उनले बताएका छन्।

नेकपा मकवानपुरको १७ औँ पूर्ण बैठकका प्रमुख अतिथि नयनले जनमतसङ्ग्रह हुँदै वैज्ञानिक समाजवादसम्म पुग्नका लागि पार्टीका सबै नेता-कार्यकर्ता पार्टीको कार्यदिशा र रणनीतिप्रति स्पष्ट भई जनतामाभ जिम्मेवारीका साथ जानुपर्ने बताएका थिए।

जिल्ला सेक्रेटरी वाटरको अध्यक्षतामा हेटौँडामा २७ गते सुरु भएको बैठक सोमबार सकिएको नेकपा मकवानपुरले जनाएको छ। बैठकमा पूर्वजिल्ला इन्चार्ज तथा वर्तमान जिल्ला सेक्रेटरी वाटरसहित सम्पूर्ण जिल्ला सदस्यले पार्टीका जिल्ला इन्चार्ज एवम् केन्द्रीय सदस्य नयनलाई स्वागत गर्दै सफल कार्यकालको शुभकामना दिएका थिए।

बैठकले १५ जना नयाँ जिल्ला सदस्य थप गरेको जनाइएको छ। नयाँ जिल्ला सदस्यलाई इन्चार्ज नयन, सेक्रेटरी वाटरसहित सचिवालय सदस्यहरूले स्वागत गरेका थिए। बैठकमा जिल्ला सदस्यहरूले आआफ्नो कार्यक्षेत्रको प्रतिवेदन प्रस्तुत गरेका थिए।

## सरकारी भ्रष्टाचारका ....

वैज्ञानिक समाजवादका बारेमा जनतालाई सन्देश पुऱ्याउनुपर्ने उनले बताए। कार्यकर्तालाई उत्पादनमा जोड दिँदै श्रममा लाग्न पनि प्रज्वलले निर्देश गरे।

प्रशिक्षणमा काठमाडौं जिल्लाकी पूर्वसेक्रेटरी भृकुटीले शत्त रापुरलाई काठमाडौँको अधार क्षेत्रका रूपमा विकास गर्न थुप्रै आधार भएकाले कार्यकर्ता लाग्नुपर्ने बताइन्।

प्रशिक्षण कार्यक्रम शत्त रापुर सेक्रेटरी दोर्जेले सञ्चालन गरेका थिए।

## सहमति कार्यान्वयन ....

दलहरूमा ह्विप नै लागू गर्न नपाइनेजस्ता जुन प्रकारका निर्णयहरू भएका छन्, यो त के हो भने लगभग राजनीतिक पार्टीहरूको औचित्य समाप्त गरिदिएको कुरा हो। कोही मान्छे रमाए पनि, कोही दुःखी भए पनि त्यसको कुनै अर्थ छैन। रमाउनेहरूका लागि पनि त्यो एक छिनको आत्मरति मात्रै हो। यसको परिणाम भनेको फेरि पनि अस्थिरता, अनिश्चयता र अराजकता नै हुन्छ। जनतालाई पनि यो कुरा स्वीकार्य छैन। संसदीय पार्टीहरूको सङ्कट, असफलता, संसद्वादी पार्टीहरूमा विकृतिहरू मच्चिएको छ, यसमा जनता सहमत छैनन्। उनीहरूको असफलताले जनताले क्षति उठाउनुपर्ने, भोग्नुपर्ने, देशले क्षति भोग्नुपर्ने अवस्था उत्पन्न गरिएको छ, यसमा जनता सहमत छैनन्। जनताले शान्ति, स्थिरता, स्वाधीनता चाहेका छन्। त्योचाहिँ यो राज्यप्रणाली र यो व्यवस्थाबाट हुँदैन र आमूल परिवर्तनद्वारा होओस् भन्ने जनताको चाहना छ। त्यसकारण यो निर्णयले कुनै त्यस्तो नयाँ विश्वासको वातावरण वा स्थिरता, स्वाधीनता दिन सक्तैन।'

महासचिव विप्लवले केपी ओली सरकारले पनि दलाल संसद्वादीहरूको चरित्र र स्वभावअनुसार नै सहमति गरेर कार्यान्वयन गराउन इमानदार नबनेको पनि प्रस्ट पारेका छन्। महासचिव विप्लवले अब नेपालमा संसदीय व्यवस्था पूर्णतः असफल भइसकेकाले प्रगतिशील संयुक्त सरकार गठन गरी जनमतसङ्ग्रहको माध्यमबाट दलाल पुँजीवादी व्यवस्था फालेर वैज्ञानिक समाजवाद स्थापना गर्नुपर्ने धारणा व्यक्त गरेका छन्। उनले भने, 'यो सरकार, अस्थिर किसिमको, विघटन हुने, गठन हुने, कहिले संसद्बाट, प्रायजसो बाहिरबाट, अदालतबाट बन्ने जनताको मत एकातिर छ, अरू विभिन्न खालका विकृतिहरू लाद्ने जुनखाले स्थिति बनेको छ, यसको सट्टामा, यो सरकारको सट्टामा प्रगतिशील संयुक्त सरकार, संसदीय चुनावको सट्टामा एकचोटि जनमतसङ्ग्रह, अहिलेको संसदीय व्यवस्थाको सट्टामा वैज्ञानिक समाजवाद हाम्रो विकल्प यही हो।'

## महासचिव विप्लवले ....

अस्पतालमा भर्ना भएका हुन्। फरक राजनीतिक आस्थाका कारण हाल नख्खु कारागारमा बन्दी बनाइएका सुदर्शन एक साताअगाडि गम्भीर बिरामी परेपछि उनलाई शुक्रबार गङ्गालाल हृदयकेन्द्रमा पुऱ्याएर उपचार थालिएको थियो। उनको स्वास्थ्यमा खासै सुधार नभएपछि उनलाई आइतबार सघन कक्ष (सीसीयू) मा लगेर उपचार थालिएको छ। उनको उपचारमा संलग्न चिकित्सकहरूका अनुसार शुक्रबारसम्ममा सुदर्शनको स्वास्थ्य अवस्थाका बारेमा एकिन जानकारी हुनेछ।

विगत १५ वर्षदेखि मुटु, प्रेसर, सुगर, कोलेस्टेरोल र प्रोस्टेटको औषधी सेवन गरिरहेका नेता सुदर्शनको पछिल्लो समय स्वास्थ्य अवस्था निकै कमजोर बन्दै गएको भन्दै उनको परिवारजन, नेता-कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूले रिहाइको माग गरेका छन्।

सुदर्शनको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिन नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण', नेकपाका प्रवक्ता प्रकाण्ड, सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' लगायत नेताहरू अस्पताल पुगेका छन्।

## प्रवक्ता प्रकाण्ड ....

प्रवक्ता प्रकाण्ड र नेता सुदर्शनबीच कुराकानीसमेत भएको छ। सुदर्शनको स्वास्थ्यस्थिति सुधारोन्मुख रहेको जानकारी प्रवक्ता प्रकाण्डले दिएका छन्।

## नेता आदर्शसहित ....

एउटा पाटो हो। उहाँहरूले जितेर आउनुभएको छ, सबैलाई खुला आकाशमा स्वागत गर्दछौं।'

उनले अहिलेको दलाल संसदीय व्यवस्थाबाट जनता आजित भैसकेकाले अब जनताको मतबाट वैज्ञानिक समाजबाद ल्याएरै छोड्ने बताए। उनले आफ्नो पार्टीले अगाडि सारेको जनमतसङ्ग्रहले नेपालको गन्जागोल राजनीतिलाई सही ठाउँमा ल्याउने दाबीसमेत गरे।

उनले भने, 'दलाल संसदीय व्यवस्था फाल्नका लागि सबै एकजुट हुने बेला भएको छ। अहिलेको राजनीतिक अराजकता, भ्रष्ट नेता, जनप्रतिनिधि र दलाल पोस्ने व्यवस्था फाल्न हामीलाई साथ दिनुपर्ने बेला आएको छ। जनताले मात्र होइन, सच्चा देशप्रेमी नेता, दल, व्यापारी, बुद्धिजीवी सबैले साथ दिनुपर्छ। यो अहिलेको आवश्यकता हो।'

यस्तै कार्यक्रममा जेलमुक्त भएका केन्द्रीय सदस्य चूडामणि ओली 'आदर्श' ले नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यालय, सबै पार्टीपङ्क्तिका नेता तथा कार्यकर्ता, बाजुरा जिल्ला समिति, वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ता कपिलचन्द्र पोखरेल र कान्तिराम ढुङ्गाना, बाजुराका पूर्ण रावत, हर्क खडायतलगायत सबै वकिल समर्थक, शुभचिन्तक र आम जनसमुदायलाई धन्यवाद दिएका थिए।

उनले आफ्नो पार्टीले राम्रो काम गरेको देख्न नसकेर दलाल व्यवस्थामा चुर्लुम्म डुबेकाहरूले षड्यन्त्रपूर्वक आफूहरूलाई भूट्टा मुद्दा लगाएर कारागारसमेत पुऱ्याएको बताए। उनले भने, 'हामी जेल, हिरासत जानु भनेको हाम्रो पार्टीप्रति जनता आकर्षित भएर हो। हाम्रो पार्टीले राम्रो काम गरेपछि अत्तालिएकाहरूले यस्तो कदम चालेका हुन्। हामी भ्रष्टाचारी, दलालहरूको भण्डाफोर गर्दै हिँड्यौँ। उनीहरूलाई त्यो मन परेन। प्रतिबन्ध लगाए। जेल र हिरासतमा पुऱ्याए तर हामी गलत प्रवृत्तिका विरुद्ध बोल्न र लड्न छोडेका छैनौँ र छोड्नेवाला पनि छैनौँ।'

उनले आफूहरूको गिरफ्तारीमा बाजुराका तत्कालीन डीएसपी उद्धवसिंह भाटले गरेका कुकृत्य, हिरासतभित्र दिइएको यातना, भूट्टा मुद्दा, कारागारमा आफूहरूले गरेको काम र राजबन्दीलाई कारागारभित्र गरिएको अपमानबारे जनतालाई जानकारी दिएका थिए। उनले दलाल पोस्ने व्यवस्थाले गरेको भ्रष्टाचार, जनप्रतिनिधिको बदमासी र भ्रष्टाचारले सीमा नाघिसकेको बताए। उनले जनताबाट निर्वाचित प्रतिनिधिले जनताका सुखदुःखका कुरा सुन्ने भन्दा पनि भ्रष्टाचारमा लिप्त भएर जनताकै अगाडि नाङ्गो नाच देखाइरहेको धारणा पनि राखे।

नेता आदर्शले आफ्नो पार्टी नेपाल सरकारबीच भएको ३ बुँदे सहमति इमानदारीससाथ पालना गर्न तयार रहेको पनि बताए। तर सरकारले पालना गर्न इमानदार नदेखाएको उनको भनाइ थियो। उनले भने, हामी ३ बुँदे सहमतिमा इमानदार हुँदाहुँदै पनि सरकारले लापरबाही गरिरहेको जस्तो महसुस भएको छ। हामी अभै पनि विश्वस्त छौँ- सरकारले सहमति पालना गर्नेछ।'

आफ्नो पार्टीले अँगालेको जनताको व्यवस्था स्थापना गर्ने उत्तम विकल्प जनमतसङ्ग्रह भएको भन्दै वैज्ञानिक समाजवादमा पुग्ने अभियानलाई सबै जनताले साथ दिन उनले आग्रहसमेत गरे। उनले यो विषयलाई सबै पार्टी र जनताले गम्भीरताका साथ लिनुपर्ने बताए। संसदीय व्यवस्था पूरै असफल भएको अवस्थामा जनमतसङ्ग्रह नै उत्तम विकल्प रहेको नेता आदर्शको भनाइ छ।

कार्यक्रमको सञ्चालन नेपाल कम्युनिस्ट पार्टी बाजुराका जिल्ला सेक्रेटरी भूपेन्द्र विक 'एन्विज' ले गरेका थिए। स्वागत कार्यक्रममा ठूलो सङ्ख्यामा जनताको उपस्थिति रहेको बताइएको छ।

## कोको भए रिहा ?

बाजुरा कारागारमा करिब २० महिनादेखि बन्दी जीवन बिताइरहेका १६ जना नेता-कार्यकर्तामध्ये सर्वोच्च अदालतले मङ्गलबार १४ जनालाई मात्र रिहा गर्न आदेश दिएको थियो। एउटै समयमा एकै ठाउँबाट गिरफ्तार गरिएकामध्ये धर्मसिंह बोहोरा र कृष्ण विकलाई भने रिहा गरिएको छैन।

नेकपाका केन्द्रीय सदस्य आदर्शसहित १४ जना कार्यकर्ता बाजुरा कारागारबाट रिहा भए तर दुईजनाको मुद्दा अछाममा भएको भन्दै रिहालगत्तै प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार हुनेमा अछाम ढकारी गाउँपालिका २ का राजेशकुमार शाही र कैलाली घोडाघोडी नगरपालिका १ का धर्मराज सुनार रहेका छन्। तर धर्मराज सुनारलाई भने अछाम प्रहरीले बुधबार नै रिहा गरेको समाचारमा जनाइएको छ।

यस्तै रिहा हुनेहरूमा रोल्पाको गङ्गादेव गाउँपालिका ३ का चूडामणि ओली 'आदर्श', बाजुरा स्वामी कार्तिक गाउँपालिका १ का किर विक, अस्मिता विक, सुस्मिता विक, अछाम जिल्ला ढकारी गाउँपालिका वडा नं. २ की कमला विक, बभाङ मस्टा गाउँपालिका १ की सृष्टि सिंह, अछाम ढकारी गाउँपालिका २ का नरेश शाही, बाजुरा हिमाली गाउँपालिका १ का अम्मलाल थापा, धर्मबहादुर थापा, अछाम विनायक पञ्चदेवल नगरपालिका ८ का उदय कसेरा, डबलबहादुर नेपाली र बाजुरा त्रिवेणी नगरपालिका २ का डम्बरबहादुर सुनार रहेका छन्।

२०७६ कात्तिक २२ गते साङ्गठनिक कामका लागि हिँडिरहेका बेला बाजुराको गौमूल गाउँपालिका ३ माभपालीबाट आदर्शसहित १६ जनालाई प्रहरीले गिरफ्तार गरेको थियो। पछि उनीहरूलाई पुर्पक्षका लागि जिल्ला अदालत बाजुराले कारागार पठाएको थियो। उनीहरू सबैलाई राज्यविरुद्धको कसुर, विस्फोटक पदार्थ र सङ्गठित अपराध मुद्दा लगाइएको थियो।

## जनगणतान्त्रिक सम्पर्क ....

आआफ्नो जिल्लासँग जोडी जिल्लाबाट आई बसेका जिल्लाबासीहरूका समस्याहरू समाधान गर्दै जाने र सङ्गठनलाई विस्तार गर्ने सिंहले बताए।

## संसदीय चुनाव ....

सम्बोधन गर्दै नेकपा नेता विषमले भने, 'हामी संसदीय मूल धारमा आएको होइन। हामी संसदीय प्रणाली स्वीकार गरेर आएको पनि होइन। हामी खुला राजनीतिमा आएका हौँ। त्यसैले संसद्वादभित्र हुने सबै चुनाव बहिष्कार गर्छौं।'

राष्ट्रियता, जनतन्त्र, जनजीविकाका पक्षमा आवाज उठाएको र भ्रष्टहरूलाई कारबाही गरेको पुरस्कारस्वरूप केपी ओली सरकारले आफ्नो पार्टीमाथि प्रतिबन्ध लगाएको, एकदुई महिनामै समाप्त पार्छौं, सीके राउत बनाउँछौं, इन्काउन्टर गर्छौं भनेर धम्क्याएको भए पनि आफू असफल भएपछि र नेकपा शक्तिशाली बन्दै गएपछि राजनीतिक शक्ति स्वीकार गरेर प्रतिबन्ध हटाउन बाध्य भएको नेकपा नेता विषमले बताए।

'हामी आत्मसमर्पण गर्न तयार छैनौँ। अवैध आन्दोलन दोहोरिने वा नदोहोरिने कुरा सत्ताको रबैयामा भर पर्छ', नेता विषमले भने, 'सरकारले इमानदारीसाथ सहमति कार्यान्वयन गरिरहेको छैन।' पार्टी प्रवक्ता प्रकाण्ड र सचिवालय सदस्य कञ्चनले प्रधानमन्त्रीलाई भेटेर दस दिनभित्र सहमति कार्यान्वयन गर्न सुभाव दिएपछि नेकपाका केन्द्रीय सदस्य आदर्शलगायत केही नेतालाई छोडे पनि एक सयभन्दा बढी नेता-कार्यकर्ता अभै जेलमा रहेको र पार्टी नेता-कार्यकर्तामाथि लगाइएको भूट्टा मुद्दा पनि फिर्ता नलिएको भन्दै उनले आक्रोश व्यक्त गरे।

पत्रकारको प्रश्नको जबाफ दिने क्रममा नेता विषमले भने, 'दमनको प्रतिरोध हुन्छ। सत्ता हतियार लिएर दमन गर्न आयो भने हामी मुड्कीले मात्र प्रतिरोध गर्दैनौँ। जस्तालाई त्यस्तै तरिकाले प्रतिरोध गर्छौं।' क्रान्तिकारीहरूका लागि जेल पनि एक क्रान्ति मोर्चा नै रहेको उल्लेख गर्दै नेता विषमले भने, 'सरकारले सहमति पालना गर्छ भन्ने विश्वासमा छौँ।'

नेकपा नेता विषमले जनतालाई व्यवस्था छान्न पाउने अधिकार दिनुपर्ने धारणा राख्दै दलाल पुँजीवादी व्यवस्था कि वैज्ञानिक समाजवाद रोज्ने भन्ने विषयमा जनमतसङ्ग्रह गर्दा वैज्ञानिक समाजवाद नै विजयी हुने विश्वास व्यक्त गरे। उनले व्यवस्था छान्ने जनमतसङ्ग्रहमा भने आफ्नो पार्टीले भाग लिने र त्यस्तो चुनाव गराउने उद्देश्यले गठन हुने प्रगतिशील संयुक्त सरकारमा आफ्नो पार्टी पनि सहभागी हुने बताए।

नेकपाका नवनिर्वाचित केन्द्रीय सदस्य एवम् रामेछाप जिल्ला इन्चार्ज शरद रसाइलीले भने, 'जनयुद्धको सफलताका कारण समाप्त हुन लागेको राजतन्त्रात्मक संसदीय व्यवस्था पूरै समाप्त हुन दिएको भए त्यतिबेलै मुलुक समाजवादतर्फको यात्रामा अघि बढ्ने थियो। ज्ञानेन्द्र शाहलाई नागार्जुन दरबारमा थन्क्याएर मात्र राजनीतिक समस्या समाधान हुनेवाला थिएन। दलाल पुँजीवाद त्यहीँबाट स्थापित हुँदै गयो।' वैज्ञानिक समाजवाद नै दलाल पुँजीवादको एक मात्र र भरपर्दो विकल्प भएकाले जनतालाई व्यवस्था चुन्न दिने जनमतसङ्ग्रहमा नगएसम्म मुलुकमा जारी राजनीतिक सङ्कटको निकास नहुने उनले बताए।

कार्यक्रममा रामेछाप जिल्लाका करिब एक दर्जन सञ्चारकर्मीका साथै नेकपा रामेछापका सेक्रेटरी इन्द्र श्रेष्ठ, पूर्वसेक्रेटरी अभिलासलगायत जिल्लास्तरीय नेता-कार्यकर्ता सहभागी थिए। कार्यक्रमको अध्यक्षता एवम् सञ्चालन नेकपा केन्द्रीय प्रकाशन विभागका सम्पादक अशोक सुवेदीले गरेका थिए।

यसअघि बुधबार नेकपा रामेछापको चौधौँ बैठक तथा राजनीतिक प्रशिक्षण सम्पन्न भएको थियो। बैठकपछि नेकपा सचिवालय सदस्य विषमले जिल्लास्तरीय नेता-कार्यकर्तालाई समसामयिक राजनीतिक परिस्थिति र पार्टीको कार्यक्रमका विषयमा प्रशिक्षण दिएका थिए। नेकपा जिल्ला सेक्रेटरी इन्द्र श्रेष्ठको अध्यक्षता र सञ्चालनमा सम्पन्न कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य एवम् काभ्रे जिल्ला इन्चार्ज मोहलाल चन्द 'आधार' ले पनि साङ्गठनिक विषयमा प्रशिक्षण दिएका थिए। नेकपा रामेछापका इन्चार्ज शरद रसाइलीले पार्टीको कार्ययोजना प्रस्तुत गरेका थिए भने रातो खबर साप्ताहिकका सम्पादक अशोक सुवेदी, जिल्लाका पूर्वसेक्रेटरी अभिलासलगायतले अनुभूतिपरक मन्तव्य राखेका थिए।

# अखिल (क्रान्तिकारी) कञ्चनपुरद्वारा महँगी र कालोबजारीविरुद्ध प्रदर्शन :

**कञ्चनपुर ।** अखिल क्रान्तिकारीले महँगी र कालोबजारीविरुद्ध कञ्चनपुरको दैजीमा प्रदर्शन गरेको छ । जनतालाई असहज हुने गरी गरिएका सबै निर्णय र विविध विकृति-विसङ्गतिविरुद्ध प्रदर्शन गरिएको अखिल क्रान्तिकारी कञ्चनपुरले जनाएको छ।

अखिल (क्रान्तिकारी) का सेती-महाकाली संयोजक वीरेन्द्र शाहले कार्यक्रमलाई सम्बोधन गर्दै सरकारले देशमा गरिब, किसान, मजदुर र श्रमजीवी वर्गको उपहास हुने गरी महँगी, कालोबजारी तीव्र बनाएकोमा सिङ्गो पार्टी नेतृत्वको गम्भीर ध्यानाकर्षण गराएको बताए । उनले भने, 'आजको दिनमा गरिब-उत्पीडित वर्गको जीविका र जनतन्त्रलाई सरकारले सहज गर्नुको सट्टा झन् सास्ती भोग्नुपर्ने अवस्था ल्याएको छ । यसको उपज सरकार मात्रै नभएर यो दलाल संसदीय व्यवस्था हो । यसको अन्त्य गरी वैज्ञानिक समाजवाद स्थापना गर्नु अपरिहार्य छ।'

करोडौँ खर्च गरी गरिने चुनाव खारेज गरी तत्काल प्रगतिशील संयुक्त सरकार गठन गरेर जनमतसङ्ग्रहमार्फत व्यवस्था चुन्ने अधिकार जनतालाई दिन जोडदार माग गर्दै खाने तेल, पेट्रोलियम पदार्थलगायत अत्यावश्यक वस्तुमा जनताको ढाड सेक्ने गरी गरिएको मूल्यवृद्धि खारेज गर्न र किसानहरूलाई मल, बिउको सहज आपूर्ति नगरे आफूहरू देशव्यापी कडा सङ्घर्षमा उत्रिन बाध्य हुने चेतावनी दिए।

विरोध प्रदर्शनमा अखिल (क्रान्तिकारी) कञ्चनपुरका अध्यक्ष ललित एसकेलगायत जिल्लाका सबै सदस्य सहभागी थिए।

# तीनबुँदे सहमति कार्यान्वयन नगरिए प्रतिरोध : जुझारु

**अर्घाखाँची ।** नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा अर्घाखाँची-कपिलवस्तु जिल्ला इन्चार्ज पदम केसी 'जुझारु' ले वर्तमान सरकारले आफूहरूसँग गरेको सहमति कार्यान्वयन नगरेको बताएका छन् । उनले वार्ता भएको लामो समय बितिसक्दा पनि आफ्ना नेता-कार्यकर्तालाई रिहाइ नगर्नु दुःखद् भएको बताउँदै सहमति कार्यान्वय नगरे आफूहरूले त्यसको प्रतिरोध गर्ने चेतावनी दिए। जनपत्रकार सङ्गठन नेपाल अर्घाखाँचीको दोस्रो बैठकलाई आइतबार सन्धिखर्कमा सम्बोधन गदै नेता केसीले यस्तो बताएका हुन् ।

नेता जुझारुले वर्तमान सरकारले नेपाल कम्युनिस्ट पार्टीसँग गरेको तीनबुँदे सहमति कार्यान्वयन नगरी आफ्नो पार्टीका नेता-कार्यकर्तालाई हिरासतमा अमानवीय ढङ्गले यातना दिएको बताउँदै इमानदारीपूर्वक आफूहरूले सरकारसँग गरेको तीनबुँदे सहमति कार्यान्वयन गर्न माग गरेका छन् । कार्यान्वयन नगरे त्यसको पूर्ण जबाफदेही स्वयम् सरकार हुनुपर्ने जुझारुले बताए।

कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका जिल्ला सेक्रेटरी खेम घर्तीले सरकारले आफूहरूसँग गरेको सहमति कार्यान्वयन नगरे त्यसबाट उत्पन्न हुने परिस्थितिको पूर्ण जबाफदेही सरकार स्वयम् हुनुपर्ने बताए। त्यसैगरी जनपत्रकार सङ्गठन नेपालका केन्द्रीय सदस्य अनिल नेपालीले वर्तमान लुम्बिनी प्रदेश सरकारले पत्रकारको वाक्स्वतन्त्रता, नागरिक स्वतन्त्रतालाई कुण्ठित गर्ने गरी सदनमा पेस गरेको सञ्चार विधेयक सञ्चारमैत्री नभएकाले यसलाई पूर्ण रूपमा सच्याउनुपर्ने धारणा राखे। पत्रकारले खोज पत्रकारिता र मिसन पत्रकारितालाई विशेष ध्यान दिनुपर्ने उनको भनाइ थियो।

कार्यक्रममा अखिल नेपाल शिक्षक सङ्गठनका केन्द्रीय सदस्य लक्ष्मण ओली, अखिल (क्रान्तिकारी) का जिल्ला इन्चार्ज नवीन खड्का, जिल्ला अध्यक्ष बाबुराम एसकेलगायतले शुभकामना मन्तव्य राखेका थिए । बैठक सङ्गठनका जिल्ला अध्यक्ष अयान विकको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# नेकपाद्वारा रूपन्देहीमा जिल्लास्तरीय स्कुलिङ सञ्चालन

**काठमाडौँ ।** नेपाल कम्युनिस्ट पार्टी जिल्ला समिति रूपन्देहीले जिल्लास्तरीय स्कुलिङ कार्यक्रम उद्घाटन गरेको छ । शनिबार बुटवलमा कार्यक्रम उद्घाटन गर्दै नेकपाका केन्द्रीय सदस्य एवम् रूपन्देही जिल्ला इन्चार्ज कृतिले कम्युनिस्ट स्कुलिङ पार्टीको नियमित कार्यक्रम भएको भन्दै पार्टीको विचारधारात्मक तथा वैचारिक विकास र क्षमता बृद्धिका लागि महत्वपूर्ण हुने बताएका छन् ।

नेता कृतिले द्वन्द्वात्मक भौतिकवाद पार्टीको जीवनदर्शन भएको भन्दै यसका लागि विश्वदृष्टिकोणको अध्ययन जरुरी रहेको बताए । उनले कम्युनिस्ट पार्टीका सदस्यले कम्युनिस्ट दर्शन, नीति, संस्कार र संस्कृतिलाई अवलम्बन गर्नुपर्ने भन्दै त्यसले मात्र समाज रूपान्तरण गर्न सकिने बताए । समाज रूपान्तरण विश्वदृष्टिकोणसित अभिन्न रूपमा जोडिएको भन्दै यसका लागि कम्युनिस्ट स्कुल सञ्चालन जरुरी रहेको नेता कृतिले बताए । उनले आजको साम्राज्यवाद र दलाल पुँजीवादका विरुद्ध लड्ने वैचारिक हतियार मालेमावाद भएको भन्दै वैज्ञानिक समाजवादी सत्ता स्थापनाका लागि यसका पक्षधरहरू एक हुनुपर्ने बताए।

कार्यक्रममा केन्द्रीय स्कुलिङ विभागका प्रमुख भेषराज भुसालले असल कम्युनिस्ट कार्यकर्ता र बलियो कम्युनिस्ट पार्टी निर्माणका लागि स्कुलिङ सञ्चालन गरिएको बताए। उनले अहिलेको विकसित परिस्थितिमा नेता, कार्यकर्ता र जनताबीच एकीकृत बुझाइ, एकीकृत योजना, एकीकृत कमान्ड र एकीकृत सङ्घर्षले मात्र पार्टी लक्ष्यमा पुग्न सक्ने बताए । यस्तै रूपन्देही जिल्ला सेक्रेटरी विश्वासले आफूलाई बदल्ने र दुनियाँ बदल्ने उद्देश्यका लागि पार्टीले नियमित स्कुलिङ कार्यक्रम गरिरहेको भन्दै यसले नयाँ परिस्थितिमा पार्टीको जिम्मेवारी पूरा गर्ने विश्वास व्यक्त गरे। उनले स्कुलमा अध्ययन गरेको विषयलाई पार्टी योजनामा कार्यान्वयन गरिनेसमेत बताए।

पाँच दिनसम्म सञ्चालन हुने स्कुलिङ कार्यक्रममा जिल्ला सदस्य, सल्लाहकार, जनवर्गीय सङ्गठन र मोर्चाका प्रमुखहरू, सहिद तथा बेपत्ता परिवारलगायत नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको बताइएको छ। नेकपाले देशैभर पार्टी पुनर्गठनपछि कम्युनिस्ट स्कुल सञ्चालन गर्दै आएको छ।

स्कुलिङ कार्यक्रममा दर्शन, वैज्ञानिक समाजवादी अर्थशास्त्र, वैज्ञानिक समाजवाद, सौन्दर्यशास्त्र, विज्ञान र प्रविधि, इतिहास, एकीकृत जनक्रान्तिको कार्यदिशा, नयाँ कार्यनीतिलगायत विषयमा प्रशिक्षण हुने केन्द्रीय स्कुल विभागका प्रमुख भेषराज भुसालले बताए।

## संसदीय व्यवस्थाको ....

१ गते दलहरूमाथि प्रतिबन्ध लगाएर राजा महेन्द्रले निर्दलीय पञ्चायती व्यवस्था (निरङ्कुश राजतन्त्र) लागू गरे जो ३० वर्षसम्म नेपालमा कायम रह्यो। २०४६ सालको जनआन्दोलनको परिणामस्वरूप नेपालमा बहुदल त पुनर्स्थापित भयो तर राजाको अधिकार पूर्ण रूपमा कटौती हुन नसक्दा र राज्यको आधारभूत संरचनामा परिवर्तन नभएका कारण २०६१ सालमा राजा ज्ञानेन्द्रले 'कू' गरेर नेपालको शासनसत्ता आफ्नो हातमा लिएको इतिहास छ।

विगतका क्रान्ति र आन्दोलनमध्ये २०६२-०६३ सालको जनआन्दोलन विशेष महत्वको छ किनकि यो महान् दसबर्से जनयुद्धको जगमा भएको थियो। यसले २०४ बर्से सामन्ती राजतन्त्र अन्त्य गरी नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना गऱ्यो। तर राष्ट्रिय र प्रगतिशील पुँजीवादी व्यवस्थाको स्थापना र विकास हुन सकेन। जनताको विश्वास गुमाइसकेको, पुरानो, सडेगलेको र असफल सिद्ध भैसकेको मुठीभर सामन्त, नोकरशाह, पुँजीपति, घरानिया अभिजात वर्गको हित गर्ने पुँजीवादी संसदीय राज्यप्रणालीको अन्त्य हुन सकेन। पहिलो संविधानसभाको विघटनसँगै संसद्वादी दलहरूले साम्राज्यवादीहरूको मिलोमतोमा दसबर्से जनयुद्धले अगाडि सारेका एजेन्डाहरू लत्याएर पुरानै संसदीय व्यवस्थालाई नै नयाँ कलेवरमा प्रस्तुत गरे । राजनीतिक रूपमा अर्धसामन्ती अवस्थाको अन्त्य भई देश पुँजीवादमा फेरबदल त भयो तर नेपालमा राष्ट्रिय पुँजीको विकास हुन सकेन। राज्यसत्ता उत्तरसाम्राज्यवादका साथै मुख्यतः भारतीय साम्राज्यवादको दलाल एकाधिकार तथा नोकरशाही र पुँजीपति वर्गको हातमा केन्द्रित हुन पुग्यो जसलाई हामी नवउपनिवेशवाद भन्छौँ । नवउपनिवेशवादको मुख्य चारित्रिक विशेषता के हो भने साम्राज्यवादीहरूले केही क्षेत्रमा पुरानो शैलीको औपनिवेशिक शासन पद्धतिको विकास आफूले चयन गरेका र प्रशिक्षित गरेका दलाल पात्रमार्फत विकास गर्छन् । नवउदारवादी आर्थिक जग र साम्राज्यवादी नवउपनिवेशको नीति-निर्देशनअनुसार साम्राज्यवादीहरूले दलाली, कमिसन, भ्रष्टाचार, कालोबजारी, करछली र सूदखोरहरूको एउटा गिरोह तयार गर्छन् जसलाई हामी दलाल पुँजीवाद भन्छौँ।

दलाल पुँजीवाद परजीवी प्रकृतिको हुन्छ त्यसैले यो परनिर्भरतामा आधारित हुन्छ । दलाल पुँजीवादी राज्यले साम्राज्यवादीहरूले बहुराष्ट्रिय कम्पनीहरूमा कच्चा पदार्थ र श्रमशक्ति पूर्ति गर्छन् र उनीहरूको तयारी माल ल्याएर आफ्नो देशमा बेच्ने वातावरण बनाउँछन् । उत्पादनमूलक क्षेत्रमा होइन, बरु अनुत्पादक तथा सेवा क्षेत्रमा लगानी गरिन्छ । दलाल पुँजीवाद अनुदान, कमिसन र भ्रष्टाचारमा बाँच्छ । दलाल पुँजीवादका यावत् विशेषतासहित नेपालको राज्यव्यवस्था दलाल पुँजीवादी संसदीय राज्यप्रणालीका रूपमा परिणत भएको छ। आर्थिक रूपमा मुख्यतः विदेशी अनुदान र कमिसनमा निर्भर हुने भएकाले र साम्राज्यवादकै छत्रछाया, निर्देशन र आशीर्वादमा अस्तित्वमा रहने भएकाले दलाल पुँजीवादी संसदीय व्यवस्थामा जनप्रतिनिधिहरू, राजनीतिक दल र तिनका नेता जनताप्रति होइन, साम्राज्यवादीहरूप्रति उत्तरदायी हुन्छन्। उपरोक्त कारणले गर्दा नै यो व्यवस्था रहेसम्म यहाँ शान्ति, स्थिरता, परिवर्तन, राष्ट्रिय स्वाधीनता, समृद्धि र विकास सम्भव छैन् । तसर्थ हाम्रो महान् तथा जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टीले यो दलाल पुँजीवादी संसदीय व्यवस्था र वैज्ञानिक समाजवादमध्ये कुन ठीक भनेर आफ्नो अभिमत दिएर छान्ने अर्थात् "जनमतसङ्ग्रह" को अधिकार जनतालाई दिनुपर्छ भन्ने प्रस्ताव अघि सारेको छ।

# विभेद र छुवाछूतविरुद्ध गीतिसङ्ग्रह सार्वजनिक




काठमाडौँ । काठमाडौँमा रूपा सुनारले डेरा नपाएर दलित समुदाय र अधिकारकर्मीहरू आन्दोलित भइरहेको समयमाविभेदविरुद्धकोगीतिसङ्ग्रहसार्वजनिक भएको छ।

एनबी विक पटेलको 'घिनलाग्दो विभेद..' गीतको भिडियो हाइलाइट्स नेपाल यूट्युब च्यानलबाट सार्वजनिक गरिएको हो । उक्त गीतमा शब्द र स्वर एनबी विक पटेल र सङ्गीत आरोह नेपालीको रहेको छ । विभेदयुक्त नेपाली समाजलाई उजागर गरिएको उक्त गीतको एरेन्ज सौगात सायरले गरेका छन् । गीतको छायांकन तथा निर्देशन पंकी सुरज र सम्पादन सागर महतले गरेका हुन् । कलाकार आत्मा पौडेल, सङ्गीता सुनार, दीपेन्द्र पाण्डे, विनिता चन्दका साथै बालकलाकार स्पन्दन विक, प्रिन्स कौसललगायतले गीतको भिडियोमा नृत्य गरेका छन् । कुलचन्द्र विक पटेल, मीना विक, स्मृति सुनार, हीरा परियार, अर्जुननरसिंह खनालगायतले अभिनय गरेका छन्।

गीतमा दलित समुदायले भोग्नुपरेका सामाजिक विभेदका विषयहरू प्रस्तुत गरिएको छ । धारा छुँदा, अन्तरजातीय प्रेमविवाह गर्दा ज्यान गुमाउनु परेका साथै सहरबजारमा दलितले डेरासमेत नपाउने विषय गीतमा उल्लेख छ। नेपाली समाजमा विद्यमान छुवाछूतको संस्कारलाई घिनलाग्दो विभेदको संज्ञा दिँदै विज्ञानको दुनियाँमा हाम्रो नेपाली समाज जात व्यवस्थामै अल्झिरहेकाले यसलाई हटाउनका लागि सबै जाति र वर्ग जुट्नुपर्ने सन्देश गीतले दिएको छ।

# काठको कारोबार तत्काल बन्द गर्न नेकपाको चेतावनी

**अर्घाखाँची ।**

नेपाल कम्युनिस्ट पार्टी अर्घाखाँची सन्धिखर्क नगर समिति बन पैदावारका प्रतिनिधि, ठेकेदार र कर्मचारीले जनताको सेवामा खटिएका आफ्नो पार्टीका नेता-कार्यकर्तालाई अभद्र व्यवहार गरेको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

नेकपाका सन्धिखर्क नगर समिति इन्चार्ज बारुदले प्रेस विज्ञप्ति जारी गरी असार २१ गते लु १ ख ७८२२ र लु १ ख ४३४१ नम्बरका २ वटा ट्रकमा भूमिकास्थानदेखि ओभरलोड गरी पोखरातर्फ काठ लैजाँदै गर्दा नेपाल कम्युनिस्ट पार्टी अर्घाखाँचीका युवाहरूले नियन्त्रणमा लिएको बताएका छन् ।

युवाहरूले राती ८ बजे लैजाँदै गरेको काठ शङ्का लागेर सोधपुछ गर्दा भूमिकास्थान र सन्धिखर्क नगरपालिकाका सबडिभिजन बन कार्यालय प्रमुख हरिबहादुर थापा, बन पैदावारका उपाध्यक्ष, सदस्य कर्मचारीहरूले जनताको सेवामा खटिएका आफ्नो पार्टीका नेता-कार्यकर्तालाई अभद्र व्यवहार गरेको बारुदद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा भनिएको छ, 'उक्त घटनामा संलग्न बनपैदावारका प्रतिनिधि, ठेकेदार र कर्मचारीले हाम्रो पार्टीका कमरेडहरूसँग माफी नमागे पार्टीले जनकारबाही गर्ने चेतावनी दिन चाहन्छ। आजका मितिदेखि उक्त घटनामा संलग्नलाई छानबिन गरी कारवाही नगरेसम्म काठको कारोबार बन्द गर्नसमेत चेतावनी दिन चाहन्छौँ।'

# प्रकाश थापालाई पितृशोक, जनपत्रकार सङ्गठनद्वारा समवेदना

**काठमाडौँ ।**

नेपाल कम्युनिस्ट पार्टी निकट जनपत्रकार सङ्गठन नेपालले राष्ट्रिय सम्मेलन आयोजक समिति सदस्य प्रकाश थापाका बुबा भीमबहादुर थापाको असामयिक निधनप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरेको छ।

जनपत्रकार सङ्गठन नेपालका संयोजक शेरबहादुर विश्वकर्माले सोमबार शोक वक्तव्यमार्फत बडिकेदार गाउँपालिका ५ डोटीका ६५ वर्षीय बुबा भीमबहादुर थापाको असामयिक निधनप्रति हार्दिक श्रद्धाञ्जलीसहित दुःख व्यक्त गरेका छन् । उनले शोकाकुल परिवारजनप्रति धैर्यधारणको कामनासहित हार्दिक समवेदना प्रकट गरेका छन्।

संयोजक विश्वकर्माले शोक वक्तव्यमा भनेका छन्, 'हाम्रो जनपक्षीय एवम् श्रमजीवी पत्रकारहरूको गौरवशाली सङ्गठन जनपत्रकार सङ्गठन नेपालका राष्ट्रिय सम्मेलन आयोजक समितिका सदस्य प्रकाश थापा (बडिकेदार गाउँपालिका ५ डोटी) का ६५ वर्षीय बुबा भीमबहादुर थापाको आज असामयिक निधन भएकाले उहाँप्रति हार्दिक श्रद्धाञ्जलीसहित दुःख व्यक्त गर्दछौँ । साथै उहाँका परिवारजनप्रति धैर्यधारणको कामनासहित हार्दिक समवेदना प्रकट गर्दछौँ।'

**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।

उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ